
# जेन-जी–सरकार सम्झौताबारे

## अन्तरिम सरकारका निर्णय र कार्य



नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७५) काठमाडौं, मंसिर २५ गते, २०८२ साल (अतिरिक्ताङ्क ३६

भाग ५

नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको

सूचना

संवत् २०८२ साल मङ्सिर २४ गते जेन-जी जनआन्दोलनका प्रतिनिधि र नेपाल सरकारबीच भएको देहाय बमोजिमको सम्झौता नेपाल सरकारको निर्णय बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।



# जेन-जी–सरकार सम्झौताबारे

## अन्तरिम सरकारका निर्णय र कार्य

DEMOCRACY
RESOURCE CENTER
डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन)

## जेन-जी–सरकार सम्झौताबारे अन्तरिम सरकारका निर्णय र कार्य

प्रकाशन वर्ष २०८३ (सन् २०२६)

*प्रकाशक*
डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन)
ललितपुर, नेपाल
फोन : ०१-५९०२२८६
इमेल : info@democracyresource.org
www.democracyresource.org

डीआरसीएन आवधिक प्रतिवेदन – ३१
सर्वाधिकार © डीआरसीएन

लेआउट/आवरण सज्जा : किशोर प्रधान

काठमाडौँ, नेपालमा मुद्रित

# विषयसूची


**आभार** ङ

**सारांश** १

**परिचय** ७

**अध्ययन विधि** ९

**जेन-जी आन्दोलनकारी र सरकार बीचको सम्झौता** ११

क. जेन-जी विरोध प्रदर्शनको पृष्ठभूमि ११

ख. जेन-जी-सरकार सम्झौताको हस्ताक्षर १२

ग. जेन-जी-सरकार सम्झौताको सिंहावलोकन १४

**अन्तरिम सरकारका कार्य र जेन-जी-सरकार सम्झौताबीच तादात्म्यता** १९

क. अन्तरिम सरकारका पहिलो १०० दिनका कार्य १९

ख. सम्झौता कार्यान्वयनमा अन्तरिम सरकार २३

**महत्त्वाकाङ्क्षा र यथार्थ : जेन-जी-सरकार बीचको सम्झौताका आयाम** ३७

**जेन-जी-सरकार सम्झौता कार्यान्वयनमा प्रभाव पार्ने तत्त्व** ४१

क. सम्झौता कार्यान्वयनमा अनुकूल प्रभाव पार्ने तत्त्व ४१

ख. सम्झौता कार्यान्वयनका अवरोधहरू ४५

**निष्कर्ष** ४९

**सुझावहरू** ५१

**अनुसूची** ५४

अनुसूची १ : जेन-जी जनआन्दोलनका प्रतिनिधि र नेपाल सरकारबीच भएको सम्झौताको कार्यान्वयनको अवस्था ५४

अनुसूची २ : जेन-जी जनआन्दोलनका प्रतिनिधि र नेपाल सरकारबीच भएको सम्झौता ६२

# आभार

प्रस्तुत विश्लेषणात्मक प्रतिवेदन मङ्सिर २४, २०८२ मा नेपाल सरकार र जेन-जी आन्दोलनका प्रतिनिधिहरूबीच भएको ऐतिहासिक १० बुँदे सम्झौताको कार्यान्वयनमा केन्द्रित छ । यस अध्ययनले भदौ २३ र २४, २०८२ मा भएको जेन-जी आन्दोलनपश्चात् गठित अन्तरिम सरकारले सम्झौताका प्रतिबद्धता पूरा गर्ने सन्दर्भमा चालेका नीतिगत कदम, मन्त्रिपरिषद्का निर्णय र प्रशासनिक कार्यको संरचनागत मूल्याङ्कन गरेको छ । सङ्क्रमणकालीन शासन व्यवस्थाका चुनौती, राजनीतिक प्राथमिकता र सुशासनका क्षेत्रमा भएका प्रगति तथा ढिलासुस्तीलाई तथ्यपरक रूपमा उजागर गर्नु यस प्रतिवेदनको मुख्य उद्देश्य हो । यस अध्ययनका लागि अन्तर्वार्ता गरिएका जेन-जी आन्दोलनका अभियन्ता, नागरिक समाज र राजनीतिक दलका प्रतिनिधि तथा सरकारी कर्मचारीलाई डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन) आभार व्यक्त गर्दछ ।

यसका लागि आवश्यक प्राथमिक तथा माध्यमिक तथ्याङ्क सङ्कलन, डेस्क अध्ययन तथा सरोकारवालाहरूसँगको अन्तर्वार्ता अरुना लिम्बु र सामम्याङ आङ्देम्बे लिम्बुले गरेका हुन् । प्राप्त सामग्रीका आधारमा प्रतिवेदनको प्रारम्भिक मस्यौदा अरुना लिम्बु र कुलदीप निरौलाले तयार पारेका हुन् । उक्त मस्यौदालाई विस्तृत रूपमा परिमार्जन, परिष्कृत तथा सम्पादन गरी अन्तिम रूप आन्विका गिरी र सेरा तामाङले दिएका हुन् ।

त्यसैगरी, प्रतिवेदनको मस्यौदा गहन अध्ययन गरी रचनात्मक सुझाव प्रदान गर्नुहुने अनुषा खनालप्रति डीआरसीएन हार्दिक आभार व्यक्त गर्दछ । साथै, अध्ययन प्रक्रिया तथा प्रतिवेदन तयारीका विभिन्न चरणमा सहयोग पुऱ्याउनुहुने डीआरसीएनका अंकलाल चलाउने, कुन्साङ, कैलाश राई, चिरन मानन्धर, नवीन विभास, निशा तामाङ, प्रकाश लुइँटेल र शेखर पराजुलीलाई पनि विशेष धन्यवाद छ ।

यस अध्ययनका लागि द एशिया फाउन्डेसनले आर्थिक तथा प्राविधिक सहयोग गरेको हो। यस प्रतिवेदनका विश्लेषण र निष्कर्ष डीआरसीएनको अध्ययनमा आधारित छन्। तिनमा सहयोगी संस्थाको धारणा प्रतिबिम्बित छैन।

डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन)
ललितपुर, नेपाल

# सारांश

प्रस्तुत प्रतिवेदनले मङ्सिर २४, २०८२ मा हस्ताक्षरित १० बुँदे 'जेन-जी आन्दोलनका प्रतिनिधि र नेपाल सरकारबीच भएको सम्झौता' कार्यान्वयनमा अन्तरिम सरकारले गरेको कार्यप्रगतिको संरचनागत मूल्याङ्कन गर्दछ । यस अध्ययनले मङ्सिर २४ देखि फागुन २६, २०८२ सम्मको अवधि समेटेको छ । सम्झौतामा उल्लिखित प्रतिबद्धताबारे मन्त्रिपरिषद्का निर्णय तथा सरकारका कदमको विश्लेषण गरिएको छ ।

जेन-जी आन्दोलनका प्रतिनिधि र नेपाल सरकारबीच भएको सम्झौताले १० बुँदे सुधारको प्रारूप तय गरेको थियो । यसले अन्तरिम सरकारको लागि सङ्क्रमणकालीन जवाफदेही संयन्त्र र मध्यकालीन कार्ययोजना दुवैको काम गरेको थियो । यसका प्रावधानहरूले न्याय, संस्थागत सुधार, संविधान संशोधन, समावेशी र सहभागितामूलक प्रतिनिधित्व, जवाफदेही शासन, पारदर्शिता र निर्वाचनसँग सम्बन्धित सुधारजस्ता विविध तथा बहुआयामिक क्षेत्रहरूलाई एउटै सङ्क्रमणकालीन ढाँचामा समेटेर क्रमिक रूपमा अघि बढाउने प्रयासलाई प्रतिबिम्बित गर्छन् । सम्झौताले स्वतन्त्र र निष्पक्ष निर्वाचन सुनिश्चित गर्न 'कुनै पनि उम्मेदवारलाई मत दिन्नँ' (नट अफ द अभव अर्थात् नोटा) विकल्पसहित निर्वाचनसँग सम्बन्धित संरचनागत सुधार अगाडि बढाउने प्रतिबद्धतासमेत गरेको थियो ।

सम्झौताका विभिन्न प्रावधान कार्यान्वयनमा उल्लेख्य भिन्नता पाइन्छ । परिपूरण र न्यायका सन्दर्भमा सरकारले शहीद, घाइते र उनीहरूका परिवारका लागि आर्थिक, स्वास्थ्य उपचार र रोजगारीसम्बन्धी सहायताका साथै प्रतीकात्मक सम्मानलाई जोडेर द्विआयामिक दृष्टिकोण अपनाएको छ । उच्चस्तरीय न्यायिक छानबिन लगायतका विषयमा आयोग गठन भई प्रतिवेदन पेस भए तापनि यस अवधिमा उक्त प्रतिवेदन आधिकारिक रूपमा सार्वजनिक गरिएन । नीतिगत र राजनीतिक भ्रष्टाचार अन्त्यसम्बन्धी व्यवस्थाको कार्यान्वयन पनि सीमित र असमान रह्यो । भ्रष्टाचार नियन्त्रणका लागि सम्झौतामा नयाँ संयन्त्रहरू स्थापना

गर्ने परिकल्पना गरिए पनि सरकारले त्यसो गरेन, त्यसका लागि मौजुदा निकाय र प्रशासनिक संयन्त्रमाथि नै भर पर्‍यो ।

स्वतन्त्र, निष्पक्ष र शान्तिपूर्ण निर्वाचन सफलतापूर्वक सम्पन्न भए पनि मुख्य राजनीतिक र संरचनागत सुधार कार्यान्वयन हुन सकेनन् । यसमा समानुपातिक र समावेशी उम्मेदवार चयन, राजनीतिक दलहरूमा आन्तरिक निर्वाचन, नोटा कार्यान्वयन र अन्तरजिल्ला तथा विदेशमा रहेका नेपाली नागरिकहरूका लागि मतदान अधिकार विस्तारजस्ता विषय समावेश छन् ।

पारदर्शिता र जवाफदेही शासनसँग सम्बन्धित प्रावधान कार्यान्वयनमा केही ठोस प्रगति भएको देखिन्छ । सरकारले डिजिटल शासन प्रणाली विस्तार, सरकारी सूचनामा सार्वजनिक पहुँच सुधार र गुनासो व्यवस्थापन संयन्त्र सुरु गर्‍यो । तर सम्झौतामा उल्लेख गरिएका संयन्त्रहरूमा पूर्ण समानुपातिक समावेशीकरण र सहभागितामूलक प्रतिनिधित्व सुनिश्चित गर्न कुनै पनि उपाय अपनाइएको पाइएन । अभिव्यक्ति स्वतन्त्रता र डिजिटल स्वतन्त्रतासँग सम्बन्धित प्रावधानहरू आंशिक मात्र कार्यान्वयनमा आए । प्रस्तावित 'जेन-जी परिषद्' को कार्यादेशलाई अन्तिम रूप दिइएको छ ।

अन्तरिम सरकारले सीमित समयसीमा, निर्वाचित जनादेशको अभाव र प्रतिबन्धात्मक विधायिकी अधिकारजस्ता मुख्य अवरोधका बाबजुद कार्य सञ्चालन गरेको तथ्य मननयोग्य छ । यी सीमितताले कार्यान्वयनको गति र क्षेत्र दुवैलाई प्रभावित पारे । यति हुँदाहुँदै पनि सरकारले सम्झौताका केही प्रावधान कार्यान्वयनमा उल्लेखनीय प्रगति गरेको छ ।

दल, तिनका नेता तथा उच्चपदस्थ सार्वजनिक पदमा रहेका व्यक्तिका सम्पत्ति विवरण सार्वजनिक गर्ने र व्यापक संरचनागत सुधारजस्ता कानून निर्माण, संस्थागत पुनर्संरचना वा संसदीय अनुमोदन आवश्यक पर्ने प्रतिबद्धता संरचनागत र राजनीतिक अवरोधका कारण कार्यान्वयन हुन सकेनन् । यसविपरीत, उल्लेख्य कानूनी सुधारबिना नै प्रशासनिक रूपमा कार्यान्वयन गर्न सकिने प्रतिबद्धताहरूमा भने मूर्त प्रगति देखियो । यसमा शहीदको सम्मान, परिपूरण र निर्वाचन प्रशासन व्यवस्थापनसँग सम्बन्धित व्यवस्था पर्छन् ।

साथै, छानबिन आयोगको प्रतिवेदन बुझ्ने र त्यसलाई सार्वजनिक गर्नेजस्ता कतिपय प्रतिबद्धताहरूमा विधायिकी अनुमोदन आवश्यक नपर्ने र प्रशासनिक रूपमा सहज हुँदाहुँदै पनि कार्यान्वयन हुन सकेनन् । संस्थागत मेरुदण्ड मानिएका आयोग स्थापना गर्ने भन्ने सम्झौताको प्रतिबद्धतामा पनि सीमित प्रगति मात्र देखियो, जबकि तिनको स्थापनाका लागि नयाँ कानून आवश्यक थिएन ।

त्यसैले समावेशीकरण, समानुपातिक प्रतिनिधित्व, सार्वजनिक संस्थाहरूमा दलीयकरणको अन्त्य र स्थायी जवाफदेही संयन्त्र स्थापनाजस्ता बृहत्तर सुधारमा अझै ठूलो खाडल रह्यो। सम्झौता कार्यान्वयनको यो प्रवृत्तिले सङ्क्रमणकालीन शासन अवधिको मुख्य चुनौती कानूनी वा संस्थागत सीमा मात्र नभई राजनीतिक प्राथमिकता पनि हो भन्ने सङ्केत गर्दछ। कतिपय सन्दर्भमा सघन कार्यान्वयनको सट्टा प्रतीकात्मक वा प्रक्रियागत कार्यले प्रश्रय पाए। यसले गर्दा घाइतेको परिचयपत्र वितरणसमेत ढिलो गरी भयो भने निर्वाचनसम्बन्धी सुधार अपूर्ण नै छोडियो।

यस अध्ययनबाट सम्झौता कार्यान्वयनका तीन अन्तरसम्बन्धित आयाम उजागर भएका छन्। पहिलो, प्रशासनिक अख्तियारी र निर्वाचन प्राथमिकतासँग मेल खाने प्रतिबद्धतामा स्पष्ट प्रगति भयो। दोस्रो, समन्वय, निरन्तरता र मध्यम संस्थागत प्रयास आवश्यक पर्ने क्षेत्रमा आंशिक प्रगति मात्र देखियो। तेस्रो, बलियो राजनीतिक प्राथमिकता, विधायिकी कदम वा नयाँ संस्थागत व्यवस्था जरुरी पर्ने क्षेत्रमा कार्यान्वयन नै भएन।

नवनिर्वाचित सरकारले यस सम्झौताको स्वामित्व ग्रहण गरी यसलाई थप व्यापक र दिगो कार्यान्वयनमा विशेष जोड दिइनुपर्ने यो प्रतिवेदनको निचोड हो।

## सुझाव

### *१. निर्वाचित सरकार*

- जेन-जी आन्दोलनको अपनत्व ग्रहण गर्दै सम्झौताका मुख्य सुधारका प्रतिबद्धतालाई प्राथमिकतासहित सो सम्झौताको मर्मलाई आत्मसात् गर्ने। यस सम्झौताले आगामी सरकारका लागि कुनै औपचारिक कानूनी बाध्यता सिर्जना नगरे तापनि यसले राजनीतिक रूपमा महत्त्वपूर्ण सुधारको मार्गचित्र प्रदान गर्दछ। सरकारले सम्भव भएसम्म संसद्मार्फत सम्झौताका निश्चित व्यवस्थालाई औपचारिक ग्रहण गर्ने वा कानूनमा समावेश गर्ने।
- जेन-जी र सरकारबीच भएको सम्झौता कार्यान्वयनको अनुगमन तथा समीक्षा गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयअन्तर्गत एक अन्तरमन्त्रालय समन्वय महाशाखा स्थापना गर्ने।

- जेन-जी आन्दोलनको क्रममा भएका मानवअधिकार उल्लङ्घन तथा दुरुपयोगका घटनाबारे गठित उच्चस्तरीय न्यायिक छानबिन आयोगले फागुन २४, २०८२ मा अन्तरिम सरकारलाई बुझाएको प्रतिवेदन औपचारिक रूपमै सार्वजनिक गर्ने ।
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग र सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको स्वायत्त, विश्वसनीय र निष्पक्ष चरित्रलाई सुदृढ बनाउने ।
- सम्झौताका मुख्य व्यवस्था जस्तै : नोटा, विदेशमा रहेका नागरिकहरूको मतदान अधिकार र बृहत्तर समानुपातिक प्रतिनिधित्व कार्यान्वयन गर्न आवश्यक पर्ने संवैधानिक तथा कानूनी सुधारका लागि सम्बन्धित सरोकारवालालाई संलग्न गराउने ।

## २. *जेन-जी समूह*

- नवनिर्वाचित सरकारको अपनत्वमा सम्झौताको व्यापक राजनीतिक स्वामित्व सुनिश्चित गर्न राजनीतिक दलहरूसँग निरन्तर संवाद र सहकार्य गर्ने ।
- अन्तरिम र निर्वाचित दुवै सरकारबाट प्रतिबद्धता अक्षरशः पालना भए नभएको सुनिश्चित गर्न सम्झौता कार्यान्वयनको दफावार अनुगमनलाई निरन्तरता दिने ।
- सम्झौताका व्यवस्था कार्यान्वयनमा राजनीतिक दलहरूको समर्थन प्राप्त गर्न उनीहरूसँग सहकार्य गर्ने ।
- सरकारका कामको अनुगमन र सम्झौताको प्रभावकारी कार्यान्वयनका लागि पहल गर्न नागरिक समाजसँग समन्वय गरी एउटा बृहत् जवाफदेही सञ्जाल निर्माण गर्ने ।

## ३. *नागरिक समाज*

- पारदर्शिता र जवाफदेहिता सुधारका सम्बन्धमा साझा धारणा निर्माण गर्न सरकारका प्रतिनिधि, राजनीतिक दल र जेन-जी समूहबीच संवाद सहजीकरण गर्ने ।
- पारदर्शिता र जवाफदेहिताका सम्बन्धमा जनचेतनामूलक अभियान तथा कार्यक्रम तर्जुमा गरी सञ्चालन गर्न जेन-जी समूह लगायतका गैरराज्यपक्षहरूसँग सहकार्यसहित सञ्जाल निर्माण गर्ने ।
- सरकारमाथि जनदबाब सिर्जना गरी शासन सञ्चालन पारदर्शी र जवाफदेही बनाउन बहुपक्षीय सञ्जाललाई उपयोग गर्ने ।

### ४. *राजनीतिक दल*

- निर्वाचन प्रचार अभियानको खर्चबारे निर्वाचन आयोगको नियम र निर्देशनको पूर्ण पालना सुनिश्चित गर्ने ।
- नेपालको संविधान र राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को पालना गर्दै दलको विधान लोकतान्त्रिक, समावेशी र अर्थपूर्ण रूपमा कार्यान्वयन गरिएको सुनिश्चित गर्ने ।
- पारदर्शिता र जवाफदेहिताप्रति अझ प्रतिबद्ध भई जनविश्वास बढाउन सरकार, कर्मचारीतन्त्र, नागरिक समाज र जेन-जी समूहहरूसँग रचनात्मक रूपमा सहभागी हुने ।
- जेन-जी र सरकारबीच भएको सम्झौता कार्यान्वयनमा सहयोग पुऱ्याउन सरोकारवालाहरूसँग समन्वय गर्ने ।
- जेन-जी-सरकार सम्झौतालाई आत्मसात् गर्दै दलका सदस्यलाई यसको कार्यान्वयनमा सहयोग गर्न प्रोत्साहन गर्ने ।

# परिचय

यस विश्लेषणात्मक प्रतिवेदनमा जेन-जी आन्दोलनका प्रतिनिधि र सरकार बीचको १० बुँदे सम्झौता कार्यान्वयनमा अन्तरिम सरकारको कार्यप्रगतिको विस्तृत मूल्याङ्कन गरिएको छ। यस अध्ययनको उद्देश्य अन्तरिम सरकारले आन्दोलनका विभिन्न जेन-जी समूहहरूसँग मङ्सिर २४, २०८२ मा गरेको सम्झौता कार्यान्वयनको प्रगति मूल्याङ्कन गर्नु हो। यसले सम्झौता कार्यान्वयनमा प्रभाव पार्ने सहयोगी तत्त्व र बाधक पहिचान गर्ने र तिनले कार्यान्वयनलाई कसरी प्रभावित पारे भनी परीक्षण गर्ने उद्देश्य पनि हो। यो अध्ययन अन्तरिम सरकार र निर्वाचित सरकारलाई सम्झौता कार्यान्वयनमा सहयोग गर्ने र पारदर्शिता तथा जवाफदेहिता प्रवर्द्धनका लागि तथ्यपरक जानकारी उपलब्ध गराउने उद्देश्यले गरिएको हो।

जेन-जी आन्दोलनले नेपालको समकालीन राजनीतिक इतिहासमा एउटा महत्त्वपूर्ण मोड सिर्जना गरेको छ, जसले शासकीय जवाफदेहिता, संरचनागत सुधार र युवा सहभागितासम्बन्धी प्रश्नहरूलाई राष्ट्रिय बहसको केन्द्रमा ल्याएको छ। यस सन्दर्भमा भएको सम्झौताले केवल तात्कालिक राजनीतिक संकट सम्बोधन गर्ने प्रयास मात्र नभई, दीर्घकालीन सुशासन र जवाफदेहितासम्बन्धी संरचनागत खाका पनि प्रस्तुत गरेको छ। यसैले, यस सम्झौताको कार्यान्वयन स्थितिको विश्लेषणले नेपालको सङ्क्रमणकालीन शासन व्यवस्थाको प्रकृति र चुनौतीलाई समेत प्रतिबिम्बित गर्दछ। यो प्रतिवेदनले अन्तरिम सरकारको कार्यकालभित्र भएको प्रगति र सीमिततालाई वस्तुनिष्ठ ढङ्गले मूल्याङ्कन गर्दै, भावी सरकार र सरोकारवालाहरूका लागि व्यावहारिक पाठ र दिशानिर्देश प्रदान गर्ने हेतुले तयार पारिएको हो।

# अध्ययन विधि

यस अध्ययनले मङ्सिर २४ देखि फागुन २६, २०८२ सम्ममा जेन-जी आन्दोलनका प्रतिनिधि र सरकार बीचको १० बुँदे सम्झौता कार्यान्वयनमा अन्तरिम सरकारबाट भएको प्रगतिलाई दुई चरणमा परीक्षण गरेको छ । भदौ २७, २०८२ मा सरकार गठन भएदेखिका १०० दिनलाई पहिलो चरणमा समेटिएको छ । मङ्सिर २४, २०८२ मा सम्झौतामा हस्ताक्षर भएपछि फागुन २६, २०८२ सम्मको अवधि दोस्रो चरणअन्तर्गत पर्छ ।

यो अध्ययनले अन्तरिम सरकारद्वारा गरिएका मन्त्रिपरिषद् स्तरीय २२५ वटा निर्णयको विश्लेषण गरी जेन-जी आन्दोलनका प्रतिनिधि र सरकार बीचको सम्झौतासँग तिनको तादात्म्यता जाँच गरेको छ । यसले कार्यान्वयन प्रक्रियामा अन्तरिम सरकार, कर्मचारीतन्त्र, जेन-जी समूह, नागरिक समाज र राजनीतिक नेतृत्वको भूमिकासमेत परीक्षण गरेको छ । कार्यान्वयनमा प्रभाव पार्ने संस्थागत, राजनीतिक, सामाजिक र विधायिकी पक्षलाई पनि यस प्रतिवेदनले उजागर गर्दछ ।

यो अनुसन्धानले गुणात्मक अध्ययन विधि अवलम्बन गरेको छ । यो अनुसन्धानमा गुणात्मक विधि अपनाइएको छ, जसअन्तर्गत सञ्चारमाध्यम, प्राज्ञिक जर्नल र सरकारी मन्त्रालयका वेबसाइट जस्ता स्रोतबाट डेस्क अध्ययन र विश्लेषण गरिएको छ । प्राप्त निष्कर्षलाई सम्झौता कार्यान्वयनमा संलग्न कर्मचारी र जेन-जी प्रतिनिधिहरूसँग काठमाडौँमा प्रत्यक्ष अन्तर्वार्तामार्फत प्रमाणीकरण गरिएको थियो । यस क्रममा जेन-जी आन्दोलनका प्रतिनिधि र सरकार बीचको सम्झौता, सरकारका निर्देशनहरू, आधिकारिक वक्तव्य, सरकारी वेबसाइटका सामग्री र सम्बन्धित कानून तथा नीतिजस्ता दस्तावेज अध्ययन गरिएको थियो । राजनीतिक नेतृत्व, जेन-जी प्रतिनिधिलगायत मुख्य सरोकारवाला पक्षको गतिविधि, प्रतिक्रिया तथा सुझाव समेट्न समाचार, प्रेस विज्ञप्ति तथा सामाजिक सञ्जालमा प्रकाशित वक्तव्य पनि अध्ययन गरिएको थियो ।

# जेन-जी आन्दोलनकारी र सरकार बीचको सम्झौता

## क. जेन-जी विरोध प्रदर्शनको पृष्ठभूमि

भ्रष्टाचार र कुशासन अन्त्यको माग गर्दै भदौ २३, २०८२ मा आफूलाई जेन-जीको रूपमा पहिचान गराउने प्रदर्शनकारीले राष्ट्रव्यापी प्रदर्शनको नेतृत्व गरे । २६ वटा सामाजिक सञ्जालमा प्रतिबन्ध लगाउने सरकारको निर्णयले तत्कालीन उत्प्रेरकको भूमिका खेल्यो ।[१] सरकारले सो प्रतिबन्धलाई नियमन गर्ने कदम भनी व्याख्या गर्न खोजे तापनि यसलाई डिजिटल स्वतन्त्रतामाथि व्यापक हस्तक्षेप भनेरै बुझियो जसले युवालाई तुरुन्तै आन्दोलित बनायो । सुरुमा डिजिटल अधिकार र अभिव्यक्ति स्वतन्त्रता वरिपरिकेन्द्रित सो प्रदर्शन छिट्टै कुशासन, भ्रष्टाचार, नातावाद, सम्भ्रान्त वर्गको विशेषाधिकार र युवाको संरचनात्मक बहिष्करण विरुद्धको आन्दोलनमा विस्तार भयो ।[२]

उक्त प्रदर्शनले देशको राजनीतिक अवस्थाका कारण युवामा थुप्रिएको असन्तुष्टिलाई प्रतिबिम्बित गरेको थियो । २० प्रतिशतभन्दा बढी युवा बेरोजगारी दरले राजनीतिक असन्तुष्टिको पुस्तागत आयामलाई प्रबल बनाई महत्त्वपूर्ण सामाजिक-आर्थिक परिवेश निर्माण गरेको थियो ।[३] भदौ २३ को प्रदर्शनमा राज्यको हिंसात्मक दमनका कारण १९ जनाको

---

[१] अनलाइनखबर । २०८२ । फेसबुकसहित २६ सामाजिक सञ्जाल प्लेटफर्महरू बन्द (ब्लक) गर्न दूरसञ्चार प्राधिकरणको निर्देशन । भदौ १९ । www.onlinekhabar.com/2025/09/1756780/nepal-telecommunications-authority-directs-to-block-26-social-media-platforms-including-facebook? मा उपलब्ध; माघ ३०, २०८२ मा हेरिएको ।

[२] ती जेन-जी जन आन्दोलनकारीसँग मङ्सिर २७, २०८२ मा गरिएको अन्तर्वार्ता ।

[३] The Kathmandu Post. 2024. Nepal's unemployment rate rises to 12.6 percent, survey says. June 6. https://kathmandupost.com/money/2024/06/16/nepal-s-unemployment-rate-rises-to-12-6-percent-survey-says मा उपलब्ध; पुस १९, २०८२ मा हेरिएको ।

ज्यान गयो र धेरैजना घाइते भए।[४] यसको प्रतिक्रियास्वरूप भदौ २४ मा देशैभरि सरकारी तथा अन्य संस्थामाथि आक्रमण भयो। यसले तत्कालीन सरकारको शासकीय वैधतामा गम्भीर सङ्कट उत्पन्न भयो।

बढ्दो दबाबका कारण आन्दोलनका प्रारम्भिक २४ घण्टाभित्रै तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले राजीनामा दिनुपर्‍यो।[५] तत्पश्चात्, प्रधानमन्त्री पदमा जेन-जी समूहहरूको सिफारिसका आधारमा सुशीला कार्की नियुक्त भइन्। त्यसलगत्तै उनको सिफारिसमा राष्ट्रपतिले प्रतिनिधिसभा विघटन गरे। पूर्वप्रधानन्यायाधीश कार्कीको नियुक्तिले संवैधानिक विशिष्टता वा अपवादको अभ्यास झल्कायो। यसलाई परम्परागत संवैधानिक प्रक्रियाभन्दा पनि आवश्यकताको सिद्धान्तअन्तर्गत जायज ठहर्‍याइयो।[६] राजनीतिक सत्ताको अस्थायी पुनर्संरचनाको सङ्केत गर्दै परम्परागत दलीय संयन्त्रमार्फत हुने नेतृत्व हस्तान्तरणको परिपाटीभन्दा फरक बाटो तय गर्ने यस सङ्क्रमणको पक्षपोषण गर्न जेन-जीसँग आबद्ध सञ्जालले प्रत्यक्ष भूमिका खेलेका थिए।[७]

## ख. जेन-जी-सरकार सम्झौताको हस्ताक्षर

जेन-जी आन्दोलनकारी र सरकारबीच सम्झौताको मस्यौदा तयारी विभिन्न जेन-जी समूहका युवा र प्रधानमन्त्री कार्यालयबीच सघन छलफलपछि मात्रै सम्भव भएको हो। सुरुवातमा केही विभाजित रहे पनि विभिन्न जेन-जी समूहले आफ्ना मागलाई आन्दोलनका नाराबाट व्यवस्थित सुधारको एजेन्डामा परिणत गरी एकीकृत प्रस्तावमा समेटे।[८] उक्त मस्यौदाले विरोध

---

[४] ह्युमन राइट्स वाच। २०८२। नेपाल : जेन-जी आन्दोलनमा अवैध बलप्रयोग। मङ्सिर ४। www.hrw.org/ne/news/2025/11/19/nepal-unlawful-use-of-force-during-gen-z-protest? मा उपलब्ध; फागुन ७, २०८२ मा हेरिएको।

[५] The Kathmandu Post. 2025. Prime minister Oli resigns amid deadly protests. September 9. https://kathmandupost.com/national/2025/09/09/prime-minister-oli-resigns-amid-deadly-protests मा उपलब्ध; फागुन ३, २०८२ मा हेरिएको।

[६] बराल, जनार्दन। २०८२। संविधानले होइन, आवश्यकताको सिद्धान्तले दिनेछ नागरिक सरकार। *अनलाइनखबर,* भदौ २४। www.onlinekhabar.com/2025/09/1761130/civil-government-will-be-provided-by-the-principle-of-necessity-not-the-constitution मा उपलब्ध, फागुन ३, २०८२ मा हेरिएको।

[७] ती जेन-जी जन आन्दोलनकारीसँग मङ्सिर २५, २०८२ मा गरिएको अन्तर्वार्ता।

[८] एक जेन-जी जन आन्दोलनकारीसँग मङ्सिर २६, २०८२ मा गरिएको अन्तर्वार्ता।

प्रदर्शनलाई जनआन्दोलनको मान्यता दिनुपर्ने, पीडितहरूको परिपूरण, हिंसाका घटनाको स्वतन्त्र छानबिन र संवैधानिक तथा शासकीय सुधारका लागि संयन्त्र निर्माण गर्नुपर्ने माग समेटेको थियो । सरकारसमक्ष  पेस गरिसकेपछि उक्त मस्यौदामाथि प्रधानमन्त्री कार्यालयका कर्मचारीले यसको समीक्षा गरेका थिए । विशेष गरी सङ्क्रमणकालीन न्यायका व्यवस्था र संवैधानिक सुधारको अधिकार क्षेत्रको हद कति हुने भन्ने विषयमाथि बहस भएको थियो ।[९]

प्रधानमन्त्री कार्कीले कर्मचारीहरूलाई सम्झौताबारे तत्काल टुङ्गो लगाउन निर्देशन दिए पनि राजनीतिक आवश्यकता र प्रशासनिक सतर्कताबीच खिचातानीले प्रक्रिया सुस्त हुन पुग्यो । यस अवधिमा भएका सार्वजनिक टिप्पणीमा कर्मचारीतन्त्रको ढिलासुस्तीका कारण सम्झौताका प्रावधानहरूको औपचारिक सम्बोधन नहुँदै आन्दोलनको रापताप घट्न सक्ने चिन्ता व्यक्त गरिएको पाइन्थ्यो ।[१०]

लामो छलफलपछि मङ्सिर २४, २०८२ मा १० बुँदे सम्झौतामा हस्ताक्षर भयो । यस सम्झौताले आन्दोलनलाई जनआन्दोलनको मान्यता दिनुका साथै आन्दोलनसँग सम्बन्धित घटनाको छानबिन गर्ने, परिपूरण व्यवस्था गर्ने र संवैधानिक सुधारको मार्गचित्र तयार गर्ने प्रतिबद्धता जनायो । विभिन्न विभाजित समूह र कमजोर सङ्गठनात्मक संरचनाका बाबजुद जेन-जी अगुवाले राज्यसँग एकीकृत सम्झौता गर्न निरन्तर समन्वय र राजनीतिक दृढता प्रदर्शन गरे ।[११] उनीहरू सडक प्रदर्शनबाट संस्थागत वार्ताको चरणसम्म आइपुग्नु नेपालको पछिल्लो राजनीतिक विकासक्रममा महत्त्वपूर्ण मोड हो । सडकको असन्तुष्टिलाई संस्थागत वार्तामा रूपान्तरण गर्ने जेन-जी-सरकार सम्झौता पारदर्शिता, भ्रष्टाचारविरोधी प्रतिबद्धता र जवाफदेहितामा केन्द्रित विशिष्ट सुधारको दस्तावेज बनेको छ ।

हस्ताक्षर समारोहमा आन्दोलनका क्रममा ज्यान गुमाएका व्यक्तिका परिवारको संलग्नताले राज्यको सुधार प्रक्रियामा परिपूरणीय न्यायलाई समावेश गरिएको जनाउँदछ । यस सहमतिलाई संस्थागत गर्दै नेपाल राजपत्रमा प्रकाशन गरी त्यसलाई राजनीतिक प्रतिबद्धताबाट औपचारिक

---

[९] एक जेन-जी जन आन्दोलनकारीसँग मङ्सिर २६, २०८२ मा गरिएको अन्तर्वार्ता ।

[१०] काफ्ले, कौशल । २०८२ । प्रधानमन्त्रीको निर्देशनपछि पनि किन अल्झियो जेन-जी-सरकार सम्झौता ? । *अनलाइनखबर,* मङ्सिर २७ । www.onlinekhabar.com/2025/12/1819428/why-is-the-genji-government-agreement-stuck-even-after-the-prime-ministers-instructions मा उपलब्ध; पुस १९, २०८२ मा हेरिएको ।

[११] महरा, जयसिंह र दुर्गा दुलाल । २०८२ । सरकार र जेन-जीबीच १० बुँदे सम्झौता । *कान्तिपुर,* मङ्सिर २५ । https://ekantipur.com/news/2025/12/11/10-point-agreement-between-government-and-gen-g-13-31.html मा उपलब्ध; फागुन ७, २०८२ मा हेरिएको ।

शासकीय दस्तावेजमा रूपान्तरण गरियो । यद्यपि, सम्झौताको स्थायित्व वा दिगोपना अझै अनिश्चित छ । कतिपय जेन-जी पक्षले अन्तिम पाठ अपूर्ण र अपर्याप्त भएको भन्दै आलोचना गरेका छन् भने दीर्घकालीन प्रभाव पार्ने राजनीतिक निर्णय गर्ने अधिकार नभएको भन्दै रिट निवेदनहरूमार्फत कानूनी चुनौतीहरू खडा भएका छन् ।[१२] मस्यौदा तयार पार्ने प्रक्रियामा स्थापित राजनीतिक दलहरूको सहभागिता नहुनुले पनि सम्झौताको व्यापक अपनत्व र भविष्यमा राजनीतिक प्रक्रिया पुरानै लयमा फर्किएपछि सम्झौता कार्यान्वयन र निरन्तरतामाथि प्रश्न उठाएको छ ।[१३]

## ग. जेन-जी-सरकार सम्झौताको सिंहावलोकन

शहीद परिवार तथा जेन-जी आन्दोलनतर्फबाट भोजविक्रम थापा र प्रधानमन्त्री सुशीला कार्कीद्वारा मङ्सिर २४ मा १० बुँदे सम्झौतालाई हस्ताक्षर गरी औपचारिकता दिइएको थियो । सो अवसरमा जेन-जी मुभमेन्ट एलायन्स, काउन्सिल अफ जेन-जी, जेन-जी फ्रन्ट, हामी नेपाल, शहीद परिवार तथा घाइते प्रतिनिधिहरूका साथै स्वतन्त्र पर्यवेक्षकको पनि उपस्थिति थियो ।[१४] यस सम्झौताले सङ्क्रमणकालीन जवाफदेहिता संयन्त्र र मध्यकालीन संरचनागत सुधारको मार्गचित्र, दुवैका रूपमा कार्य गर्ने १० बुँदे सुधार प्रारूप तय गरेको छ ।[१५]

यसका प्रावधानहरूले विभिन्न क्षेत्र समेटेका छन्, जसले न्याय, संस्थागत सुधार र निर्वाचनको तयारीलाई एकापसमा सुसंगत रूपमा जोड्ने प्रयासलाई प्रतिबिम्बित गर्दछन् । न्याय र परिपूरणसम्बन्धी प्रावधानले आन्दोलनका क्रममा भएको मानवीय क्षतिबाट उत्पन्न वैधानिकताको सङ्कटलाई सम्बोधन गर्न खोजेको छ । शहीदको पहिचान एवं मान्यता, स्वास्थ्योपचार तथा सामाजिक सुरक्षा व्यवस्था, र उच्चस्तरीय न्यायिक छानबिन आयोग

---

[१२] सेतोपाटी । २०८२ । सरकार-जेन-जीबीच भएको सम्झौताविरुद्ध सर्वोच्चमा रिट । पुस ३ । www.setopati.com/politics/377125 मा उपलब्ध; फागुन ३, २०८२ मा हेरिएको ।

[१३] नेकपा (एमाले) की नेता बिन्दा पाण्डेसँग पुस १५, २०८२ मा गरिएको कुराकानी ।

[१४] ANI. 2025. Gen-Z and interim government of Nepal seal 10-point agreement amid rift within group. December 11. www.aninews.in/news/world/asia/gen-z-and-interim-government-of-nepal-seal-10-point-agreement-amid-rift-within-group20251211011613 मा उपलब्ध; फागुन २४, २०८२ मा हेरिएको ।

[१५] जेन-जी जन आन्दोलनका प्रतिनिधि र नेपाल सरकारबीच भएको सम्झौता २०८२ ।

गठनजस्ता उपाय सत्य, न्याय र परिपूरणमा केन्द्रित सङ्क्रमणकालीन न्यायका सिद्धान्तसँग मेल खान्छन् ।[१६]

भ्रष्टाचारविरोधी र संस्थागत सुधारका प्रतिबद्धताले जनतामा अविश्वास पैदा गर्ने अवैध सम्पत्ति आर्जन र राज्यका निकायमा चरम राजनीतिकरणजस्ता प्रणालीगत समस्या निरुत्साहित गर्ने लक्ष्य राखेका छन् ।[१७] समग्रमा, यी व्यवस्था अनुसन्धान तथा नियन्त्रणमार्फत संस्थागत विश्वसनीयता कायम गर्न र राज्य-समाज बीचको विश्वास पुनर्स्थापनाका लागि अभिप्रेरित छन् । फागुन २१, २०८२ को निर्वाचनको तयारी र नोटाको विकल्प एवं दलभित्रको आन्तरिक निर्वाचन (प्राइमरी) जस्ता प्रस्तावित नयाँ व्यवस्थासहित निर्वाचन सुधारका प्रतिबद्धताले प्रक्रियागत निष्पक्षता र स्वच्छताको प्रयासलाई सङ्केत गर्छन् ।[१८] निर्वाचन प्रक्रियाभित्रै सुधारलाई समेटेर यस सम्झौताले जवाफदेहिताको मागलाई प्रतिनिधिमूलक संवैधानिक व्यवस्थाको पुनर्स्थापनासँग जोडेको छ ।

संवैधानिक पुनरावलोकन र युवा प्रतिनिधित्वसम्बन्धी प्रावधानले संविधान संशोधन सुझाव आयोग र जेन-जी परिषद्जस्ता थप संरचनागत र दीर्घकालीन संयन्त्र स्थापना गर्न खोजेका छन् ।[१९] यी उपाय बेला-बेला हुने सडक आन्दोलनबाट माथि उठेर संस्थागत संलग्नता र निगरानीतर्फ अघि बढ्ने प्रयास हुन् ।[२०] यस सम्झौताले सरकारी निर्णय, खर्च र प्रशासनिक कार्य स्वतः प्रकाशनमार्फत सार्वजनिक गर्नुपर्ने अनिवार्य व्यवस्था गर्दै पारदर्शितालाई सुशासनको केन्द्रमा राखेको छ । साथै, मानवअधिकार उल्लङ्घन, राज्यद्वारा गरिएको हिंसा र भ्रष्टाचारको अनुसन्धान गर्न यसअघि गठित आयोगका प्रतिवेदन सार्वजनिक गर्नुपर्ने प्रावधानले पारदर्शितालाई जवाफदेहिताको मुख्य आधार मानेको देखाउँछ ।[२१]

डिजिटल अधिकार संरक्षणले स्वेच्छाचारी प्रतिबन्ध वा निगरानीविरुद्ध सुरक्षा प्रदान गर्दै अभिव्यक्ति स्वतन्त्रतालाई सुदृढ गर्दछ ।[२२] डिजिटल नियमनले नै यस आन्दोलनलाई उद्वेलित पार्न मद्दत गरेको हुनाले भविष्यको कार्यकारी कदमका लागि समेत स्पष्ट सीमारेखा तय गरेको छ । यसले प्रतीकात्मक महत्त्व र व्यावहारिक सान्दर्भिकता दुवै बोकेको छ ।

---

[१६] जेन-जी जन आन्दोलनका प्रतिनिधि र नेपाल सरकारबीच भएको सम्झौता २०८२, बुँदा १ र २ ।
[१७] जेन-जी जन आन्दोलनका प्रतिनिधि र नेपाल सरकारबीच भएको सम्झौता २०८२, बुँदा ३ ।
[१८] जेन-जी जन आन्दोलनका प्रतिनिधि र नेपाल सरकारबीच भएको सम्झौता २०८२, बुँदा ४ ।
[१९] जेन-जी जन आन्दोलनका प्रतिनिधि र नेपाल सरकारबीच भएको सम्झौता २०८२, बुँदा ५ र ९ ।
[२०] जेन-जी जन आन्दोलनका प्रतिनिधि र नेपाल सरकारबीच भएको सम्झौता २०८२, बुँदा ६ ।
[२१] जेन-जी जन आन्दोलनका प्रतिनिधि र नेपाल सरकारबीच भएको सम्झौता २०८२, बुँदा ७ ।
[२२] जेन-जी जन आन्दोलनका प्रतिनिधि र नेपाल सरकारबीच भएको सम्झौता २०८२, बुँदा ८ ।

समग्रमा हेर्दा यो सम्झौताले तत्काल गरिने परिपूरणका कार्य, दीर्घकालीन संरचनागत सुधार र समयमै निर्वाचन गराएर लोकतान्त्रिक सहजतामा फर्कने विषयबीच सन्तुलन मिलाउन सङ्क्रमणकालीन शासन व्यवस्थामा हुने प्राथमिकीकरणको दुविधालाई प्रतिबिम्बित गर्दछ।[२३] भावी सरकारहरूले यी प्रतिबद्धतालाई कुन हदसम्म व्यवहारमा उतार्छन् भन्ने विषयले नै अन्तरिम सरकारका काम अर्थपूर्ण सुधारमा परिणत भए वा केवल सतर्कतापूर्ण स्थिरताका लागि थिए भनी मूल्याङ्कन गर्ने आधार दिनेछ।

तलको तालिकामा १० बुँदे सम्झौताका मुख्य व्यवस्थालाई सङ्क्षेपमा प्रस्तुत गरिएको छ :

| बुँदा | प्रावधान | विवरण |
|---|---|---|
| १ | परिपूरण, न्याय र सम्मानजनक स्मृतिकरण | शहीद र घाइतेको त्याग तथा बलिदानलाई सम्मान, न्याय तथा अर्थपूर्ण स्मृतीकरण सहितको परिपूरण |
| १.१-१.२ | शहीदको पहिचान, मान्यता तथा सहयोग संयन्त्र | औपचारिक मान्यता र दीर्घकालीन सहयोग |
| १.३ | स्थायी सदाचार तथा सुशासन आयोग | स्थायी जवाफदेही संस्था स्थापना |
| २ | छानबिन तथा अभियोजन (जाँचबुझ आयोग) | स्वतन्त्र छानबिन र स्क्रिनिङ (प्रारम्भिक जाँच) |
| २.२-२.४ | सिफारिस कार्यान्वयन र नदोहोरिने प्रतिबद्धता | जवाफदेही कदमहरू र संस्थागत सुधार |
| ३ | राजनीतिक तथा नीतिगत तहको भ्रष्टाचार अन्त्य | दलीयकरणको अन्त्य, सम्पत्ति छानबिन र भागबण्डाका नियुक्तिहरू |
| ३.१ | भ्रष्टाचारविरुद्ध उच्चस्तरीय आयोग | स्वतन्त्र भ्रष्टाचार अनुसन्धान संयन्त्र |
| ४ | स्वतन्त्र, निष्पक्ष र शान्तिपूर्ण निर्वाचन (समग्रमा) | विश्वसनीय निर्वाचनको प्राथमिकता |
| ४.१ | निर्वाचनसम्बन्धी कानूनी तथा संस्थागत व्यवस्था | निर्वाचनको विश्वसनीयता सुदृढ गर्न कानूनी सुधार |
| ४.२ | मतदाता नामावली दर्ता सुधार | सरलीकृत र समावेशी मतदाता दर्ता प्रणाली |

[२३] Haider, H. 2016. *Transitional Justice: Topic Guide*. Birmingham, UK: GSDRC, University of Birmingham.

| बुँदा | प्रावधान | विवरण |
|---|---|---|
| ४.३-४.४ | राजनीतिक दलको सम्पत्ति र आर्थिक स्रोतको पारदर्शिता | अनिवार्य सार्वजनिक गर्ने, छानबिन र स्रोत नखुलेको आम्दानीबाट आर्जित सम्पत्ति राष्ट्रियकरण गर्ने |
| ४.५ | निर्वाचन प्रणाली सुधार (नोटा, प्राइमरी, कार्यकालको सीमा) | निर्वाचन प्रणालीमा संरचनागत सुधार |
| ५ | नेपालको संविधानमा सुधार | संवैधानिक पुनरावलोकन, संशोधन, सङ्घीय संरचना, निर्वाचन प्रणाली, पूर्ण समानुपातिक तथा समावेशी प्रतिनिधित्व |
| ५.१ | संविधान सुधार आयोग | पुनरावलोकन गर्ने र सुधार सिफारिस गर्ने आयोग |
| ५.२ | सुधारका लागि सुझाव प्रतिवेदन | स्थानीय, प्रादेशिक र सङ्घीय तहमा बृहत् नागरिक बहस |
| ५.३ | संवैधानिक सुधारका उपाय | संवैधानिक निकायको गैरदलीयकरण र राजनीतिक दलभित्रको आन्तरिक लोकतन्त्रका सम्बन्धमा सिफारिस |
| ६ | पूर्ण समानुपातिक समावेशिता र सहभागितामूलक प्रतिनिधित्व | गठन गरिने परिषद् र आयोगमा समावेशी र समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्न जेन-जी परिषद्ले सल्लाहकारको भूमिका खेल्ने |
| ७ | पारदर्शिता | पारदर्शी र जवाफदेही शासन व्यवस्थाप्रति प्रतिबद्धता |
| ७.१-७.३ | जवाफदेही सरकार | वित्तीय पारदर्शिता, सरकारी निर्णयको सार्वजनिक प्रकाशन, विगतका मानवअधिकार उल्लङ्घनका प्रतिवेदन सार्वजनिक गर्ने, सार्वजनिक नियुक्तिमा नातावाद, कृपावाद र भेदभाव अन्त्य गर्ने उपाय |
| ८ | अभिव्यक्ति स्वतन्त्रता र डाटा गोपनीयता (गोपनीयताको हक) को संरक्षण | डिजिटल स्वतन्त्रता र निगरानीविरुद्ध सुरक्षा |
| ९ | जेन-जी परिषद् गठन | संस्थागत युवा संलग्नता/सहभागिता |
| १० | सम्झौता कार्यान्वयन | कार्यान्वयनको समयतालिका र आपसी जवाफदेहिता संयन्त्र |

# अन्तरिम सरकारका कार्य र जेन-जी-सरकार सम्झौताबीच तादात्म्यता

## क. अन्तरिम सरकारका पहिलो १०० दिनका कार्य

अन्तरिम सरकारले सत्ता सम्हालेको पहिलो १०० दिन पूरा गर्नु ठीक एक हप्ताअघि जेन-जी-सरकार सम्झौतामा औपचारिक हस्ताक्षर भएको थियो। यस सम्झौताका विषयवस्तुले मुख्य रूपमा भदौ २३ र २४ को प्रदर्शनअघि र त्यसलगत्तै जेन-जी प्रदर्शनकारीद्वारा अघि सारिएका मागलाई नै प्रतिबिम्बित गरेका थिए।

यसले आधारभूत रूपमा कुनै नयाँ सुधारका प्राथमिकता अघि सारेन बरु विद्यमान मागलाई नै परिमार्जन, परिष्कृत र विस्तार गर्दै थप व्यवस्थित सुशासनको खाकामा रूपान्तरण गरेको थियो। वार्ताका क्रममा सुरुवाती चरणका छरिएका असन्तुष्टि; जस्तै आन्दोलनका क्रममा भएका हिंसात्मक घटनाको जवाफदेहितादेखि भ्रष्टाचार विरोधी सुधार र निर्वाचन पुनर्संरचनासम्मका विषयलाई संस्थागत रूपमा सुदृढ प्रतिबद्धतामा रूपान्तरण गरियो। त्यसैले, सरकारको पहिलो १०० दिनको मूल्याङ्कन यस सम्झौतासँग अभिन्न रूपमा जोडिएको छ। औपचारिक हस्ताक्षर हुनुअघि नै सरकारका धेरै निर्णय र कामले प्रतिबद्धताको पूर्वानुमान र खाका तयार गरिसकेका थिए। त्यसैलाई अन्ततः औपचारिक स्वरूप दिइयो।

पहिलो १०० दिनको अवधिमा अन्तरिम सरकारले आन्दोलनपछिको वातावरण स्थिर बनाउन तत्काल प्रतीकात्मक तथा परिपूरण प्रबन्ध गर्ने र राजनीतिक सङ्क्रमणको निकासका लागि निर्वाचन गर्न प्रारम्भिक तयारी गर्ने  दोहोरो रणनीति अपनाएको थियो। यस अवधिमा मन्त्रिपरिषद्का १४ वटा बैठकबाट २३४ वटा निर्णय भए, जसले सङ्क्रमणकालीन समयमा भएको उच्च कार्यकारी सक्रियता देखाउँछ। सुरुवाती निर्णयहरू पहिचान र परिपूरणमा केन्द्रित थिए। ४५ जना प्रदर्शनकारीलाई शहीद घोषणा गरी पीडित परिवारलाई क्षतिपूर्ति

उपलब्ध गराइयो। घाइतेको निःशुल्क उपचार सुनिश्चित गरियो र राष्ट्रिय शोक दिवस घोषणा गरियो । अत्यधिक बल प्रयोग र मानवअधिकार उल्लङ्घनका आरोपप्रति औपचारिक संस्थागत प्रतिक्रियास्वरूप उच्चस्तरीय न्यायिक छानबिन आयोग गठन गरियो । यसले आन्दोलन दबाउने प्रवृत्तिबाट जवाफदेही शासनतर्फको परिवर्तनलाई सङ्केत गर्दछ । यसै सम्झौतामार्फत जेन-जी समूह र सरकारले आयोगको क्षेत्राधिकार थप विस्तार गर्ने सहमति पनि गरे।[२४]

सरकारले संरचनागत तहमा राजनीतिकरण कम गर्न र संस्थागत स्वायत्तता स्थापना गर्न प्रयास गरे पनि परिणाम भने एकैनासको रहेन। उदाहरणका लागि, अन्तरिम सरकारले अघिल्लो सरकारद्वारा नियुक्त ११ जना राजदूतलाई फिर्ता बोलाउने निर्णय गऱ्यो।[२५] तर, तीमध्ये चार जनाले मात्र राजीनामा दिए[२६] र सर्वोच्च अदालतले कात्तिक १७, २०८२ मा उक्त निर्णय कार्यान्वयनमा रोक लगायो।[२७] त्यसैगरी, शिक्षा मन्त्रालयले त्रिभुवन विश्वविद्यालयको ऐन संशोधन गरी प्रधानमन्त्री कुलपति रहने व्यवस्था हटाउन खोजेको थियो र विश्वविद्यालयको जिम्मेवारी प्राज्ञिक व्यक्तित्वहरू वा बोर्ड अफ ट्रस्टिजद्वारा छानिएका व्यक्तिमा हस्तान्तरण गर्न एउटा विधेयकसमेत अघि बढाएको थियो। तर, प्रतिनिधिसभा विघटन भएका कारण सो विधेयक अघि बढेन।

कात्तिक २४, २०८२ मा मन्त्रिपरिषद्ले राजनीतिक रूपमा प्रेरित भएको भन्दै भूमि समस्या समाधान आयोग गठन आदेश, २०८१ र यसका सबै जिल्ला समिति खारेज गर्ने निर्णय

---

[२४] Giri, Anil. 2025. Government, Gen Z leaders sign pending blueprint for reforms. *The Kathmandu Post*, December 11. https://kathmandupost.com/politics/2025/12/11/government-gen-z-leaders-sign-pending-blueprint-for-reforms मा उपलब्ध; फागुन २४, २०८२ मा हेरिएको।

[२५] The Kathmandu Post. 2025. Government recalls 11 Nepali ambassadors, including envoys to China and the US. October 16. https://kathmandupost.com/national/2025/10/16/government-recalls-11-nepali-ambassadors-including-envoys-to-china-and-the-us मा उपलब्ध; मङ्सिर २९, २०८२ मा हेरिएको।

[२६] Setopati. 2025. Four of 11 ambassadors recalled by Karki-led government resign. November 12. https://en.setopati.com/political/165421 मा उपलब्ध; मङ्सिर २९, २०८२ मा हेरिएको।

[२७] Setopati. 2025. SC Issues interim order against government's decision to recall ambassadors. November 2. Available at https://en.setopati.com/political/165374; accessed on November 15, 2025.

गऱ्यो ।[२८] यो निर्णय गैरकानूनी भएको ठहर गर्दै सर्वोच्च अदालतले बदर गरिदियो ।[२९] यी कार्यले राजनीतिक भ्रष्टाचार र नीतिगत विसङ्गतिलाई अन्त्य गर्ने तथा राजनीतिक नियुक्ति रद्द गर्ने एवं विश्वविद्यालय प्रशासन सुधार सुरु गर्नेजस्ता प्रारम्भिक कार्यकारी कदममार्फत संरचनागत, कानूनी र प्रक्रियागत सुधार गरी संस्थागत स्वायत्तता स्थापना गर्ने सरकारी प्रयासलाई दर्शाउँदछ । यद्यपि, न्यायिक हस्तक्षेप, विचाराधीन कानूनी संशोधन र प्रतिनिधिसभा विघटनले सरकारको प्रयास मूर्त हुन सकेन भने कतिपय अवस्थामा त सुरुवाती निर्णयलाई नै उल्ट्याइदिए ।

मन्त्रिपरिषद्ले संविधान संशोधन सुझाव आयोग र जेन-जी परिषद् गठन गर्ने भने तापनि १०० दिनमा कुनै पनि त्यस्ता निकाय गठन हुन सकेनन् । पारदर्शिताको सन्दर्भमा उल्लेखनीय प्रगति भयो । मन्त्रिपरिषद्का निर्णय नियमित रूपमा अनलाइनमा प्रकाशित गरिए र वित्तीय विवरणको पारदर्शितामा सुधार आयो । सरकारले वैदेशिक सहायता र ऋणमार्फत प्राप्त अन्तर्राष्ट्रिय सहयोगसम्बन्धी जानकारी पनि सार्वजनिक गऱ्यो । उदाहरणका लागि, असोज २३, २०८२ को मन्त्रिपरिषद्ले सार्वजनिक व्यवस्थापनका लागि विश्व बैंकद्वारा सञ्चालित बहु-दातृ कोषबाट प्राप्त हुने १ करोड अमेरिकी डलर अनुदान स्वीकार गर्ने निर्णय गऱ्यो ।[३०] त्यसैगरी, मङ्सिर २९ गते सार्वजनिक वित्त व्यवस्थापन र सेवा प्रवाहलाई सुदृढ पार्न एशियाली विकास बैंकबाट १० करोड अमेरिकी डलरको सहुलियतपूर्ण ऋण स्वीकृत गऱ्यो ।[३१] उच्च

---

[२८] नेपाल सरकार । २०८२ । संवत् २०८२ साल असोज २३ गते बसेको मन्त्रिपरिषद् बैठकको निर्णयहरू । असोज २४ । https://mocit.gov.np/content/13094/development-of-the-council-of-ministers-held/ मा उपलब्ध; कात्तिक २९, २०८२ मा हेरिएको ।

[२९] दुलाल, दुर्गा । २०८२ । भूमि आयोग खारेज गर्ने सरकारको निर्णय बदर । *कान्तिपुर,* मङ्सिर १५ । https://ekantipur.com/news/2025/12/01/governments-decision-to-abolish-the-land-commission-is-null-and-void-38-33.html मा उपलब्ध; मङ्सिर २९, २०८२ मा हेरिएको ।

[३०] नेपाल सरकार । २०८२ । संवत् २०८२ साल असोज २३ गते बसेको मन्त्रिपरिषद् बैठकको निर्णयहरू । असोज २४ । https://mocit.gov.np/content/13094/development-of-the-council-of-ministers-held/ मा उपलब्ध; कात्तिक २९, २०८२ मा हेरिएको ।

[३१] नेपाल सरकार । २०८२ । संवत् २०८२ साल मङ्सिर २५ र २९ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू । पुस १ । https://www.mocit.gov.np/content/13119/cabinet-decsion--aci--policy--20821----/ मा उपलब्ध; मङ्सिर २९ गते हेरिएको ।

मूल्यका कारोबारहरू औपचारिक बैंकिङ च्यानलमार्फत सञ्चालन गरिए ।[३२] २३९ वटा कार्यालय र ३२३ वटा दरबन्दी खारेज गर्नेसहितका विभिन्न मितव्ययी उपाय घोषणा गरिए ।[३३]

अन्तरिम सरकारको प्राथमिक जिम्मेवारी भनेको निर्वाचन गराउनु नै थियो । सरकारले निर्वाचन आयोगसँग सहकार्य गर्दै युवाको सहभागिता बढाउन मतदाता नामावली दर्ता नियमावलीमा संशोधन गरी ९ लाख १५ हजारभन्दा बढी नयाँ मतदाता दर्ता गरायो ।[३४] सरकारले फागुन २१ को निर्वाचनका लागि विश्वास निर्माण गर्न प्रमुख दलका नेताहरूसँग परामर्शसमेत गऱ्यो ।[३५] भदौ २४ को अशान्ति, दङ्गापछि फरार भएका हजारौँ कैदी र बरामद हुन नसकेका हतियारका कारण जनविश्वास र निर्वाचनको निष्पक्षतामा निरन्तर चुनौती खडा भइरह्यो ।

समग्रमा, पहिलो १०० दिनले सरकार स्थिरता र निर्वाचनमा केन्द्रित रहेको देखाउँछ । जवाफदेहिता र प्रक्रियागत पारदर्शितामा केही उल्लेखनीय प्रगति भए तापनि, अन्तरिम प्रशासनको सीमित क्षेत्राधिकारका कारण सम्झौताका सन्दर्भमा थप ठोस संरचनागत सुधारहरू भने अलपत्र नै रहे ।

---

[३२] MyRepública. 2026. Nepal limits cash transactions above Rs. 500,000 to curb money laundering. January 17. https://myrepublica.nagariknetwork.com/news/nepal-limits-cash-transactions-above-rs-500000-to-curb-money-laundering-18-59.html मा उपलब्ध; फागुन २४, २०८२ मा हेरिएको ।

[३३] कात्तिक १७, २०८२ मा बसेको मन्त्रिपरिषद्को बैठकले २ वटा मध्यम स्तरीय कार्यालय, १ आन्तरिक राजस्व कार्यालय र ३६ वटा करदाता सेवा कार्यालयसहित कुल ३९ वटा कार्यालय बन्द गर्ने निर्णय गऱ्यो । अर्थ मन्त्रालयमा भएको यस पुनर्संरचनाअन्तर्गत स्वीकृत सहसचिवको दरबन्दी २९ बाट घटाएर २८ मा झारिएको थियो भने उपसचिवको दरबन्दी २४० बाट घटाई २१७ बनाइयो । यसका साथै, ६८ वटा शाखा अधिकृतको दरबन्दी कटौती गरियो । समग्रमा, बन्द गरिएका कार्यालयसँग सम्बन्धित कर्मचारीका पदसमेत गरी अर्थ मन्त्रालयअन्तर्गत कुल ३२३ दरबन्दी खारेज गरिएका थिए ।

[३४] निर्वाचन आयोग नेपाल । २०८२ । अन्तिम मतदाता नामावली प्रकाशन गरिएको (प्रेस विज्ञप्ति) । पुस १२ । https://election.gov.np/admin/public//storage/HOR%202082/Press_Release_2082_09_12.jpg मा उपलब्ध; फागुन २४ मा हेरिएको ।

[३५] सेतोपाटी । २०८२ । देउवा, ओली र प्रचण्डसँग छलफल गर्दै प्रधानमन्त्री कार्की । पुस १२ । www.setopati.com/politics/377842 मा उपलब्ध; फागुन २८, २०८२ मा हेरिएको ।

## ख. सम्झौता कार्यान्वयनमा अन्तरिम सरकार

मङ्सिर २४ देखि फागुन २६, २०८२ सम्ममा अन्तरिम सरकारका मन्त्रिपरिषद्का १४ बैठक भए। नीतिगत हस्तक्षेप, कानूनी तथा प्रशासनिक सुधार, निर्देशिका, र प्रतीकात्मक राजनीतिक कार्यलगायत २२५ वटा निर्णय गरिए। यस क्रममा जेन-जी आन्दोलनका शहीद परिवार र घाइतेको कल्याणकारी आवश्यकता सम्बोधनलाई निरन्तरता दिइएको थियो। यसबाट शहीद परिवार तथा घाइतेका सुविधालाई संस्थागत गर्ने, उनीहरूको बलिदानको कदर तथा स्मरण गर्ने र निर्वाचनको गति कायम राख्ने सरकारको योजनाबद्ध प्रयास देखिन्छ।

तल उल्लिखित खण्डमा जेन-जी आन्दोलनका प्रतिनिधि र सरकारबीच सम्झौताका प्रत्येक प्रावधानको कार्यान्वयनबारे मूल्याङ्कन प्रस्तुत गरिएको छ :

### *१. शहीद तथा घाइतेको त्याग-बलिदानको सम्मान, न्याय र अर्थपूर्ण परिपूरण*

आफ्नो सुरुवाती १०० दिनपछि पनि अन्तरिम सरकारले जेन-जी आन्दोलनको स्मृति र शहीदको बलिदानलाई संस्थागत गर्ने तथा राज्यबाट हुने सहायतामा घाइतेको दीर्घकालीन पहुँच सुनिश्चित गर्न ध्यान केन्द्रित गर्‍यो। क्षतिपूर्ति, परिचयपत्र, स्वास्थ्य उपचार र शिक्षा उपलब्ध गराउने प्रयास सँगसँगै आन्दोलनको स्मृतिकरण गर्ने पहलले यसको राजनीतिक महत्त्व स्वीकार गर्ने र विरासत स्थापित गर्ने प्रयास भएको देखाउँछ। परिचयपत्र वितरणमा ढिलाइ जस्ता कार्यान्वयनका कमजोरी कायमै रहे तापनि, समग्र नीतिगत कार्यदिशाले भने औपचारिक राज्य प्रणालीभित्र शहीद परिवार र घाइतेका चिन्ता सम्बोधन गर्न अन्तरिम सरकार निरन्तर प्रतिबद्ध भएको देखाएको छ।

सरकारले आर्थिक, रोजगारीमूलक तथा चिकित्सकीय सहायता र प्रतीकात्मक पहिचानलाई समेट्ने बहुआयामिक प्रयास कायम राख्यो। घाइतेलाई उपचार र राहत दिने संयन्त्रलाई सुदृढ पार्न र जेन-जी स्मृति पार्क स्थापनाको सुपरिवेक्षण गर्न अन्तरमन्त्रालय समन्वय समिति गठन गरियो। माघ २१, २०८२ मा सरकारले आन्दोलनलाई राज्यको संस्थागत स्मृतिमा राख्न सिंहदरबारस्थित नयाँ संसद् भवन परिसरभित्र शहीदको शालिक स्थापना गर्ने निर्णय स्वीकृत गर्‍यो।[३६]

---

[३६] नेपाल सरकार। २०८२। संवत् २०८२ साल माघ महिनाका मन्त्रिपरिषद्का निर्णयहरू। चैत ११। https://opmcm.gov.np/content/495/decisions-of-the-council-of-ministers-meeting/ मा उपलब्ध; फागुन २, २०८२ मा हेरिएको।

सम्झौताअनुरूप माघ २३, २०८२ को मन्त्रिपरिषद् बैठकले जेन-जी आन्दोलनका क्रममा ज्यान गुमाएका व्यक्तिका परिवारलाई अर्थ मन्त्रालयमार्फत रु. ११ करोड ९० लाख २८ हजार रुपैयाँ वितरण स्वीकृत गऱ्यो।[३७] सरकारले शहीद परिवारका लागि १० वर्षसम्म प्रतिमहिना रु. २१,८००/- भत्ता र यसका साथै वार्षिक रूपमा थप १३ औँ महिनाको चाडपर्व भत्ता दिने निर्णय गऱ्यो।[३८] उक्त रकम वितरणका लागि शहीद परिवार कल्याणकारी समाजलाई पहिलो चरणमा ७१ लाख रुपैयाँ निकासा पठाइसकिएको थियो। यी आर्थिक सहायता व्यवस्थित गर्न सरकारले शहीद परिवार परिचयपत्र जारी गरी पुस २२, २०८२ मा वितरणका लागि सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा पठाएको थियो।[३९]

सरकारले घाइतेलाई निःशुल्क स्वास्थ्य उपचार र राहत उपलब्ध गराउने भदौ ३०, २०८२ को निर्णय कार्यान्वयनलाई पनि निरन्तरता दियो।[४०] सहज र सरल पहुँच बनाउन सरकारले माघ १४, २०८२ मा आन्दोलनका घाइतेका लागि छुट्टै परिचयपत्र जारी गरी ७३ जिल्ला प्रशासन कार्यालयमार्फत वितरण गऱ्यो।[४१] घाइतेलाई अति गम्भीर, गम्भीर, मध्यम र सामान्य गरी चार तहमा वर्गीकरण गरी सोहीअनुसार भत्ताको लागि बजेट व्यवस्थापन पनि गरिएको छ। माघ १५, २०८२ सम्म ३२ जनाले परिचयपत्र पाइसकेका थिए।[४२]

गृह मन्त्रालयका एक कर्मचारीका अनुसार, आकस्मिक खर्चका लागि रु. २० हजार र तत्काल राहत स्वरूप रु. १५ हजारको आर्थिक सहायता जिल्ला प्रशासन कार्यालयमार्फत उपलब्ध गराइएको थियो।[४३] अल्पकालीन सहायताबाहेक सरकारले दीर्घकालीन पुनरुत्थानका लागि पनि केही व्यवस्था सुरु गरेको थियो। शैक्षिक निरन्तरतालाई सहयोग पुऱ्याउन ६३

---

[३७] नेपाल सरकार। २०८२। संवत् २०८२ साल माघ महिनाका मन्त्रिपरिषद्का निर्णयहरू। चैत ११। https://opmcm.gov.np/content/495/decisions-of-the-council-of-ministers-meeting/ मा उपलब्ध; फागुन २, २०८२ मा हेरिएको।

[३८] Sharma, Bhuwan. 2025. Govt to pay Gen Z martyrs' families 10-year allowance in one go. *MyRepública*, December 30. https://myrepublica.nagariknetwork.com/news/govt-to-pay-gen-z-martyrs-families-10-year-allowance-in-one-go-53-75.html मा उपलब्ध; फागुन १३, १०८२ मा हेरिएको।

[३९] प्रधानमन्त्री कार्यालयका सहसचिवसँग माघ १५, २०८२ मा गरिएको कुराकानी।

[४०] गृह मन्त्रालयका एक अधिकारीले दिएको जानकारी अनुसार, भदौ ३०, २०८२ देखि माघ १५, २०८२ सम्मको अवधिमा देशभरका २१ वटा अस्पतालमा २,५९९ जना घाइतेले उपचार प्राप्त गरेका थिए।

[४१] प्रधानमन्त्री कार्यालयका सहसचिवसँग माघ १५, २०८२ मा गरिएको कुराकानी।

[४२] प्रधानमन्त्री कार्यालयका सहसचिवसँग माघ १५, २०८२ मा गरिएको कुराकानी।

[४३] ती कर्मचारीसँग माघ १५, २०८२ मा गरिएको कुराकानी।

जना घाइतेलाई विश्वविद्यालय अनुदान आयोगमार्फत छात्रवृत्तिको लागि सिफारिस गरियो।[४४] सरकारले दीर्घकालीन हेरचाहका लागि सम्पर्क व्यक्तिसहित विशिष्ट जेन-जी क्लिनिक स्थापना गर्न १६ वटा अस्पताल तोकेको थियो। घाइते र शहीदका परिवारका लागि भर्चुअल माध्यमबाट मनोसामाजिक परामर्श सेवासमेत उपलब्ध गराइएको थियो।[४५]

## *२. भदौ २३ र २४ गतेको घटनाको अनुसन्धान, अभियोजन र पुनरावृत्ति रोक्न संस्थागत सुधार*

अन्तरिम सरकारले उच्चस्तरीय न्यायिक छानबिन आयोग गठन गरी सम्झौताको बुँदा नं. २ पालना गर्‍यो। आयोगले सम्बन्धित सरकारी कर्मचारी र सुरक्षा निकायका अधिकारीका साथै वरिष्ठ राजनीतिक नेतृत्वबाट बयान सङ्कलन गर्‍यो, जसले घटनाको विस्तृत विवरण तयार गर्न सहयोग पुर्‍यायो। आयोगको म्याद पटक-पटक थपियो,[४६] र यसले फागुन २४, २०८२ मा प्रतिवेदन पेस गर्‍यो।[४७]

बुँदा नं. २.३ र २.४ का लागि स्पष्ट निर्णय वा कार्यान्वयन व्यवस्थाबारे कुनै पनि विवरण प्राप्त भएको छैन। सहमति गरिएका रक्षात्मक प्रबन्ध र कानून कार्यान्वयनको साधारण अभ्यास बीचको खाडलका साथै यी बुँदाअन्तर्गत कुनै कारबाही नहुनुले औपचारिक प्रतिबद्धता र वास्तविक कार्यान्वयन बीचको गतिरोध औँल्याएको छ। यी क्षेत्रमा कुनै ठोस परिणामबिना नै जवाफदेहिताको प्रक्रिया अपूर्ण रह्यो।

बुँदा नं. २.१ (ग) र २.१ (घ) अन्तर्गत, जेन-जी आन्दोलनमा सहभागी भएको आरोपमा अनुसन्धानमा रहेका व्यक्तिहरूको स्क्रिनिङ तथा छानबिन गरी ज्यान मार्ने कसुर वा सुनियोजित/सङ्गठित रूपमा कुनै आपराधिक गिरोहद्वारा भएका/हुनसक्ने गम्भीर अपराधमा संलग्न रहेको

[४४] प्रधानमन्त्री कार्यालयका सहसचिवसँग माघ १५, २०८२ मा गरिएको कुराकानी।

[४५] प्रधानमन्त्री कार्यालयका सहसचिवसँग माघ १५, २०८२ मा गरिएको कुराकानी।

[४६] MyRepública. 2026. Govt extends deadline for Gen Z movement probe commission by 25 days. February 10. https://myrepublica.nagariknetwork.com/news/govt-extends-deadline-for-gen-z-movement-probe-commission-by-25-days-22-13.html मा उपलब्ध; फागुन १५, २०८२ मा हेरिएको। सरकारले माघ ६ र माघ २७, २०८२ मा गरेका निर्णयमार्फत आयोगको कार्यकाल फागुन २२,२०८२ सम्म विस्तार गरेको थियो।

[४७] The Kathmandu Post. 2026. Karki-led commission submits report on Gen Z uprising. March 8. https://kathmandupost.com/national/2026/03/08/karki-led-commission-submits-report मा उपलब्ध; फागुन २५, २०८२ मा हेरिएको।

नदेखिएमा हिरासतबाट रिहा गरिनुपर्ने थियो । सम्बन्धित मुद्दाहरू फिर्ता लिन सिफारिस गर्नुपर्ने थियो । यसका बाबजुद फागुन १२, २०८२ सम्म काठमाडौँ जिल्ला अदालतमा भदौ २३ र २४ को प्रदर्शनमा संलग्न व्यक्तिहरूविरुद्ध कुल २५२ वटा मुद्दा दायर गरिएका थिए । माघ १५, २०८२ सम्म थप १२३ वटा मुद्दा अनुसन्धानको क्रममा थिए र फागुन २४ गतेसम्ममा अदालतमा पुऱ्याइने अनुमान गरिएको थियो ।

गृह मन्त्रालयका एक उपसचिवले सम्झौता हुनुअघि नै त्यस्ता धेरै मुद्दा दायर भइसकेकाले तिनलाई फिर्ता लिन कानूनी जटिलता भएको उल्लेख गरे ।[४८] अभियोजनसम्बन्धी निर्णयमा पनि एकरूपता नरहेको अनुसन्धानले देखाएका छन् । उदाहरणका लागि, प्रदर्शनमा आफ्नो उपस्थितिको प्रमाण राख्ने (फोटो भिडियो खिच्ने) व्यक्तिविरुद्ध मुद्दा दायर गरिएको छ भने सरकारी भवनहरूमा आगो सल्काएको आरोप लागेका व्यक्तिविरुद्धको मुद्दा भने फिर्ता गरिएको छ । यस्ता विसङ्गतिहरूले दण्डहीनतालाई थप बढावा दिने जोखिम रहन्छ, जुन अन्त्य गर्ने प्रतिबद्धता अन्तरिम सरकारले जनाएको थियो ।[४९]

### *३. भ्रष्टाचार, दलीयकरण र भागबन्डामूलक नियुक्ति प्रथाको अन्त्य*

राजनीतिक तथा नीतिगत तहको भ्रष्टाचार, सार्वजनिक संस्थाहरूको चरम दलीयकरण र राजनीतिक संरक्षणको अन्त्य गर्नेसम्बन्धी सम्झौताको बुँदा नं. ३ को कार्यान्वयन सीमित र असमान रह्यो । बुँदा नं. ३.१ (घ) अन्तर्गत केही सामान्य प्रशासनिक कदम चालिए तापनि राजनीतिक भ्रष्टाचार, सम्पत्ति छानबिन र संस्थागत राजनीतिकरणसँग सम्बन्धित मुख्य प्रतिबद्धताहरू सामान्य प्रक्रियागत कार्यभन्दा अगाडि बढ्न सकेनन् । बुँदा नं. ३.१ (ग) ले सार्वजनिक पदमा नियुक्त, निर्वाचित वा मनोनित व्यक्तिको जीवनशैली, आयस्रोत र अकुत सम्पत्ति आर्जनका सम्बन्धमा छानबिन गर्न र दोषी प्रमाणित भएमा सम्पत्ति राष्ट्रियकरण गर्न माग गर्दछ । यद्यपि, यस सम्बन्धमा कुनै ठोस निर्णय वा कार्य भएनन् ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका एक जना कर्मचारीले नयाँ उच्चस्तरीय आयोग गठन गर्नुको सट्टा सरकारले भ्रष्टाचार नियन्त्रणका लागि विद्यमान संवैधानिक निकायहरूको

[४८] गृह मन्त्रालयका उपसचिवसँग माघ १५, २०८२ मा गरिएको कुराकानी ।

[४९] बस्नेत, मनबहादुर । २०८२ । सिंहदरबार र सर्वोच्चमा आगजनी गर्नेलाई 'मुद्दा नचलाइने', सरकारी वकिलको निर्देशनमा धमाधम छाडिँदै । *उकालो,* फागुन ११ । www.ukaalo.com/news/32536/?utm मा उपलब्ध; फागुन १५, २०८२ मा हेरिएको ।

स्वतन्त्रतालाई प्रवर्द्धन र सुनिश्चित गर्न जोड दिएको उल्लेख गरे ।[५०] ती कर्मचारीका अनुसार, अख्तियार दुरुपयोग अनुसन्धान आयोग र सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागजस्ता संयन्त्रहरूले जेन-जी आन्दोलनपछि थप स्वतन्त्र रूपमा काम गर्न थालेका थिए । बुँदा नं. ३.१ (घ) का प्रावधानहरूले प्रशासकीय प्रणालीको पुनर्संरचना, सार्वजनिक सेवा प्रवाहको सरलीकरण, सहज पहुँच, गुनासो सुनुवाइको व्यवस्था र विद्युतीय शासन प्रवर्द्धन लगायतका विषय समावेश गरी शासकीय सुधारमार्फत अनियमितता तथा भ्रष्टाचार निवारणमा जोड दिन्छन् । यसको जवाफ स्वरूप सरकारले प्रत्येक मन्त्रालयमा गुनासो सुनुवाइ संयन्त्र सुरु गऱ्यो र पारदर्शिता बढाउन डिजिटल सुशासनमा बढी ध्यान दियो ।[५१] मङ्सिर १७, २०८२ मा सरकारले वित्तीय पारदर्शिता सुधार गर्न रु. ५ लाखभन्दा माथिको नगद कारोबार अनिवार्य रूपमा बैंक तथा वित्तीय संस्थामार्फत गर्नुपर्ने निर्णय पनि गऱ्यो ।

## *४. स्वतन्त्र, निष्पक्ष, शान्तिपूर्ण र भयरहित निर्वाचनको सुनिश्चितता*

स्वतन्त्र, निष्पक्ष, शान्तिपूर्ण र भयरहित निर्वाचन सुनिश्चित गर्ने बुँदा नं. ४ लाई कार्यान्वयन गर्न निर्वाचन आयोगले राज्यका सम्बन्धित निकायसँगको समन्वयमा विभिन्न प्रशासनिक, नियामक र सुरक्षासम्बन्धी उपाय अवलम्बन गऱ्यो । मतदाता दर्ता, मतपत्र छपाइ, सुरक्षा परिचालन र निर्वाचन आचारसंहिता पालना लगायतका प्रक्रियागत तथा प्रशासनिक तयारीमा उल्लेखनीय प्रगति भएको थियो । यद्यपि, समानुपातिक र समावेशी उम्मेदवार चयन, दलभित्र प्राइमरी, नोटाको व्यवस्था र अन्तरजिल्ला तथा विदेशमा रहेका नागरिकका लागि मतदान अधिकार विस्तारलगायत प्रमुख राजनीतिक र संरचनागत सुधार कार्यान्वयनमा आएनन् ।

बुँदा नं. ४.१ ले विश्वसनीय र पहुँचयोग्य निर्वाचन सुनिश्चित गर्न आकस्मिक कानूनी, प्राविधिक र संस्थागत तयारीमा जोड दिन्छ । निर्वाचन आयोगले निर्वाचन नियमनका लागि माघ ६, २०८२ देखि लागू हुने गरी *निर्वाचन आचारसंहिता, २०८२* कार्यान्वयनमा ल्यायो ।[५२]

---

[५०] ती कर्मचारी जेन-जी आन्दोलन र सरकारबीच भएको सम्झौता कार्यान्वयन गर्ने जिम्मेवारी पाएको समन्वय समितिमा थिए । उनीसँग माघ १५, २०८२ मा गरिएको कुराकानी ।

[५१] नेपाल सरकार । २०८२ । संवत् २०८२ साल भदौ महिनाका मन्त्रिपरिषद्का निर्णयहरू । पुस २३ । https://opmcm.gov.np/content/472/decisions-of-the-council-of-ministers-in-bhadra/ मा उपलब्ध; फागुन २, २०८२ मा हेरिएको ।

[५२] निर्वाचन आयोग नेपाल । २०८२ । *निर्वाचन आचार संहिता, २०८२* । काठमाडौँ : निर्वाचन आयोग नेपाल । https://election.gov.np/admin/public/storage/HOR%202082/आचारसंहिता%20मस्यौदा%20Scan%20copy.pdf मा उपलब्ध; फागुन ८, २०८२ मा हेरिएको ।

आचारसंहिताले निर्वाचनको पारदर्शिता र जवाफदेहिता बढाउन चुनावी खर्चका लागि बैंकिङ माध्यमको अनिवार्य प्रयोग गर्नुपर्नेजस्ता व्यवस्था ल्याएको थियो।[५३] बढ्दो डिजिटल जोखिम न्यूनीकरणका निम्ति गृह मन्त्रालय र निर्वाचन आयोगले निर्वाचनसँग सम्बन्धित दुष्प्रचार, अवैध प्रचार र अनलाइन सुरक्षा खतरालाई सम्बोधन गर्न टिकटक जस्ता सामाजिक सञ्जाल प्लेटफर्महरूसँग छलफल गरे।[५४] डिजिटल अपराध र सामाजिक सञ्जाल दुरुपयोग निगरानी गर्न विशेष प्रहरी एकाई परिचालन गरिनुले चुनावी निष्पक्षताको डिजिटल आयाममलाई महत्त्वका साथ मनन गरिएको देखाउँछ।

निर्वाचन समन्वय समितिले चुनावी कार्यसञ्चालन सहजीकरणका लागि प्रादेशिक र स्थानीय सरकारलाई पनि संलग्न गरायो। एकीकृत निर्वाचन सुरक्षा योजना, २०८२ अन्तर्गत सरकारले निर्वाचनभन्दा एक महिनाअघि नेपाली सेनाका ७९,७२७ जनशक्ति परिचालनको तयारी गरेको थियो। सशस्त्र प्रहरी बलद्वारा ३४,५७६ र नेपाल प्रहरीका ७५,७९७ जनशक्ति पनि यस निर्वाचनका लागि परिचालित थिए।[५५] त्यसबाहेक नेपाल प्रहरीले १,३३,९८० र सशस्त्र प्रहरी बलले १५,११० जना अस्थायी निर्वाचन प्रहरी भर्ना गरी निर्वाचनमा परिचालन गरे।

बुँदा नं. ४.२ ले व्यवस्थित र छरितो मतदाता दर्तालाई प्राथमिकता दिन्छ। कात्तिक २७, २०८२ निर्वाचन आयोगले विद्यमान राष्ट्रिय परिचयपत्र नम्बरको प्रयोग गरी मतदाता दर्ता सुरु गर्‍यो, जसले गर्दा नयाँ दर्ता एकदमै छिटो भयो। यद्यपि, कानूनको अभाव, संवैधानिक अड्चन, राजनीतिक असहयोग र संस्थागत सीमाले गर्दा समावेशी चुनावी सहभागिता विस्तार गर्ने प्रयासमा केही बाधा पुग्यो। विशेष गरी, विदेशमा बस्ने नेपाली नागरिकका लागि मतदान

---

[५३] निर्वाचन आयोग नेपाल। २०८२। *निर्वाचन आचार संहिता, २०८२*। काठमाडौं: निर्वाचन आयोग नेपाल । https://election.gov.np/admin/public/storage/HOR%202082/आचारसंहिता%20मस्यौदा%20Scan%20copy.pdf मा उपलब्ध; फागुन ८, २०८२ मा हेरिएको।

[५४] कान्तिपुर। २०८२। अब टिकटक खोल्नेबित्तिकै निर्वाचनसम्बन्धी सन्देशमूलक भिडियोहरू देखिने। माघ २१। https://ekantipur.com/news/2026/02/04/now-election-related-message-videos-will-appear-as-soon-as-you-open-tiktok-09-15.html मा उपलब्ध; फागुन ८, २०८२ मा हेरिएको।

[५५] The Kathmandu Post. 2025. President authorises army mobilisation for upcoming elections. November 28. https://kathmandupost.com/national/2025/11/28/president-authorises-army-mobilisation-for-upcoming-elections?utm मा उपलब्ध; फागुन १५, २०८२ मा हेरिएको। यस निर्णयलाई राष्ट्रपतिबाट कात्तिक ३०, २०८२ मा स्वीकृत तथा प्रमाणीकरण गरिएको थियो।

अधिकार दिन विधायिका चाहिन्थ्यो, जुन संसद् विघटन भएकाले सम्भव भएन । अध्यादेश ल्याउन खोजे पनि स्पष्ट कानूनी आधारको अभाव र राष्ट्रपति कार्यालयले यससम्बन्धी कदम अगाडि नबढाउने सङ्केत गरेपछि सरकारले यो विकल्प त्याग्यो ।[५६] परिणामतः आफ्नो निर्वाचन क्षेत्रबाहिर बसोबास गर्ने मतदाताले पनि मतदान गर्न पाएनन् ।

मतपत्रमा नोटाको विकल्प पनि समावेश गर्न सकिएन । यसका लागि पनि ऐन संशोधन र राजनीतिक सहमति आवश्यक थियो । मुख्यतः संसद् विघटन भएकोले सो व्यवस्था हुन सकेन ।[५७] सम्झौताको मस्यौदा तयारीमा संलग्न एक जेन-जी नेताले नोटा समावेश नभएकोमा निराशा व्यक्त गरे ।[५८] जेन-जी नेताहरूले यसलाई गुमेको अवसरका रूपमा हेरेका भए तापनि अन्तर्राष्ट्रिय अनुभव जस्तै : भारतमा नोटा प्रायः प्रतीकात्मक मात्र रहने र निर्वाचनको परिणाममा यसले खासै प्रभाव नपार्ने देखाउँछ । नेपालमा नोटालाई लोकतान्त्रिक साधन बनाउने हो भने प्रतीकात्मक मात्र नभई प्रभावकारी कार्यान्वयन हुने गरी भविष्यमा कानूनले यसको परिणामलाई परिभाषित गर्नुपर्नेछ ।

यी कानूनी चुनौतीका बाबजुद विद्यमान कानूनी ढाँचाभित्र नै निर्वाचन आयोगले केही प्रावधान कार्यान्वयन गरेको थियो । माघ २०, २०८२ मा आयोगले *प्रतिनिधिसभा सदस्य निर्वाचन प्रचारप्रसार बैंक खाता (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८२* जारी गरी सबै चुनावी खर्च बैंकिङ प्रणालीमार्फत गर्न अनिवार्य गऱ्यो ।[५९] महोत्तरी जिल्लामा डीआरसीएनका अनुसन्धानकर्ताहरूले प्रत्यक्ष अवलोकन गर्दा त्यहाँ प्रत्येक उम्मेदवारले प्रमाणित बैंक खाता प्रयोग गर्नुपर्ने व्यवस्था अनिवार्य गरिएको पाइयो । यद्यपि समग्रमा आधाजसो उम्मेदवारले मात्रै यस्तो खाता खोली आयोगलाई जानकारी गराएका थिए । बुँदा नं. ४.४ मा राजनीतिक दलहरूले सम्पत्ति विवरण सार्वजनिक गर्नुपर्ने, छानबिन गर्नुपर्ने र अवैध वा स्रोत नखुलेको सम्पत्ति राष्ट्रियकरण गरिनुपर्ने प्रावधान छ । प्रतिवेदन तयार गर्ने अवधिसम्म अन्तरिम सरकारले यो विषय ग्रहण गरेको थिएन ।

---

[५६] अनलाइनखबर । २०८२ । कहाँ रोकियो अन्तर निर्वाचन क्षेत्र मतदान योजना ? पुस २८ । www.onlinekhabar.com/2026/01/1846546 मा उपलब्ध; फागुन १५, २०८२ मा हेरिएको ।

[५७] अधिकारी, रमेश । २०८२ । निर्वाचनमा 'नोटा' : कति सम्भव ? *कान्तिपुर,* मङ्सिर ९ । https://ekantipur.com/opinion/2025/11/25/nota-in-elections-how-feasible-is-it-46-14.html मा उपलब्ध; फागुन १५, २०८२ मा हेरिएको ।

[५८] डीआरसीएनद्वारा जेन-जी प्रतिनिधिहरूसँग माघ २२, २०८२ मा गरिएको छलफल ।

[५९] दफा ४.३ ले उम्मेदवार मनोनयन दर्ता गर्दा सम्पत्ति विवरण घोषणा गर्ने र राजनीतिक तथा चुनावी आर्थिक गतिविधिमा पारदर्शिता कायम गर्ने व्यवस्था गर्दछ । यो व्यवस्था निर्वाचन आचारसंहिता, २०७९ अन्तर्गत २०७९ सालको निर्वाचनदेखि नै प्रक्रियागत रूपमा कार्यान्वयनमा आइसकेको थियो ।

बुँदा नं. ४.५ (ख) मा राजनीतिक दलहरूले प्राइमरीमार्फत उम्मेदवार छनोट गर्नुपर्ने प्रावधान छ । यो दलहरूको अपनत्वबिना सम्भव थिएन । फागुन २१ को निर्वाचनमा कुनै पनि राजनीतिक दलले आफ्ना उम्मेदवार छनोट गर्न प्राइमरी गरेनन् ।[६०] प्राइमरीमार्फत उम्मेदवार छनोटको व्यवस्था हुनु थप लोकतान्त्रिक राजनीतिक संस्कृतितर्फको प्रतिबद्धता हो । सम्झौतामा यस विषय समावेश गरिनुले युवा नेतृत्वमा भएको सुधारका प्रयासमा एक महत्त्वपूर्ण कोसेढुङ्गा सावित गर्दछ । प्राइमरीले दलभित्रको आन्तरिक लोकतन्त्रतर्फको महत्त्वपूर्ण मोडलाई प्रतिनिधित्व गर्ने र २०७९ को निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को नेतृत्वमा यसले केही चर्चा पाएको भए तापनि यसको व्यापक अवलम्बन सीमित नै रह्यो । यसको कार्यान्वयन कानूनी व्यवस्थामा मात्र नभई दलहरूको राजनीतिक प्रतिबद्धतामा पनि निर्भर हुन्छ । त्यसबाहेक प्राइमरीलाई औपचारिक रूपमा अपनाइए पनि वास्तविक र ठोस उपलब्धिमूलक नभई प्रक्रियागत मात्र हुन जाने जोखिम रहन्छ ।

बुँदा नं. ४.५ (ग) मा निर्वाचन आयोगले गोलाप्रथामार्फत दल र उम्मेदवारहरूको मतपत्रको क्रम निर्धारण गराउने उल्लेख छ । तथापि फागुन २१ को निर्वाचनमा २०७९ को निर्वाचनमा प्राप्त समानुपातिक मतभार र नयाँ दलहरूको सन्दर्भमा दर्ता मितिका आधारमै क्रम निर्धारण गरियो ।[६१] बुँदा नं. ४.५ (ङ) ले अवसरवादी चुनावी गठबन्धनलाई नियमन गर्न कानूनी व्यवस्था गर्न आह्वान गर्दछ । यद्यपि, यो विषय अन्तरिम सरकारको प्रत्यक्ष अधिकार क्षेत्रबाहिर थियो । विगतका निर्वाचनहरूमा जस्तो यसपटक प्रमुख दलहरूले चुनावी गठबन्धन गरेनन् ।[६२] केही दलहरूले भने साझा एकल चुनाव चिह्नमा प्रतिस्पर्धा गरे ।[६३]

बुँदा नं. ४.५ (च) ले उम्मेदवार चयनमा समानुपातिक समावेशी सिद्धान्त पालनाको कानूनी प्रबन्ध माग गर्दछ । प्रत्यक्ष वा समानुपातिक दुवै निर्वाचन प्रणालीअन्तर्गत उम्मेदवार चयनमा यो प्रावधानको अर्थपूर्ण कार्यान्वयन भएन । प्रत्यक्षतर्फका उम्मेदवारहरूमध्ये ३,०१७ पुरुष,

---

[६०] रास्वपाले समानुपातिक उम्मेदवारहरू चयन गर्न प्राइमरी सञ्चालन गरेको थियो । यद्यपि, रास्वपाले यसको परिणाम पालना नगरेको भन्दै आलोचना भयो ।

[६१] गुरुङ, सुशील । २०८२ । मतपत्रमा कसरी राखिन्छ चुनाव चिह्नको क्रम, सूर्य पहिलो नम्बरमा किन ? *शिलापत्र,* माघ १८ । https://shilapatra.com/detail/176891 मा उपलब्ध; फागुन १५, २०८२ मा हेरिएको ।

[६२] नेपालको संविधानको धारा २७० ले राजनीतिक दलहरूमाथि प्रतिबन्ध लगाउन रोक लगाएको छ र त्यस्ता कुनै पनि प्रयासहरू "संविधानसँग बाझिएको मानिनेछ र स्वतः बदर हुनेछ" भनिएको छ ।

[६३] नेपाल संघीय समाजवादी पार्टी, बहुजन एकता पार्टी नेपाल र नेपाल जनजागृति पार्टीले एउटै निर्वाचन चिह्न 'बस' लिएर चुनाव लडे । त्यसैगरी, राष्ट्रिय मुक्ति पार्टी नेपाल, जनता समाजवादी पार्टी र नागरिक उन्मुक्ति पार्टी नेपालले पनि एउटै निर्वाचन चिह्न 'चकिया (जाँतो)' अन्तर्गत प्रतिस्पर्धा गरे ।

३८८ महिला र एक जना उम्मेदवारले 'अन्य' पहिचान खुलाएका थिए। ११.३९ प्रतिशत मात्र महिलाको हिस्सा हुँदा उम्मेदवार चयन पुरुष-प्रधान रह्यो। दलित उम्मेदवारहरूको प्रतिनिधित्व पनि त्यसैगरी न्यून (६.८१ प्रतिशत) रह्यो।

डिग्निटी इनिसिएटिभद्वारा विश्लेषण गरिएको तथ्याङ्कले उम्मेदवारको समूहमा १,३२० खस आर्य (३८.७६ प्रतिशत), ८१३ आदिवासी जनजाति (२३.८७ प्रतिशत), ७७८ मधेसी (२२.८४ प्रतिशत), १४१ थारू (४.१४ प्रतिशत) र १२२ मुस्लिम उम्मेदवार (३.५८ प्रतिशत) रहेको देखायो। पाँच प्रमुख दलहरू नेपाली काँग्रेस, नेपाली कम्युनिष्ट पार्टी (नेकपा), नेकपा (एमाले), राप्रपा, र रास्वपाका उम्मेदवारहरूमा खस आर्यको वर्चस्व अझ बढी नै प्रगाढ छ, जहाँ महिला र दलित उम्मेदवारको हिस्सा क्रमशः ६.८१ प्रतिशत र २.१८ प्रतिशत मात्र छ।[६४] यी प्रवृत्तिले जेन-जी-सरकार सम्झौतामा उल्लिखित र संविधानमा परिकल्पना गरिएको समानुपातिक समावेशीकरणको व्यवस्थाप्रति राजनीतिक दल प्रतिबद्ध नरहेको प्रमाणित गर्दछन्।

## ५. *नेपालको संविधानमा गर्नुपर्ने सुधार*

माघ २९,२०८२ मा नेपाल कानून आयोगद्वारा गठित समितिले संविधान पुनरावलोकनको प्रगतिको अद्यावधिक विवरण दिन प्रधानमन्त्री कार्कीसँग भेट गर्‍यो। बैठकमा प्रधानमन्त्रीले आयोगलाई जेन-जी आन्दोलनका क्रममा उठेका मागलाई आफ्ना सिफारिसमा समावेश गर्न सल्लाह दिइन्। यसले फागुन २१ को निर्वाचनपछि बन्ने सरकारका लागि मार्गनिर्देशन प्रदान गर्ने अपेक्षा गरिएको थियो।[६५]

## ६. *पूर्ण समानुपातिक समावेशिता र सहभागितामूलक प्रतिनिधित्व*

जेन-जी आन्दोलनका प्रतिनिधि र सरकार बीचको सम्झौताले परिकल्पना गरेका संयन्त्रमा समानुपातिक समावेशीकरण र सहभागितामूलक प्रतिनिधित्व सुनिश्चित गर्नका लागि भएका निर्णय वा कार्यान्वयनका प्रबन्धहरूबारे सार्वजनिक जानकारी प्राप्त हुन सकेन। संविधानमा

---

[६४] भट्ट, कमलराज। २०८२। जनसङ्ख्याको संरचना र प्रत्यक्षतर्फका उम्मेदवारीबीच व्यापक असन्तुलन : खसआर्यको वर्चस्व, दलित अत्यन्त न्यून। *नयाँपत्रिका,* माघ १०। www.nayapatrikadaily.com/news-details/186978/2026-01-24 मा उपलब्ध; माघ ११, २०८२ मा हेरिएको।

[६५] अधिकारी, अशोक। २०८२। संविधान संशोधन : कानून आयोगले थाल्यो अध्ययन। *गोरखापत्र,* माघ २८। https://gorkhapatraonline.com/news/191601 मा उपलब्ध; फागुन १५, २०८२ मा हेरिएको।

यी प्रावधानहरूको पहिले नै प्रत्याभूति गरिए पनि कार्यान्वयन फितलो हुँदै आएको थियो । नेपालकै इतिहासमा पहिलो पटक महिला प्रधानमन्त्रीको नेतृत्वमा अन्तरिम मन्त्रिपरिषद् बनेको भए तापनि समावेशितामा पछि पऱ्यो । जेन-जी आन्दोलनपछि गठन भएको मन्त्रिपरिषद्मा महिला, आदिवासी जनजाति, दलित र मधेसीको प्रतिनिधित्व न्यून रह्यो । सम्झौताको मर्मविपरीत थारू र मुस्लिमको कुनै प्रतिनिधित्व भएन ।

### ७. *पारदर्शिता*

अन्तरिम सरकारले खुलापन, जवाफदेहिता र राज्य प्रक्रियामा जनताको पहुँच सुधार गर्नका लागि पहिले नै स्थापित संस्थागत र प्राविधिक प्रणालीहरूलाई सक्रिय बनाउनुका साथै नयाँ उपाय प्रस्तुत गऱ्यो । असोज १०, २०८२ मा अर्थमन्त्री रामेश्वर खनालले डिजिटल हस्ताक्षरको प्रयोगसहित डकुमेन्ट दर्ता, पत्राचार, हाजिरी, बिदा स्वीकृति, काज र अभिलेख व्यवस्थापनलाई डिजिटल बनाउन डिजाइन गरिएको एकीकृत कार्यालय व्यवस्थापन प्रणाली (जिआइओएमएस) को प्रारम्भ गरे । यस्तो डिजिटलाइजेसनले पारदर्शिता, जवाफदेहिता, लागत दक्षता र निर्णय प्रक्रियाको गतिमा सुधार ल्याउने अन्तरिम सरकारको अपेक्षा थियो ।[६६] उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले मङ्सिर १६ गतेदेखि आफ्नो सेवा प्रवाहमा एकीकृत कार्यालय व्यवस्थापन प्रणाली (जिआइओएमएस) कार्यान्वयन गर्न थाल्यो । मन्त्रिपरिषद्ले एकीकृत विद्युतीय प्लेटफर्ममार्फत सरकारी सेवा प्रदान गर्ने निर्देशिका स्वीकृत गरेको साढे तीन वर्षपछि यो प्रणाली सञ्चालनमा आएको हो । यो निर्णय पहिलो पटक वैशाख ५, २०७९ मा नेपाल राजपत्रमा प्रकाशित भएको थियो ।[६७] गृह मन्त्रालय र यसका मातहत निकायहरूमा पनि सूचना प्रविधिको प्रयोग विस्तार गरियो ।[६८]

---

[६६] The Kathmandu Post. 2025. Finance ministry rolls out integrated office management system. September 26. https://kathmandupost.com/national/2025/09/26/finance-ministry-rolls-out-integrated-office-management-system मा उपलब्ध; फागुन २४, २०८२ मा हेरिएको ।

[६७] My Republica. 2025. Industry ministry to implement the integrated office management system from December 1. November 23. https://myrepublica.nagariknetwork.com/news/industry-ministry-to-implement-integrated-office-management-system-from-dec-67-64.html मा उपलब्ध; फागुन २४, २०८२ मा हेरिएको ।

[६८] नेपाल सरकार । २०८२ । संवत् २०८२ साल माघ महिनाका मन्त्रीपरिषद्का निर्णयहरू । चैत ११ । https://opmcm.gov.np/content/495/decisions-of-the-council-of-ministers-meeting/ मा उपलब्ध; फागुन २, २०८२ मा हेरिएको ।

मङ्सिर १७, २०८२ मा सरकारले रु. ५ लाखभन्दा माथिको नगद कारोबार बैंक वा वित्तीय संस्थामार्फत गर्नुपर्ने निर्देशिका जारी गऱ्यो।[६९] सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिंग) निवारण ऐन, २०६४ को दफा ४४ छ (१) अन्तर्गत यो सीमा निर्धारण गरिएको थियो। यो प्रबन्धको उद्देश्य सम्पत्ति शुद्धीकरण नियन्त्रण गर्नु, नगद कारोबार कम गर्नु र डिजिटल भुक्तानीलाई प्रवर्द्धन गर्नु थियो।[७०] सार्वजनिक सेवाका १२ वटा विधाहरूलाई राष्ट्रिय परिचयपत्र व्यवस्थापन प्रणालीमा एकीकृत गरी[७१] सरकारी डाटाबेसहरू बीचको अन्तर-सञ्चालनमा सुधार ल्याइयो र सेवा पहुँचमा तजबिजी अवरोध कम गरियो।[७२] प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा हटलाइन, इमेल र तोकिएका सम्पर्क विन्दुहरू सार्वजनिक रूपमा पहुँचयोग्य बनाएर गुनासो सुनुवाइ संयन्त्रलाई पनि सुदृढ गरियो।[७३]

बुँदा नं. ७.२ अनुसार विगतमा भएका मानवअधिकार उल्लङ्घन तथा हिंसाका घटना र भ्रष्टाचारसँग सम्बन्धित छानबिन लगायतका विषयमा अध्ययन अनुसन्धान गर्न गठन गरिएका सम्पूर्ण छानबिन, जाँचबुझ आयोगका प्रतिवेदन प्रचलित कानूनको अधीनमा रही सार्वजनिक गरिनुपर्दछ। अन्तरिम सरकारले यस प्रावधानको पालना गरेन। नेपालमा सरकारले त्यस्ता प्रतिवेदन लुकाई राख्ने गरेको इतिहास छ। अन्तरिम सरकारले पनि सोही प्रवृत्ति नदोहोऱ्याउला भनी स्पष्ट हुन सकिन्न। उदाहरणका लागि, मधेस र थरुहट आन्दोलनका घटनाको अनुसन्धान गर्न पूर्व न्यायाधीश गिरिशचन्द्र लालको संयोजकत्वमा असोज ३, २०७३ मा गठित आयोगले

---

[६९] नेपाल सरकार। २०८२। संवत् २०८२ साल मङ्सिर महिनाका मन्त्रिपरिषद्का निर्णयहरू। पुस २३। https://opmcm.gov.np/content/475/decisions-of-the-council-of-ministers-in-mangsir-2082/ मा उपलब्ध; फागुन २, २०८२ मा हेरिएको।

[७०] कान्तिपुर। २०८२। पाँच लाखभन्दा बढीको नगद कारोबार निषेध गर्न राष्ट्र बैंकको निर्देशन। पुस २७। https://ekantipur.com/business/2026/01/11/nepal-rastra-banks-directive-to-prohibit-cash-transactions-exceeding-rs-500000-08-33.html मा उपलब्ध; फागुन २४, २०८२ मा हेरिएको।

[७१] सार्वजनिक सेवाहरूमा राहदानी वितरण, सामाजिक सुरक्षा भत्ता, जन्म दर्ता, यातायात व्यवस्थापन सेवा, बैंक तथा वित्तीय संस्थाहरू, कम्पनी रजिष्ट्रारको कार्यालय (कम्पनी दर्ता र नवीकरण), निर्वाचन सम्बन्धी सेवाहरू, निवृत्तिभरण (पेन्सन) व्यवस्थापन, वैदेशिक रोजगार सेवा, नागरिक एप सेवाहरू, स्थायी लेखा नम्बर (PAN) दर्ता र सामाजिक सुरक्षा कोष सेवाहरू पर्दछन्। लागत घटाउन र राज्यको स्रोत साधनको दुरुपयोग नियन्त्रण गर्नका लागि जेन-जी र सरकार बीचको सम्झौता हुनु अगावै यी सेवा सुरु गरिएका थिए।

[७२] गृह मन्त्रालयका उपसचिवसँग माघ १५, २०८२ मा गरिएको कुराकानी।

[७३] MyRepublica. 2025. PM Karki launches hotline to address public grievances related to Govt service delivery. September 20. Available at www.myrepublica.nagariknetwork.com/news/pm-karki-launches-hotline-to-address-public-grievances-related-to-govt-serv-99-87.html; मा उपलब्ध, फागुन २, २०८२ मा हेरिएको।

१४ महिनापछि आफ्नो प्रतिवेदन बुझाएको थियो । तर, निरन्तरको जनदबाबका बाबजुद उक्त प्रतिवेदन कहिल्यै सार्वजनिक गरिएन ।[७४]

बुँदा नं. ७.३ अन्तर्गत अन्तरिम सरकारले सरकारी कर्मचारीको सरुवा र बढुवाका साथै वैदेशिक भ्रमणको स्वीकृतिको जानकारी मन्त्रिपरिषद्का निर्णय र प्रधानमन्त्री कार्यालय एवं सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका आधिकारिक वेबसाइटहरूमार्फत सार्वजनिक गरायो । यद्यपि, जब प्रधानमन्त्रीका प्रमुख स्वकीय सचिवले सम्झौताविपरीत प्रधानमन्त्रीको सचिवालयमा आफ्नै परिवारका सदस्यलाई नियुक्त गरे तब यो प्रतिबद्धता कमजोर बन्यो । यी नियुक्तिलाई लिएर प्रधानमन्त्रीले सार्वजनिक आलोचनाको सामना गर्नुपर्‍यो र मङ्सिर १२, २०८२ मा सम्बन्धित परिवारका सदस्यसहित सचिवालयका १४ जनालाई बर्खास्त गरियो ।[७५]

नातावाद, कृपावाद र भेदभाव अन्त्यका लागि सार्वजनिक पदहरूमा पारदर्शी छनोट प्रक्रियाको माग गर्ने बुँदा नं. ७.३ को प्रावधानलाई सम्बोधन गर्न सरकारले पुस १४, २०८२ को निर्णयअनुसार सुशासन मार्गचित्रको तयारी थाल्यो । यसका लागि प्रधानमन्त्रीले वरिष्ठ सरकारी कर्मचारी, जेन-जी आन्दोलनका प्रतिनिधि, निजी क्षेत्र, नागरिक समाजका प्रतिनिधि र विषयगत विज्ञहरू सम्मिलित १५ सदस्यीय उच्चस्तरीय समिति गठन गरिन् ।[७६] प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका एक सहसचिवले मस्यौदा प्रक्रिया समावेशी रहेको बताए । यद्यपि, डीआरसीएनसँगको कुराकानीमा जेन-जी प्रतिनिधिले उनीहरूका सुझाव दस्तावेजमा पर्याप्त प्रतिबिम्बित नभएको बताए । समितिलाई मन्त्रालयगत सुझाव र नीतिगत सिफारिस एकीकृत गर्ने जिम्मेवारी दिइएको थियो । यसले सरकारी संस्थानहरूबाट क्षेत्रगत सुझाव सङ्कलन गर्न थालेको थियो । यस प्रक्रियाको एक पक्षको रूपमा माघ १४, २०८२ मा उच्चस्तरीय परामर्श कार्यशाला आयोजना गरिएको थियो । यसको उद्देश्य सुशासनका सुधार प्राथमिकतामा साझा बुझाइ विकास गर्नु थियो । जेन-जी नेताहरूले सुशासनलाई स्पष्टसँग

---

[७४] Jha, Dipendra. 2023. Lal commission report: truth and lies. *The Kathmandu Post*, May 22. https://kathmandupost.com/columns/2023/05/22/lal-commission-report-truth-and-lies मा उपलब्ध; फागुन १५, २०८२ मा हेरिएको ।

[७५] Khabarhub. 2025. PM Karki dismisses 14 secretariat appointees amid controversy. November 27. https://english.khabarhub.com/2025/27/507842/ मा उपलब्ध; फागुन १५, २०८२ मा हेरिएको ।

[७६] भट्ट, सुवास । २०८२ । नयाँ सरकारका लागि बन्दै छ सुशासन मार्गचित्र । *नयाँपत्रिका,* माघ १५ । www.nayapatrikadaily.com/news-details/187326/2026-01-29 मा उपलब्ध; फागुन १५, २०८२ मा हेरिएको ।

परिभाषित गर्नुपर्ने र यसले नागरिकको दैनिक जीवनमा कसरी ठोस सुधार ल्याउँछ भन्नेबारे प्रस्ट्याउनुपर्नेमा जोड दिएका थिए।[७७]

सरकारले असोज १०, २०८२ मा आफ्नो निर्णयलाई आधार मान्दै डिजिटल सुशासन कार्ययोजनाको विकास जारी राख्यो। माघ १५, २०८२ को संवादमा गृह मन्त्रालयका एक वरिष्ठ कर्मचारीले सेवा प्रवाहमा सुधार र प्रशासनिक पारदर्शितामा ध्यान केन्द्रित गर्दै विभिन्न विभाग र मातहतका निकायहरूमा सूचना प्रविधिको प्रयोग विस्तार भएको जानकारी दिए।[७८] विशेष गरी डिजिटल प्रणालीको विस्तार, सूचनामा पहुँचको सुधार र गुनासो सुनुवाइ संयन्त्र स्थापना गरी अन्तरिम सरकारले बुँदा नं. ७ का प्रावधान कार्यान्वयनमा उल्लेखनीय प्रगति गरे तापनि धेरै कमजोरी कायम नै रहे। पारदर्शितासम्बन्धी प्रतिबद्धतालाई साकार पार्न आवश्यक कानूनी, प्रक्रियागत र प्राविधिक सुधार अझै हासिल हुन सकेका छैनन्। प्रक्रियागत पारदर्शिता र डिजिटल सुधारमा केही प्रगति गरेर अन्तरिम सरकारका समग्र कार्यले सम्झौतासँग आंशिक तादात्म्यता देखाए पनि गहन जवाफदेहिताका बुँदाहरू भने अपूर्ण नै रहे।

### *८. अभिव्यक्ति स्वतन्त्रता र डिजिटल स्वतन्त्रता*

यस प्रावधान अन्तर्गतका दुई उपबुँदाहरूमध्ये अभिव्यक्ति स्वतन्त्रतासँग सम्बन्धित बुँदामा मात्र काम भएको देखियो। त्यस अनुरूप सरकारले माघ २१, २०८२ मा *सामाजिक सञ्जाल विधेयक, २०८१* फिर्ता लिएर एक प्रतीकात्मक तर प्रक्रियागत रूपमा महत्त्वपूर्ण कदम चाल्यो। अघिल्लो सरकारको पालामा राष्ट्रिय सभामा विचाराधीन उक्त विधेयकले सामाजिक सञ्जालको सार्वजनिक प्रयोग नियमन गर्थ्यो।[७९] विधेयक फिर्ता लिँदा अभिव्यक्ति स्वतन्त्रता, सूचनाको प्रवाह र डिजिटल सञ्चारमा हुन सक्ने सम्भावित प्रतिबन्ध टार्न मद्दत पुग्यो। यसले राज्य वा तेस्रो पक्षद्वारा नागरिकहरूको डाटाको गैरकानूनी निगरानी वा दुरुपयोगको चिन्ता केही कम गर्‍यो। तर डिजिटल डाटालाई राज्य वा तेस्रो पक्षको दुरुपयोगबाट सुरक्षा प्रदान गर्नेसम्बन्धी अर्को उपबुँदा भने कार्यान्वयन भएन।

---

[७७] डीआरसीएनद्वारा जेन-जी प्रतिनिधिहरूसँग माघ २२, २०८२ मा गरिएको छलफल।

[७८] ती कर्मचारीसँग माघ १५, २०८२ मा गरिएको कुराकानी।

[७९] Ratopati. 2026. National assembly unanimously approves withdrawal of social media bill. February 9. https://english.ratopati.com/story/47650/decision-to-withdraw-social-media-bill-passed-unanimously?utm मा उपलब्ध; फागुन १५, २०८२ मा हेरिएको।

### *९. जेन-जी परिषद्को गठन*

बुँदा नं. ९ अन्तर्गत जेन-जी परिषद् गठनलाई अघि बढाउन अन्तरिम सरकारले पुस २५, २०८२ मा परिषद्को कार्यादेशमाथि सुझाव माग्दै सार्वजनिक आह्वान गऱ्यो ।[८०] यो प्रतिवेदन अवधिको अन्त्यसम्ममा कार्यादेशलाई अन्तिम रूप दिइयो र मन्त्रिपरिषद्ले सो परिषद् स्थापना गर्ने निर्णय गऱ्यो । जेन-जी अगुवाहरूले प्रस्तावित पदानुक्रम संरचनाप्रति असन्तुष्टि व्यक्त गर्दै यसले आन्दोलनको मूल मर्मलाई खण्डित गर्ने तर्क राखे ।[८१]

### *१०. सम्झौता कार्यान्वयन*

बुँदा नं. १० मा हस्ताक्षर भएको मितिदेखि नै यो सम्झौता लागू हुने र अन्तरिम सरकार तथा जेन-जी प्रतिनिधिहरूबीच आपसी समझदारीमा कार्यान्वयन गरिने उल्लेख छ । अघिल्ला खण्डहरूमा उल्लेख गरिएझैँ, दुवै पक्षबीच केही मतभेद भए तापनि धेरै हदसम्म आपसी सहमतिकै आधारमा कार्यान्वयन अघि बढेको थियो । यस प्रावधानले जेन-जी-सरकार सम्झौताको अधीनमा रहेर थप सम्झौता गर्न सकिने सम्भावना पनि खुला राखेको थियो ।

[८०] Setopati. 2026. Government to form Gen Z council. February 24. https://en.setopati.com/political/165960 मा उपलब्ध; फागुन १५, २०८२ मा हेरिएको ।

[८१] डीआरसीएनद्वारा जेन-जी प्रतिनिधिहरूसँग माघ २२, २०८२ मा गरिएको छलफल ।

# महत्त्वाकाङ्क्षा र यथार्थ : जेन-जी-सरकार बीचको सम्झौताका आयाम

जेन-जी आन्दोलनका प्रतिनिधि र सरकार बीचको सम्झौतालाई कार्यान्वयनका दृष्टिले हेर्दा कार्य सञ्चालन, आयोगमा आधारित र कानूनमा निर्भर प्रतिबद्धता गरी तीनखाले प्रवृत्ति देखिन्छ र यो संरचनागत सीमितता तथा राजनीतिक प्राथमिकीकरणद्वारा प्रभावित देखिन्छ । कार्य सञ्चालनका प्रतिबद्धतामा खासगरी संरचनागत वा कानूनी परिवर्तनबिना नै सरकारले तत्काल गर्नसक्ने काम पर्छन् । आयोगमा आधारित प्रतिबद्धता मुख्यतया जेन-जी आन्दोलनले उठाएका विभिन्न सुधारका मुद्दा सम्बोधन गर्न संयन्त्र र आयोग स्थापना गर्ने विषयमा केन्द्रित छन् भने संरचनागत र प्रणालीगत परिवर्तनका लागि कानून र नीति तर्जुमा गर्न कानूनमा निर्भर प्रतिबद्धता आवश्यक थियो । सरकारले विशेष गरी प्रतिनिधिसभा क्रियाशील नहुँदा सीमित समयसीमा र सङ्क्रमणकालीन कार्यादेशमा काम गरेको हुनाले सम्भावना वा सहजताका आधारमा मात्र नभई प्रत्येक विषयले आकर्षण गरेको राजनीतिक चासोअनुसार पनि कार्यान्वयनको स्तर फरक पर्न गएको परिणामले देखाउँदछ ।

विशेष गरी सरकारको तत्कालीन कार्यादेशसँग मेल खाने वा विद्यमान प्रशासनिक संयन्त्रमार्फत कार्यान्वयन गर्न सकिने कार्य सञ्चालनका प्रतिबद्धताहरूले सबैभन्दा ठोस प्रगति हासिल गरे । १.१ शहीद घोषणा, १.२ राहत तथा क्षतिपूर्ति (आधारभूत कार्यान्वयन), ४.१ निर्वाचन र ४.२ मतदाता नामावली (आंशिक) जस्ता प्रावधानलाई अगाडि बढाइयो । यसले तत्कालीन आवश्यकता र प्रशासनिक सम्भाव्यता दुवैलाई प्रतिबिम्बित गर्दछ । विस्तारित राहतका उपायहरू (स्वास्थ्य, शिक्षा, रोजगारी, अर्थपूर्ण स्मृति), ३.१ (घ) ई-गभर्नेन्स (विद्युतीय सुशासन) सुधार, ६.१ जेन-जी पक्षको समावेशीकरण र ७.१ पारदर्शिताजस्ता दोस्रो तहका प्रतिबद्धताहरू आंशिक मात्र कार्यान्वयन भए । यी मामिलामा जेन-जी प्रतिनिधिसँग

सीमित परामर्श गर्ने, सेवालाई बिस्तारै डिजिटलाइजेसन गर्दै लैजाने, र निर्णय सार्वजनिक गर्नेजस्ता कार्य सुरु त गरिए तर ती निरन्तर वा व्यवस्थित रूपमा अगाडि बढ्न सकेनन्।

साथै, संसदीय अनुमोदन आवश्यक नपर्ने र प्रशासनिक रूपमा सम्भव हुँदाहुँदै पनि कैयौँ प्रतिबद्धताहरू कार्यान्वयन हुन सकेनन्। यसमा २.२ छानबिनका निष्कर्ष कार्यान्वयन गर्ने, २.३ प्रदर्शनकारीमाथि मुद्दा नचलाउने सुनिश्चित गर्ने, २.१ (क-घ) थुनामा रहेकाको छानबिन तथा रिहाइ, र ७.२ अनुसन्धान प्रतिवेदन सार्वजनिक गर्ने विषय पर्छन्। यी कार्य सम्पूर्ण रूपले कार्यकारी अधिकारभित्र पर्दथे। निर्देशिका, कानून कार्यान्वयन गर्ने निकाय र प्रशासनिक संयन्त्रबीच समन्वय वा सूचना सार्वजनिक गर्ने निर्णयमार्फत यी प्रतिबद्धता पूरा गर्न सकिन्थ्यो। तसर्थ, यी विषय कार्यान्वयन नहुनुले क्षमता वा कानूनी सीमितताको नभई सीमित शासन अवधिमा यी विषयले प्राथमिकता नपाएको तथ्य उजागर भएको छ।

सम्झौतालाई संस्थागत मेरुदण्ड प्रदान गर्ने उद्देश्य राखिएका आयोगमा आधारित प्रतिबद्धताहरू अधिकांश कार्यान्वयन भएनन् । १.२ कार्यदल र ९.१ जेन-जी परिषद्मा मात्र आंशिक प्रगति भयो। १.३ सदाचार तथा सुशासन प्रवर्द्धन, भ्रष्टाचार निवारण तथा दण्डहीनता अन्त्यसम्बन्धी आयोग, २.४ सुरक्षा सुधारको संयन्त्र, ३.१ राजनीतिक, नीतिगत तथा संस्थागत भ्रष्टाचार छानबिन आयोग र ५.१ संवैधानिक सुधार आयोग स्थापना गर्ने जस्ता मूल प्रावधानहरू कार्यान्वयन भएनन्। यी निकायलाई पूर्ण सञ्चालनमा ल्याउन दीर्घकालीन राजनीतिक प्रतिबद्धता र केही अवस्थामा थप विधायिकी काम आवश्यक भए तापनि गठन मात्र गर्नका लागि कुनै नयाँ कानून जरुरी थिएन। यो कार्य अन्तरिम अवधिमै गर्न सकिन्थ्यो। यस्ता आयोग स्थापना गरिएको भए तिनले सुधारका लागि सिफारिस, प्रमाण सङ्कलन र मस्यौदा खाका तयार गरी अन्तरिम प्रशासन र निर्वाचित सरकारबीच संस्थागत पुलको काम गर्न सक्थे। अतः तिनको अनुपस्थितिले चुनावपछिसम्म आन्दोलनको ऊर्जा कायम राख्ने सम्झौताको क्षमतालाई सीमित पार्‍यो। दिगो निगरानी तथा समन्वयात्मक सुधारको सम्भावना कमजोर बनायो।

त्यस्तै कानूनमा निर्भर प्रतिबद्धता संरचनागत बाधाका कारण धेरै हदसम्म कार्यान्वयन हुन सकेनन्। ४.३ सम्पत्ति सार्वजनिक गर्ने, ४.५ नोटा, प्राइमरी निर्वाचन र कार्यकालको सीमाजस्ता निर्वाचनसम्बन्धी सुधार, ४.२ देशबाहिर र जिल्लाबाहिर हुने मतदाताको मताधिकारसम्बन्धी व्यवस्था, ४.४ सम्पत्तिको राष्ट्रियकरण, र ८.१-८.२ डिजिटल स्वतन्त्रता तथा डाटा संरक्षणसम्बन्धी प्रावधान कार्यान्वयन गर्न विधायिकी कदम आवश्यक थियो। यद्यपि, संसद् नरहेको र अध्यादेश जारी गर्ने सीमित ठाउँ (निर्वाचनका अत्यावश्यक प्रावधानबाहेक) भएका

कारण यी प्रतिबद्धता अगाडि बढ्न सकेनन् । यसले उक्त अवधिमा राजनीतिक सम्झौतालाई बाध्यकारी कानूनी ढाँचामा रूपान्तरण गर्न नसक्नुको मुख्य अवरोधलाई चित्रण गर्दछ ।

समग्रमा यस सम्झौता कार्यान्वयनका तीन वटा अन्तरसम्बन्धित आयामहरू देखिन्छन् । पहिलो, प्रशासनिक अख्तियारी र निर्वाचन प्राथमिकतासँग मेल खाने प्रतिबद्धताहरूमा देखिने गरी प्रगति भयो । दोस्रो, समन्वय, निरन्तरता र मध्यम संस्थागत प्रयास चाहिने क्षेत्रमा आंशिक प्रगति देखियो । तेस्रो, सम्भावनाका बाबजुद बलियो राजनीतिक प्राथमिकता वा विधायिकी कदम वा नयाँ संस्थागत व्यवस्था जस्ता संरचनागत आधार आवश्यक पर्ने क्षेत्रमा केही पनि प्रगति देखिएन ।

तथापि, कार्यान्वयनका यी रिक्ततालाई त्यति बेलाको सन्दर्भअनुसार बुझ्नुपर्छ । सरकारको समयसीमा तोकिएको अख्तियारी, निर्वाचन गराउनुपर्ने प्रमुख म्यान्डेट र सीमित कानूनी संयन्त्रजस्ता ठूला बाधाका बीच काम गर्नुपरेको थियो । त्यसैले, यो सम्झौताले सुधारको महत्त्वाकांक्षी प्रयासलाई त दर्शाउँछ, तर सङ्क्रमणकालीन शासन व्यवस्थाका व्यावहारिक अप्ठ्याराका कारण यसबाट अपेक्षित नतिजा भने हासिल हुन सकेन । यी संस्थागत अवरोध रहे पनि तोकिएका आयोग स्थापना गर्न असफल हुँदा एक महत्त्वपूर्ण अवसर गुमेको छ । तुलनात्मक शासन पद्धतिको अभ्यासमा यस्ता आयोगहरूले अस्थायी राजनीतिक सहमतिलाई स्थायी नीतिगत प्रक्रियामा बदल्ने आधारभूत संस्थाका रूपमा काम गर्दछन् । सरकारले अग्रसरतापूर्वक यी निकाय स्थापना गर्नुपर्दथ्यो वा सम्झौतालाई संस्थागत गर्ने सिर्जनात्मक उपाय खोज्नुपर्दथ्यो । यी दुवै गर्न नसक्दा सरकारले सुधारको मुद्दालाई गतिहीन बन्न दियो । छुट्टै संस्थागत अस्तित्व नहुनाले यो सम्झौता राजनीतिक जडता र प्रशासनिक ढिलासुस्तीको सिकार बन्न पुग्यो । यसर्थ, सम्झौताको मर्म र भावना जीवित राख्नका लागि वास्तविक अवरोध पहिचान गरी त्यसलाई पार लगाउने सरकारी प्रयास पर्याप्त थिएनन् ।

# जेन-जी-सरकार सम्झौता कार्यान्वयनमा प्रभाव पार्ने तत्त्व

अबको खण्डमा सम्झौताका प्रावधान कार्यान्वयनमा अनुकूल वा प्रतिकूल प्रभाव पार्ने प्रमुख तत्त्वहरूको रूपरेखा प्रस्तुत गरिएको छ :

## क. सम्झौता कार्यान्वयनमा अनुकूल प्रभाव पार्ने तत्त्व

### *१. अन्तरिम सरकारको प्रकृति र दृष्टिकोण*

यस सम्झौतालाई सफल बनाउने एउटा मुख्य कडी अन्तरिम सरकारको गैर-दलीय स्वरूप थियो। यसले गर्दा सरकारले तुलनात्मक रूपमा स्वतन्त्र भएर काम गर्न पायो। गठबन्धनभित्रको भागबन्डा वा दलीय सहमतिको झन्झटबिना नै सरकारले छिटो निर्णय लिन र कार्यान्वयन गर्न सहज भयो। यो सहजताको स्पष्ट उदाहरण असोज ५, २०८२ मा 'उच्चस्तरीय न्यायिक छानबिन आयोग' को द्रुत गठनमा देखियो ।[८२] यसअन्तर्गत सम्बन्धित व्यक्तिहरूको बयान र प्रमाण सङ्कलनमा आयोगलाई सघाउन राज्यका निकायलाई तुरुन्तै परिचालन गरिएको थियो। पछि थप समय आवश्यक पर्दा सरकारले आयोगको म्याद पनि थप्यो।[८३]

---

[८२] नेपाल सरकार। २०८२। संवत् २०८२ साल भदौ महिनाका मन्त्रिपरिषद्का निर्णयहरू। पुस २३। https://opmcm.gov.np/content/472/decisions-of-the-council-of-ministers-in-bhadra/मा उपलब्ध; फागुन २, २०८२ मा हेरिएको।

[८३] नेपाल सरकार। २०८२। संवत् २०८२ साल माघ महिनाका मन्त्रिपरिषद्का निर्णयहरू। चैत ११। https://opmcm.gov.np/content/495/decisions-of-the-council-of-ministers-meeting/ मा उपलब्ध; फागुन २, २०८२ मा हेरिएको।

सरकारको छलफल र संवादमा आधारित कार्यशैलीले पनि कार्यान्वयनमा मद्दत पुऱ्यायो । जेन-जी समूह र राजनीतिक दलसँगको निरन्तरको संवादले विश्वासको वातावरण बनाउन सहयोग गऱ्यो । यसले गर्दा समयमै निर्वाचन गराउने सरकारको प्रतिबद्धता एवं जेन-जी परिषद् गठनजस्ता मुख्य मुद्दाहरूमा प्रगति हासिल भयो । राजनीतिक दलसँगको अन्तर्क्रियामार्फत प्रधानमन्त्री सुशीला कार्कीले नेकपा (एमाले) र नेपाली काँग्रेस लगायतका प्रमुख पात्रहरूलाई फागुन २१, २०८२ को चुनावमा सहभागी हुन प्रेरित गरिन् । प्रधानमन्त्री कार्कीले संवाद थाल्दा यी दलहरूले विघटित प्रतिनिधिसभा पुनर्स्थापनाको माग गर्दै सर्वोच्च अदालतमा रिट दायर गरिसकेका थिए । स्वतन्त्र, निष्पक्ष र शान्तिपूर्ण रूपमा चुनाव सम्पन्न गर्नका लागि चुनावी मार्गचित्रमा सहमति जुटाउन प्रधानमन्त्रीले दलका नेताहरू र पूर्वसांसदहरूसँग थुप्रै चरणमा परामर्श गरिन् ।[८४] अन्तरिम सरकारले जेन-जी-सरकार सम्झौता कार्यान्वयनमा समर्थन जुटाउन र छानबिन आयोगको काममा राजनीतिक दलको सहभागिता बढाउन उनीहरूसँग पनि विभिन्न चरणका छलफल गरेको थियो ।

जेन-जी परिषद्को सन्दर्भमा, कार्यादेशमा सार्वजनिक सुझाव आह्वान गर्ने सरकारको निर्णयले व्यापक अपनत्व र वैधता बढाउन योगदान पुऱ्यायो भने संवाद र सहभागितामार्फत विरोध कम गर्न पनि मद्दत गऱ्यो । अन्तरिम सरकारले सम्झौता अन्तर्गत परिपूरण र चुनावी प्रतिबद्धतालाई सहयोग पुऱ्याउन बजेट विनियोजनमा प्राथमिकीकरण पनि गऱ्यो ।[८५]

सुदृढ नेतृत्व र अन्तर-मन्त्रालय समन्वयले कार्यान्वयन थप सहज बन्यो । यसमा कर्मचारी परिचालनले पनि महत्त्वपूर्ण भूमिका खेलेको थियो । गृह मन्त्रालय, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय र अर्थ मन्त्रालयलगायत विभिन्न मन्त्रालयले सम्झौताको परिपूरणसम्बन्धी प्रावधानको प्रभावकारी कार्यान्वयनमा समन्वय गरे । विशेष गरी गृह मन्त्रालयले घाइते पहिचान गऱ्यो, स्वास्थ्य मन्त्रालयले उनीहरूको उपचार सुनिश्चित गऱ्यो र गृह मन्त्रालयले स्वास्थ्य सेवा भुक्तानीको व्यवस्था मिलायो । यो समन्वयात्मक कदमले स्थायित्व उन्मुख सङ्क्रमणकालीन दृष्टिकोण प्रतिबिम्बित गरेको थियो । कर्मचारीले लक्षित लाभग्राहीसम्म

[८४] Akashvani News. 2025. Nepal PM Sushila Karki holds tripartite talks with political parties and Gen Z on 2026 elections. October 29. www.newsonair.gov.in/nepal-pm-sushila-karki-holds-tripartite-talks-with-political-parties-and-gen-z-on-2026-elections/ मा उपलब्ध; फागुन २४, २०८२ मा हेरिएको ।

[८५] सरकारले बजेटलाई पुन:प्राथमिकीकरण गऱ्यो र अनावश्यक खर्च कटौती गरी वित्तीय उत्तरदायित्वलाई महत्त्व दिँदै वित्तीय घाटा कम गर्ने उपायहरू अपनायो । अन्ततः सरकारले रु. १२० अर्ब बचत गऱ्यो र फागुन २१ गतेको निर्वाचनका लागि १९ अर्ब १५ करोड रुपैयाँ विनियोजन गऱ्यो । निर्वाचनका लागि आन्तरिक कोष परिचालन गर्नु सरकारको एक उल्लेखनीय उपलब्धि थियो ।

राहत र सम्मान पुगेको सुनिश्चित गर्न विभिन्न प्रशासनिक तहहरूमा निर्णय कार्यान्वयनलाई तीव्रता दिए। यसले सम्झौताका प्रतिबद्धतालाई यथार्थमा रूपान्तरण गर्न अन्तरमन्त्रालय समन्वय, स्पष्ट प्रक्रियागत माध्यम र प्रशासनिक क्षमता अपरिहार्य रहेको पुष्टि गऱ्यो।

सम्झौताका प्रावधानमा वार्ता तथा मस्यौदा तयार गर्न सहसचिव स्तरका कर्मचारीहरू सक्रिय थिए। तिनले सम्झौताबारे साझा सहमति बनाउन दुवै पक्षबीच मध्यस्थता गरे। उनीहरूले परिपूरणलाई संस्थागत गर्न घाइते तथा शहीद राहत एवं स्वास्थ्य उपचार सहजीकरण समिति र सार्वजनिक सेवालाई डिजिटलाइज गर्न सुशासन मार्गचित्र निर्माण गर्ने समिति जस्ता प्रमुख समितिको नेतृत्व गरे। साथै, ती प्रभावकारी, मितव्ययी, पारदर्शी र सहभागितामूलक रहेको सुनिश्चित गरे।

### *२. विधायिकी तथा नीतिगत तत्त्व*

जेन-जी आन्दोलनका प्रतिनिधि र सरकार बीचको सम्झौता कार्यान्वयन मुख्यतया विद्यमान कानूनी तथा नीतिगत ढाँचामा निर्भर थियो। यसले सरकारलाई उल्लेख्य कानूनी सुधारबिना नै तत्कालीन आवश्यकता सम्बोधन गर्न सक्षम बनायो।[८६] यसअन्तर्गत भदौ २३ लाई प्रतीकात्मक र राजनीतिक सूचक मान्दै वार्षिक रूपमा मनाइने गरी ‘शहीद दिवस’ को आधिकारिक घोषणा र काठमाडौँमा जेन-जी स्मृति पार्क निर्माण गर्ने योजना प्रमुख कदम थिए। सरकारले घाइते र शहीद परिवारको परिपूरणका लागि वित्तीय व्यवस्थापन गरी रकम निकासा पनि गऱ्यो।

विशेष गरी डिजिटल सुशासन र वित्तीय पारदर्शिताजस्ता क्षेत्रमा भएका पूर्व अनुसन्धान र नीतिगत सिफारिसहरूले सम्झौता कार्यान्वयनलाई थप सहयोग पुऱ्याएका थिए। अर्थ मन्त्रालय र सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको नेतृत्वमा रहेको एकीकृत कार्यालय व्यवस्थापन प्रणाली (जिआइओएमएस) जस्ता प्रणालीहरूले संस्थागत आधार प्रदान गरे।[८७] यद्यपि जिआइओएमएसलाई आधिकारिक रूपमा अन्तरिम सरकारद्वारा असोज १०, २०८२ मा सञ्चालन गरिए तापनि यसको पूर्वतयारीको काम तीन वर्षअघि नै सुरु भइसकेको थियो। यसले पारदर्शिता र प्रशासनिक जवाफदेहिता सुदृढ गर्ने लक्ष्य राखेको थियो। ५ लाख

[८६] नेपालको संविधान, २०७२ को धारा २१ ले अपराध पीडितको हक स्थापित गर्दछ। अपराध पीडित संरक्षण ऐन, २०७५ ले अन्तरिम सरकारलाई आफ्नो क्षतिपूर्तिसम्बन्धी प्रयास अगाडि बढाउनका लागि अत्यावश्यक कानूनी ढाँचा प्रदान गर्दछन्।

[८७] प्रधानमन्त्री कार्यालयका सहसचिवसँग माघ १५, २०८२ मा गरिएको कुराकानी।

रूपैयाँभन्दा माथिको नगद कारोबार औपचारिक बैंकिङ प्रणालीमार्फत गर्नुपर्ने नीतिले वित्तीय पारदर्शिता बढायो भने गुनासो सुनुवाइ संयन्त्रहरूले जवाफदेहितामा सुधार ल्याए।[८८] गृह मन्त्रालयका एक कर्मचारीका अनुसार विद्यमान कानून र स्थापित प्रशासनिक अभ्यासहरूकै आधारमा सरकार द्रुत रूपमा काम गर्न सफल भएको थियो।[८९]

रामेश्वर खनाललाई अर्थमन्त्रीमा नियुक्त गरिनुलाई पनि एक महत्त्वपूर्ण कदम मानिएको थियो। पूर्व अर्थसचिव र उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगको अध्यक्ष रहिसकेका खनालसँग कर नीति, सार्वजनिक क्षेत्र र लगानी प्रवर्द्धनका पुराना सुधारका सिफारिसहरूको प्रत्यक्ष अनुभव थियो। यसले गर्दा उनलाई सुरुदेखि नै नयाँ सुधारहरू थाल्नुको सट्टा पहिलेदेखि नै तयार रहेका नीतिगत कार्यहरूलाई सिधै कार्यान्वयनमा लैजाने अवसर मिल्यो।

### *३. निरन्तर जनदबाब एवं सञ्चारमाध्यमद्वारा पैरवी*

सञ्चारमाध्यमहरूको निरन्तरको कभरेज र जेन-जी अभियन्ताहरूको लगातारको दबाब पनि सम्झौताका लागि अर्को अनुकुल कडी बन्यो।[९०] जनताको निरन्तरको निगरानीले गर्दा खासगरी शहीद घोषणा गर्ने र राहत उपलब्ध गराउने जस्ता विषयमा कामको गति सुस्त हुन पाएन।[९१] सक्रिय नागरिक सहभागिता र सञ्चारमाध्यमको निरन्तर चासो बीचको संयोजनले सरकारलाई थप जिम्मेवार र जवाफदेही बनाउन मद्दत मिल्यो। यस्तो नागरिक दबाबले विगतका नजिर एवं स्थापित निजामती संयन्त्रहरूको उपयोग गर्दै निर्णय प्रक्रियालाई छिटो बनाउन, सरकारी कामको निगरानी बलियो पार्न र प्रशासनिक कामलाई पूर्णता दिन ठूलो सहयोग पुऱ्यायो।

---

[८८] नेपाल सरकार। २०८२। संवत् २०८२ साल भदौ महिनाका मन्त्रिपरिषद्का निर्णयहरू। पुस २३। https://opmcm.gov.np/content/472/decisions-of-the-council-of-ministers-in-bhadra/ मा उपलब्ध; फागुन २, २०८२ मा हेरिएको।

[८९] ती कर्मचारीसँग माघ १५, २०८२ मा गरिएको कुराकानी।

[९०] कान्तिपुर। २०८२। सरकार दिशाहीन रहेको भन्दै जेन-जीका २३ समूहद्वारा प्रधानमन्त्रीलाई फिर्ता बोलाउन माग। मङ्सिर ४। https://ekantipur.com/news/2025/11/20/23-groups-of-genji-demand-recall-of-prime-minister-saying-government-is-directionless-52-36.html मा उपलब्ध; मङ्सिर २४, २०८२ मा हेरिएको।

[९१] Giri, Anil. 2025. Fallen Gen Z protesters declared martyrs. *The Kathmandu Post*, September 15. https://kathmandupost.com/national/2025/09/15/fallen-gen-z-protesters-declared-martyrs मा उपलब्ध; फागुन १३, २०८२ मा हेरिएको।

## ख. सम्झौता कार्यान्वयनका अवरोधहरू

माथि उल्लिखित कारकहरूले कार्यान्वयनमा सहयोग पुऱ्याए तापनि विभिन्न सीमा एवं अवरोधहरूका कारण अन्तरिम सरकारले सम्झौतालाई पूर्ण रूपमा कार्यान्वयन गर्न सकेन।

### *१. अन्तरिम सरकारको समयसीमा*

अन्तरिम सरकार गठन भएको झन्डै तीन महिनापछि मात्र सरकार र जेन-जी समूहहरूबीच सम्झौता भयो। यो अवधि फागुन २१ को आम निर्वाचनपछि समाप्त हुने गरी तय भएको कुल ६ महिने कार्यकालको झन्डै आधा समय थियो। यसले गर्दा कार्यान्वयनका लागि अत्यन्तै कम मात्र समय उपलब्ध भयो। सम्झौताका प्रावधानको पूर्ण कार्यान्वयनका लागि यो अवधि पर्याप्त थिएन।

सरकारको प्राथमिक जिम्मेवारी नै निर्वाचन गराउनु रहे तापनि मङ्सिर १, २०८२ मा *एकीकृत निर्वाचन सुरक्षा योजना, २०८२* जारी भएपछि निर्वाचनको तयारी थप सघन बन्यो। राजनीतिक परामर्श, सुरक्षा रणनीति, र अन्य प्राविधिक तथा प्रशासनिक तयारीसहित निर्वाचनका लागि अनुकूल वातावरण निर्माण गर्नेतर्फ नै सरकारको ध्यान मोडियो। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गतको सम्झौता कार्यान्वयन समितिका एक सहसचिवले तोकिएको समयभित्र निर्वाचन सम्पन्न गर्ने र निर्वाचित सरकारलाई सत्ता हस्तान्तरण गर्ने विषयलाई नै अन्तरिम सरकारले मुख्य प्राथमिकतामा राखेको बताए।[९२] परिणामतः विशेष गरी संरचनागत सुधारहरूका लागि संविधान संशोधन सुझाव आयोग गठन गर्ने जस्ता सम्झौता कार्यान्वयनतर्फ ध्यान सीमित हुन पुग्यो र कतिपय अवस्थामा यसलाई थाती राखियो।

### *२. प्रतिनिधि सभाको विघटनले निम्त्याएका चुनौतीहरू*

निर्वाचित प्रतिनिधिसभा नहुँदा सम्झौताका कतिपय प्रावधान कार्यान्वयनका लागि चाहिने विधेयक पारित गर्न अन्तरिम सरकार असमर्थ रह्यो। तसर्थ, सरकारले अध्यादेशमा भर पर्नुपर्ने बाध्यता सिर्जना भयो। यसका लागि राष्ट्रपति लगायतका प्रमुख राजनीतिक सरोकारवालाहरूबीच व्यापक राजनीतिक सहमति आवश्यक पर्थ्यो। यस्तो सहमति जुटाउन कठिन भयो। सरकारले निर्वाचनका सन्दर्भमा मतदाता नामावलीसम्बन्धी एउटा मात्र अध्यादेश जारी गऱ्यो। यसले निर्वाचन अगाडि ठूलो सङ्ख्यामा नयाँ मतदाताहरूलाई दर्ता हुने अवसर

[९२] ती सहसचिवसँग माघ १५, २०८२ मा गरिएको कुराकानी।

प्रदान गऱ्यो ।[९३] तर, निर्वाचनसँग सम्बन्धित अन्य प्रावधानहरू जस्तै मतपत्रमा नोटा विकल्प राख्ने र विदेशमा रहेका नेपाली नागरिकहरूलाई मताधिकार दिने काम प्रतिनिधिसभा सक्रिय नहुँदा कार्यान्वयन भएनन् ।[९४]

सार्वजनिक संस्थाहरूलाई राजनीतिक हस्तक्षेपमुक्त बनाउने प्रयासले पनि अवरोधको सामना गर्नुपऱ्यो । प्रधानमन्त्रीलाई त्रिभुवन विश्वविद्यालय र अन्य सार्वजनिक विश्वविद्यालयहरूको कुलपति पदबाट हटाउने प्रस्तावसहित तत्कालीन शिक्षा मन्त्री महावीर पुनको नेतृत्वमा गठित कार्यदलले *एकीकृत उच्च शिक्षा विधेयक* तयार गरेको थियो । तर, मन्त्री पुनको निरन्तर प्रयासका बाबजुद सरकारले सोसम्बन्धी अध्यादेश जारी गर्न सकेन । यसले नेपालका सार्वजनिक विश्वविद्यालयमा व्याप्त अत्यधिक राजनीतिक हस्तक्षेपलाई सम्बोधन गर्ने एउटा महत्त्वपूर्ण अवसर गुमेको तथ्य प्रस्तुत गर्दछ ।

### ***३. मन्त्रीहरू र कर्मचारीबीच समन्वयमा चुनौती***

प्रधानमन्त्री कार्कीले सीमित वा कुनै राजनीतिक अनुभव नभएका गैरदलीय व्यक्तिलाई मन्त्री पदमा नियुक्त गरिन् । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका एक सहसचिवले नेतृत्वदायी भूमिकामा पूर्व अनुभव नभएका मन्त्रीहरू हुँदा कार्यसम्पादन र समन्वय गर्न मन्त्रालयका कर्मचारीलाई कठिनाइ भएको उल्लेख गरे ।[९५] यी सुरुवाती समस्याले सम्झौतालाई अन्तिम रूप दिन ढिलाइ गऱ्यो र पछि कार्यान्वयनको गतिमा समेत असर पाऱ्यो ।

### ***४. जेन-जी आन्दोलनको अनुमोदनमा राजनीतिक दलहरूको उदासीनता***

राजनीतिक दलहरू जेन-जी आन्दोलनका मुद्दालाई पूर्ण रूपमा अनुमोदन गर्न हिचकिचाइरहे । जाँचबुझ आयोगको प्रतिवेदन सार्वजनिक गर्नेलगायत सम्झौताका मुख्य बुँदाहरूमा मात्र सीमित समर्थन जनाए । पूर्व प्रधानमन्त्री र पूर्व गृह मन्त्री लगायतका वरिष्ठ राजनीतिक नेतृत्वहरू

[९३] Awale, Sonia. 2025. Nepal PM expands her cabinet. *Nepali Times*, September 21. https://nepalitimes.com/news/nepal-pm-set-to-expand-her-cabinet मा उपलब्ध; फागुन १३, २०८२ मा हेरिएको ।

[९४] नेपाल सरकार । २०८२ । नेपाल राजपत्र, भाग ५, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना । मङ्सिर २५ । काठमाडौँ : नेपाल सरकार । http://rajpatra.dop.gov.np/welcome/book?ref=26156 मा उपलब्ध; पुस १८, २०८२ मा हेरिएको ।

[९५] ती सहसचिवसँग माघ १५, २०८२ मा गरिएको कुराकानी ।

आयोगमा बयान दिन सुरुवाती चरणमा अनिच्छुक देखिए तापनि पछि सहमत भए। बन्द कोठाका परामर्श र बहुपक्षीय छलफलमार्फत राजनीतिक दलहरूलाई संलग्न गराउने जेन-जी समूहहरूका प्रयासका बाबजुद उनीहरूको औपचारिक सहभागिता बिना नै सम्झौतामा हस्ताक्षर गरियो।[९६] परिणामतः राजनीतिक दलहरूले सम्झौताको संस्थागत स्वामित्व लिएनन् र यसलाई औपचारिक मान्यता पनि दिएनन्।[९७]

एक जेन-जी नेताले सम्झौताको मस्यौदा लेखन र हस्ताक्षर प्रक्रियामा राजनीतिक दलहरूलाई समावेश गर्ने प्रयास गरिएको तर त्यसले मूर्त रूप लिन नसकेको बताए।[९८] दलहरूको अनुपस्थितिले कार्यान्वयन प्रक्रियामा अझै पनि नकारात्मक असर पारिरहेको छ। विशेष गरी नोटा, अन्तर निर्वाचन क्षेत्र मतदान र राजनीतिक दलहरूको प्राइमरी निर्वाचनजस्ता सन्दर्भमा राजनीतिक इच्छाशक्ति अपरिहार्य थियो।

### ५. *बजेट रकमान्तर एवं क्षतिपूर्ति भुक्तानीमा ढिलाइ*

आर्थिक सीमितताले पनि सम्झौता कार्यान्वयनमा बाधा पुऱ्यायो। घाइते व्यक्तिहरूका लागि कृत्रिम अङ्ग र विस्तृत क्षतिपूर्ति तथा राहतका प्रबन्ध लगायतका मुख्य प्रतिबद्धता पूरा गर्न अर्थ मन्त्रालयसँग पूर्व-स्वीकृत बजेट उपलब्ध थिएन। फलस्वरूप, अन्य मन्त्रालयबाट बजेट रकमान्तर गर्ने प्रक्रियाले लामो समय लियो र रकम निकासा ढिलो भयो। गृह मन्त्रालयका एक अधिकारीका अनुसार यी ढिलाइले क्षतिपूर्ति, उपचार सहायता र पुनर्स्थापनाको लागि सहयोग वितरणमा असर पुऱ्यायो।[९९] बाचा र नतिजाबीच तालमेल नहुँदा ढिलाइ भएको भन्दै आक्रोशित घाइते र शहीदका परिवारहरूले सिंहदरबारबाहिर विरोध प्रदर्शनसमेत गरे।[१००]

---

[९६] ती जेन-जी प्रतिनिधिसँग फागुन २०, २०८२ मा गरिएको कुराकानी।

[९७] MyRepública. 2025. Agreement or appeasement? December 12. https://myrepublica.nagariknetwork.com/news/agreement-or-appeasement-21-70.html मा उपलब्ध; फागुन १३, २०८२ मा हेरिएको।

[९८] ती जेन-जी नेतासँग फागुन २०, २०८२ मा गरिएको कुराकानी।

[९९] ती अधिकारीसँग माघ १५, २०८२ मा गरिएको कुराकानी।

[१००] Khabarhub. 2026. Gen-Z injured protesters, families of martyrs stage sit-in at PM's office. January 16. https://english.khabarhub.com/2026/16/516292/ मा उपलब्ध; फागुन १३, २०८२ मा हेरिएको।

# निष्कर्ष

अन्तरिम सरकारले जेन-जी-सरकार सम्झौताका मुख्य प्रावधानहरू विशेष गरी शहीद परिवार र घाइतेहरूको परिपूरण, निर्वाचनसम्बन्धी व्यवस्थापन, डिजिटल सुशासन र पारदर्शिताका व्यवस्था कार्यान्वयन गर्ने दिशामा केही महत्त्वपूर्ण कदमहरू चाल्यो । उच्चस्तरीय न्यायिक छानबिन आयोग, गुनासो सुनुवाइ प्रणाली, डिजिटल सेवाहरूको एकीकरण, र सार्वजनिक परामर्श जस्ता प्रक्रियागत र संस्थागत प्रयासहरू सम्झौताका बृहत्तर उद्देश्यहरूसँग धेरै हदसम्म मिल्दाजुल्दा थिए ।

अन्तरिम सरकारले फागुन २१ गते निर्वाचन सम्पन्न गर्न विशेष ध्यान र प्रशासनिक सामर्थ्य पनि खर्चियो । तथापि, समावेशिता, समानुपातिक प्रतिनिधित्व, राजनीतिक हस्तक्षेपमुक्त सार्वजनिक संस्था र स्थायी जवाफदेही आयोगहरूको स्थापनाजस्ता बृहत्तर सुधारका प्रतिबद्धता कार्यान्वयन गर्नेतर्फ भने गम्भीर रिक्तता कायम रह्यो । अन्तरिम सरकारको सीमित कार्यअवधि र निर्वाचित प्रतिनिधि सभाको अभावका कारण कानूनी संशोधनमार्फत गरिने गम्भीर संस्थागत सुधारका प्रयास सङ्कुचित हुन पुगे । सम्झौताका कतिपय प्रावधानका लागि कानून निर्माण, संसदीय अनुमोदन वा व्यापक राजनीतिक सहमति आवश्यक थियो । यी विषय अन्तरिम सरकार एक्लैले सुनिश्चित गर्न सक्दैनथ्यो । केही क्षेत्रहरूमा ठोस कार्यान्वयनको सट्टा प्रतीकात्मक वा प्रक्रियागत कार्यहरू मात्र भए । परिचयपत्र वितरणमा ढिलाइ, निर्वाचन सम्बन्धी अपूर्ण सुधार, र पारदर्शिताप्रति प्रतिबद्ध हुँदाहुँदै पनि प्रधानमन्त्रीको सचिवालयमा परिवारका सदस्यहरूको नियुक्तिजस्ता कमीकमजोरीले प्रतिबद्धता र कार्यान्वयन बीचको दूरीलाई स्पष्ट पारेको छ ।

अभिव्यक्ति स्वतन्त्रता, डिजिटल सुरक्षा, र प्रस्तावित जेन-जी परिषद्सँग सम्बन्धित कदमहरूले पनि अर्थपूर्ण संस्थागत रूप लिन सकेनन् । धेरैजसो पहल प्रारम्भिक वा परामर्श गर्ने स्तरमा मात्रै सीमित रहे । अन्तरिम सरकारको कार्यकालभित्रै कार्यान्वयन गर्न सकिने सुधारमा

समेत ढिलाइ गरियो भने केहीलाई आंशिक रूपमा मात्र अगाडि बढाइयो । यी त्रुटिहरूलाई ध्यान दिँदै, नवनिर्वाचित सरकारले यस सम्झौताको पूर्ण स्वामित्व ग्रहण गरी यसको दिगो र सघन कार्यान्वयनलाई अगाडि बढाउन आवश्यक देखिन्छ ।[१०१]

---

१०१ कार्यान्वयनको अवस्थाको लागि अनुसूची १ हेर्नुहोस् ।

# सुझावहरू

## १. निर्वाचित सरकार

- जेन-जी आन्दोलनको अपनत्व ग्रहण गर्दै सम्झौताका मुख्य सुधारका प्रतिबद्धतालाई प्राथमिकता दिएर सो सम्झौताको मर्मलाई आत्मसात् गर्ने । यद्यपि, यस सम्झौताले निर्वाचित सरकारका लागि कुनै औपचारिक कानूनी बाध्यता सिर्जना नगरे तापनि यसले राजनीतिक रूपमा महत्त्वपूर्ण सुधारको मार्गचित्र प्रदान गर्दछ । सरकारले सम्भव भएसम्म संसद्मार्फत सम्झौताका निश्चित व्यवस्थालाई औपचारिक रूपमा अङ्गीकार गर्ने वा कानूनी रूपमा समावेश गर्ने सम्बन्धमा विचार गर्नुपर्दछ ।
- जेन-जी र सरकारबीच भएको सम्झौता कार्यान्वयनको अनुगमन तथा समीक्षा गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयअन्तर्गत एक अन्तर-मन्त्रालय समन्वय महाशाखा स्थापना गर्ने ।
- जेन-जी आन्दोलनमा भएका मानवअधिकार उल्लङ्घन तथा दुरुपयोगका घटनाहरूका सम्बन्धमा गठित उच्चस्तरीय न्यायिक छानबिन आयोगले फागुन २४, २०८२ मा अन्तरिम सरकारलाई बुझाएको प्रतिवेदन औपचारिक रुपमै सार्वजनिक गर्ने ।
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग र सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको स्वायत्तता, विश्वसनीयता र निष्पक्षतालाई सुदृढ बनाउने ।
- सम्झौताका मुख्य व्यवस्थाहरू जस्तै : नोटा, विदेशमा रहेका नागरिकहरूको मतदान अधिकार र बृहत्तर समानुपातिक प्रतिनिधित्व कार्यान्वयन गर्न आवश्यक पर्ने संवैधानिक तथा कानूनी सुधारका लागि सम्बन्धित सरोकारवालाहरूलाई संलग्न गराउने ।

## २. जेन-जी समूह

- नवनिर्वाचित सरकारको अपनत्वमा सम्झौताको व्यापक राजनीतिक स्वामित्व सुनिश्चित गर्न राजनीतिक दलहरूसँगको संवाद र सहकार्यलाई निरन्तरता दिने ।
- अन्तरिम र निर्वाचित दुवै सरकारबाट प्रतिबद्धताहरू अक्षरशः पालना भए नभएको सुनिश्चित गर्न सम्झौता कार्यान्वयनको दफावार अनुगमनलाई निरन्तरता दिने ।
- सम्झौताका व्यवस्था कार्यान्वयनमा राजनीतिक दलको समर्थन प्राप्त गर्न उनीहरूसँग सहकार्य गर्ने ।
- सरकारका कामको अनुगमन र सम्झौताको प्रभावकारी कार्यान्वयनका लागि पहल गर्न नागरिक समाजसँग समन्वय गरी एउटा बृहत् जवाफदेहिता सञ्जाल निर्माण गर्ने ।

## ३. नागरिक समाज

- पारदर्शिता र जवाफदेहिता सुधारका सम्बन्धमा साझा धारणा निर्माण गर्न सरकारका प्रतिनिधि, राजनीतिक दल र जेन-जी समूहहरू बीचको संवाद सहजीकरण गर्ने ।
- पारदर्शिता र जवाफदेहिताका सम्बन्धमा जनचेतनामूलक अभियान तथा कार्यक्रम तर्जुमा गरी सञ्चालन गर्न जेन-जी समूहहरू लगायतका गैरराज्य पक्षसँगको सहकार्यमा सञ्जाल निर्माण गर्ने ।
- सरकारमाथि जनदबाब सिर्जना गरी शासन सञ्चालनमा पारदर्शिता र जवाफदेहिता कायम राख्न बहुपक्षीय सञ्जाल उपयोग गर्ने ।

## ४. राजनीतिक दल

- निर्वाचन प्रचारप्रसार खर्चका सम्बन्धमा निर्वाचन आयोगको नियम र निर्देशनको पूर्ण पालना गर्ने ।
- नेपालको संविधान र राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को पालना गर्दै दलको विधान लोकतान्त्रिक, समावेशी र अर्थपूर्ण रूपमा कार्यान्वयन गर्ने ।
- पारदर्शिता र जवाफदेहिताप्रतिको प्रतिबद्धतामाथि जनविश्वास बढाउन सरकार, कर्मचारीतन्त्र, नागरिक समाज र जेन-जी समूहहरूसँग रचनात्मक रूपमा सहभागी हुने ।

- जेन-जी र सरकारबीच भएको सम्झौताको कार्यान्वयनमा सहयोग पुऱ्याउन उल्लिखित सरोकारवालाहरूसँग समन्वय गर्ने ।
- जेन-जी-सरकार सम्झौतालाई आत्मसात् गर्दै दलका सदस्यलाई यसको कार्यान्वयनमा सहयोग गर्न प्रोत्साहन गर्ने ।

# अनुसूची

## अनुसूची १ : जेन-जी जनआन्दोलनका प्रतिनिधि र नेपाल सरकारबीच भएको सम्झौता कार्यान्वयनको अवस्था

| क्र.सं. | सम्झौताको मुख्य बुँदा | उप-बुँदा | कार्यान्वयनका लागि आवश्यक कार्य | कार्यान्वयनको अवस्था | फागुन २०८२ सम्मको अवस्था | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | शहीद तथा घाइतेहरूप्रति सम्मान, न्याय र क्षतिपूर्ति | १.१ जेन-जी आन्दोलनका मृतकलाई शहीद घोषणा गर्ने | • शहीद घोषणा गर्ने<br>• परिवारका माग सम्बोधन गर्ने | पूर्ण | • सरकारद्वारा शहीद घोषणा<br>• परिवारका माग सम्बोधन कार्य जारी | |
| | | १.२ शहीद परिवार र घाइतेको अल्पकालीन/ दीर्घकालीन आवश्यकता सम्बोधन गर्ने | १. उच्च-स्तरीय कार्यदल | आंशिक | गृह मन्त्रालय मातहत समन्वय समिति गठन | निर्णय गर्ने सीमित अधिकार र प्रतीकात्मक |
| | | | २. अन्तरिम राहत | पूर्ण | दुई किस्तामा रु. ३५,००० प्रदान | |
| | | | ३. क्षतिपूर्ति | पूर्ण | ४५ शहीद परिवारसहित ५३ मृतक परिवार प्रत्येकलाई रु. १५ लाख प्रदान | |
| | | | ४. निःशुल्क स्वास्थ्य सेवा तथा परामर्श | आंशिक | २,५९९ घाइतेको निःशुल्क उपचार; १८३ जना अझै उपचाररत; १६ वटा अस्पतालमा 'जेन-जी क्लिनिक' स्थापना | • 'घाइते' र 'गम्भीर घाइते' बीच वर्गीकरण अस्पष्ट र स्वेच्छाचारी<br>• वर्गीकरणका लागि स्पष्ट आधिकारिक निकाय वा प्रक्रिया अभाव<br>• झन्झटिलो प्रशासनिक प्रक्रिया |

| क्र.सं. | सम्झौताको मुख्य बुँदा | उप-बुँदा | कार्यान्वयनका लागि आवश्यक कार्य | कार्यान्वयनको अवस्था | फागुन २०८२ सम्मको अवस्था | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | ५. निःशुल्क शिक्षा | आंशिक | ६३ जना घाइतेलाई छात्रवृत्तिका लागि विश्वविद्यालय अनुदान आयोगलाई सिफारिस गरिएको | |
| | | | ६. रोजगारी | आंशिक | श्रम मन्त्रालयमा सहायता कक्षको स्थापना; नेपाल विद्युत प्राधिकरणद्वारा २७ परिवारलाई रोजगारी दिइएको | |
| | | | ७. सामाजिक सुरक्षा | पूर्ण | शहीद परिवार कल्याणकारी समाजलाई रु. ११ करोड ९० लाख अनुदान दिइएको; १० वर्षसम्म मासिक रु. २१,८०० भत्ता उपलब्ध गराउने | शहीद परिवार कल्याणकारी समाजलाई ७१ लाख निकासा |
| | | | ८. स्मृतिकरण (सम्झना स्वरूप) | आंशिक | नयाँ संसद् भवन परिसरमा जेन-जी शहीदको सालिक राख्ने निर्णय | |

| क्र.सं. | सम्झौताको मुख्य बुँदा | उप-बुँदा | कार्यान्वयनका लागि आवश्यक कार्य | कार्यान्वयनको अवस्था | फागुन २०८२ सम्मको अवस्था | कैफियत |
|---|---|---|---|---|---|---|
| | | १.३ सुशासन/भ्रष्टाचार नियन्त्रणका लागि स्थायी आयोग | १. आयोग गठन गर्ने | नभएको | | नयाँ संयन्त्र नबनाई अदुअआ र सम्पत्ति शुद्धीकरण विभागलाई सुदृढ गर्नेतर्फ जोड |
| २ | पुनरावृत्ति हुन नदिन संस्थागत सुधार र छानबिन | २.१ जाँचबुझ आयोगको कार्यादेश थप गर्ने | १. कार्यादेश थप गर्ने | पूर्ण | मन्त्रिपरिषद्द्वारा असोज ६, २०८२ मा कार्यादेश थप गरिएको | |
| | | फौजदारी जवाफदेहिताका लागि सिफारिस | १. तथ्य पत्ता लगाउने<br>२. अभियोजन सिफारिस गर्ने | नभएको | | प्रतिवेदन बुझाइएको तर सार्वजनिक नगरिएको; आरोपितविरुद्ध कुनै कारबाही सुरु नगरिएको |
| | | आपराधिक र राजनीतिक हिंसाको छानबिन | | नभएको | | |
| | | १५ दिनभित्र थुनामा रहेकाको छानबिन र अनुसन्धान | १.हटलाइन/अनलाइन उजुरी<br>२. विवरणहरूको स्क्रिनिङ | नभएको | ९५५ जना पक्राउ; जसमध्ये ५१० जनाको मात्र मुद्दा दर्ता | पक्राउ गर्ने र मुद्दा दर्ता गर्ने कार्य जारी; संविधानविपरीत र दण्डहिनतालाई प्रश्रय दिने बताउँदै कार्की आयोगले थप कार्यादेश कार्यान्वयन गर्न अस्वीकार |

| क्र.सं. | सम्झौताको मुख्य बुँदा | उप-बुँदा | कार्यान्वयनका लागि आवश्यक कार्य | कार्यान्वयनको अवस्था | फागुन २०८२ सम्मको अवस्था | कैफियत |
|---|---|---|---|---|---|---|
| | | गम्भीर सङ्गठित अपराधमा संलग्न नभएकालाई रिहा गर्ने | १. पहिचान<br>२. रिहाइका लागि सिफारिस | नभएको | प्रतिवेदन र सिफारिस अझै कार्यान्वयन/सार्वजनिक नगरिएको | |
| | | २.२ प्रतिवेदनका आधारमा तत्काल कारबाही | | नभएको | सिफारिसबारे कुनै निर्णय नभएको | |
| | | २.३ राजनीतिक विरोध प्रदर्शनमा संलग्न भएकालाई मुद्दा नचलाउने | | नभएको | प्रतिवेदन कार्यान्वयन नभएको | |
| | | २.४ सुरक्षा क्षेत्र सुधारका लागि संयन्त्र | | नभएको | संयन्त्र गठन नभएको | |
| ३ | राजनीतिक भ्रष्टाचार र दलीय भागबन्डाको अन्त्य | ३.१ भ्रष्टाचार/दलीय भागबन्डाबारे छानबिन गर्न उच्च-स्तरीय आयोग | १. आयोग गठन गर्ने | नभएको | | सरकारले त्यसको साटो विद्यमान निकाय (अदुअआ) को उपयोग गरेको |
| | | क) सार्वजनिक पदाधिकारीको जीवनशैली/सम्पत्ति छानबिन गर्ने | | नभएको | | न आयोग गठन भयो, न त छानबिन |
| | | ख) सार्वजनिक संस्थामा दलीय भागबन्डा अन्त्य गर्ने | | नभएको | | |

| क्र.सं. | सम्झौताको मुख्य बुँदा | उप-बुँदा | कार्यान्वयनका लागि आवश्यक कार्य | कार्यान्वयनको अवस्था | फागुन २०८२ सम्मको अवस्था | कैफियत |
|---|---|---|---|---|---|---|
| | | ग) राजनीतिक कोष/ प्रतिष्ठानको सम्पत्ति छानबिन/राष्ट्रियकरण गर्ने | | नभएको | कुनै छानबिन नगरिएको | |
| | | घ) सेवा प्रवाह सरलीकरण/ई-गभर्नेस | | आंशिक | सुशासन मार्गचित्र (ब्लूप्रिन्ट) अन्तिम चरणमा रहेको | |
| ४ | स्वतन्त्र, निष्पक्ष र भयरहित निर्वाचनको सुनिश्चितता | ४.१ निर्वाचनका लागि कानूनी र प्राविधिक पूर्वाधार | | पूर्ण | निर्वाचन शान्तिपूर्ण; परिमार्जित आचारसंहिता अद्यावधिक; साइबर प्रहरी परिचालन | |
| | | ४.२ मतदाता नामावली सहज दर्ता र आप्रवासीका लागि मतदान | १. दर्ता अभियान | पूर्ण | अध्यादेशमार्फत कानून संशोधन; राष्ट्रिय परिचयपत्रसँग आबद्ध; दर्ता अवधि थपिएको | |
| | | | २. हाल रहेको स्थान/ विदेशबाट मतदान | नभएको | | संसदको अभाव र राजनीतिक सहमति नहुँदा असफल भएको |
| | | ४.३ उम्मेदवारको सम्पत्ति/ खर्चमा पारदर्शिता | | आंशिक | निर्वाचन आयोगद्वारा निर्वाचन खर्चका लागि बैंक खाता अनिवार्य गरिएको | |

| क्र.सं. | सम्झौताको मुख्य बुँदा | उप-बुँदा | कार्यान्वयनका लागि आवश्यक कार्य | कार्यान्वयनको अवस्था | फागुन २०८२ सम्मको अवस्था | कैफियत |
|---|---|---|---|---|---|---|
| | | ४.४ राजनीतिक दलको स्रोत नखुलेको सम्पत्ति राष्ट्रियकरण गर्ने | | नभएको | | संसद् नहुँदा कानून निर्माण नभएको |
| | | ४.५ निर्वाचन प्रणाली सुधार (नोटा, प्राइमरी इलेक्सन, आदि) | क) नोटा<br>ख) प्राइमरी निर्वाचन<br>ग) मतपत्रमा चुनाव चिह्नको क्रमका लागि गोलाप्रथा<br>घ) दलका प्रमुखका लागि दुई कार्यकालको सीमा<br>ङ) अस्वस्थ गठबन्धनको अन्त्य<br>च) पहिलो हुने निर्वाचित हुने प्रणालीमा समावेशी समानुपातिक | नभएको | | संसदको अनुपस्थिति र प्रमुख दलबीच सहमति नहुनाले सबै सुधार असफल भएका |
| ५ | संवैधानिक सुधार | | उच्च-स्तरीय सुझाव आयोग गठन गर्ने | नभएको | | आयोग गठन नभएको; अन्य उपबुँदामा कुनै प्रगति नभएको |

| क्र.सं. | सम्झौताको मुख्य बुँदा | उप-बुँदा | कार्यान्वयनका लागि आवश्यक कार्य | कार्यान्वयनको अवस्था | फागुन २०८२ सम्मको अवस्था | कैफियत |
|---|---|---|---|---|---|---|
| ६ | समानुपातिक समावेशिता | ६.१ सबै संयन्त्रमा समावेशी प्रतिनिधित्व | जेन-जी परिषद्को भूमिका | आंशिक | सरकारले गठन गरेका संयन्त्रमा नव युवा सहभागितालाई प्राथमिकता दिएको | |
| ७ | पारदर्शिता | ७.१ सरकारी निर्णय/ खर्चमा पारदर्शिता | | आंशिक | मन्त्रिपरिषद् र मन्त्रालयका निर्णय वेबसाइट/सामाजिक सञ्जालमार्फत सार्वजनिक गरिएका | |
| | | ७.२ विगतका छानबिन प्रतिवेदन सार्वजनिक गर्ने | | नभएको | | हालैका प्रतिवेदनसमेत सार्वजनिक नगरिएकाले आशंका कायम |
| | | ७.३ सार्वजनिक पदका लागि पारदर्शी छनोट | | आंशिक | प्रहरी प्रमुख, सीबीआईजस्ता नियमित नियुक्तिहरू विवादास्पद नभएको | प्रधानमन्त्री कार्कीको सचिवालयको नियुक्ति पारदर्शी नभएको भन्दै आलोचना |
| ८ | डिजिटल स्वतन्त्रता | ८.१ गैरकानूनी प्रतिबन्ध / नियमन रोक्ने | | आंशिक | सरकारले विवादास्पद सामाजिक सञ्जाल विधेयक २०८१ संसदबाट फिर्ता लिएको | |

| क्र.सं. | सम्झौताको मुख्य बुँदा | उप-बुँदा | कार्यान्वयनका लागि आवश्यक कार्य | कार्यान्वयनको अवस्था | फागुन २०८२ सम्मको अवस्था | कैफियत |
|---|---|---|---|---|---|---|
| | | ८.२ राज्य/तेस्रो पक्षको दुरुपयोगबाट डिजिटल डाटा सुरक्षा | | नभएको | अझै सम्म कुनै पूर्वाधार वा कानूनी सुधार नभएको | |
| ९ | जेन-जी परिषद्को गठन | ९.१ शासकीय सुझाव सल्लाह/निरीक्षणका लागि परिषद् गठन गर्ने | | आंशिक | जेन-जी परिषद् गठन गर्ने मन्त्रिपरिषद्को निर्णय<br>जेन-जी परिषद्को कार्यादेशको मस्यौदा तयार<br>कार्यादेशलाई निर्णयका लागि मन्त्रिपरिषद्मा पेश गर्न पर्ने भएकोले अन्तिम स्वीकृति अझै बाँकी । | |

# अनुसूची २ : जेन-जी जनआन्दोलनका प्रतिनिधि र नेपाल सरकारबीच भएको सम्झौता

**प्रस्तावना**

देशमा व्याप्त भ्रष्टाचार, कुशासन, दण्डहीनता, भेदभाव, बहिष्करण तथा आर्थिक-सामाजिक असमानता र अन्याय जस्ता संरचनात्मक कारणहरूबाट सिर्जित द्वन्द्वको समयमै सम्बोधन नहुँदा उत्पन्न आम वितृष्णा र निराशाले जेन-जीको नेतृत्वमा संवत् २०८२ साल भाद्र २३ र २४ गते भएको राजनीतिक-सामाजिक जनआन्दोलन निम्त्याएको वास्तविकतालाई स्वीकार गर्दै,

जनआन्दोलनका क्रममा जीवन बलिदान गर्ने शहीद, घाइते एवं तिनका समस्त परिवारजनप्रति सम्मान प्रकट गर्दै,

जनआन्दोलनका क्रममा भएका अपूरणीय मानवीय, सामाजिक, मानसिक, भौतिक, आर्थिक तथा अन्य सबै प्रकारका क्षतिप्रति दुःख व्यक्त गर्दै,

जनआन्दोलनको सन्दर्भमा भएका सम्पूर्ण गम्भीर मानव अधिकार उल्लङ्घन तथा हिंसाजन्य ज्यादतीका घटनाहरूको स्वतन्त्र छानबिन गरी सत्य, न्याय, परिपूरण र संस्थागत सुधारका उपाय अवलम्बन गरी दण्डहीनताको अवस्था अन्त्य गर्नुपर्ने अपरिहार्यता बोध गर्दै,

जेन-जीको नेतृत्वमा भएको जनआन्दोलन पश्चात् सिर्जित असाधारण परिस्थितिमा जनआन्दोलनका मागहरू सम्बोधन गर्न एउटा गैरदलीय, पारदर्शी, जवाफदेही, समावेशी र सक्षम अन्तरिम नागरिक सरकारको ऐतिहासिक आवश्यकताको उपजको रूपमा वर्तमान सरकार बनेको तथा जनविश्वास गुमाइसकेको सङ्घीय संसदको प्रतिनिधि सभाको विघटन गरी निर्वाचनको मिति तय गरिएको ऐतिहासिक तथ्यलाई स्वीकार गर्दै,

नेपालमा विभिन्न कालखण्डमा नेपाली जनताले पटक पटक गर्दै आएका ऐतिहासिक जनआन्दोलन, सशस्त्र सङ्घर्ष, नारीवादी आन्दोलन, आदिवासी आन्दोलन, दलित आन्दोलन, मुस्लिम आन्दोलन, मधेश आन्दोलन, थरुहट आन्दोलन लगायतका हरेक आन्दोलनहरूबाट हासिल गरिएको प्रत्येक नागरिकको सम्मानपूर्वक बाँच्न पाउने हक, अभिव्यक्ति तथा साङ्गठनिक स्वतन्त्रता, सङ्घीय लोकतान्त्रिक गणतन्त्र, धर्मनिरपेक्षता, समानतामा आधारित समानुपातिक समावेशी राज्य प्रणाली, सामाजिक र आर्थिक न्याय सुनिश्चित गर्दै नेपाली जनताले संविधान सभा मार्फत जारी गरेको नेपालको संविधानको सान्दर्भिकता र वैधतालाई आत्मसात गर्दै,

नेपाली जनताले प्रयोग गर्ने डिजिटल माध्यमलाई नागरिक अभिव्यक्तिको वैध माध्यमको रूपमा ग्रहण गरी यस जनआन्दोलनका क्रममा आन्दोलनकारीहरूले प्रयोग गरेका नयाँ डिजिटल माध्यम, सांस्कृतिक प्रतीक र सिर्जनात्मक अभिव्यक्तिलाई वैध नागरिक राजनीतिक संलग्नताको रूपमा स्वीकार गर्दै,

सामाजिक, राजनीतिक, धार्मिक, सांस्कृतिक, संरचनागत विभेद तथा आर्थिक शोषणको कारणले सिर्जना भएको वर्गीय, जातीय, लैङ्गिक तथा यौनिक असमानता, गरिबी, सीमान्तीकरण एवं बहिष्करण अन्त्य गर्ने दृढ सङ्कल्प लिँदै,

राज्यका स्रोत साधनसम्म हरेक नेपालीको न्यायिक पहुँच र ती स्रोत साधनको समतामूलक वितरण, बाँडफाँट र दिगो प्रयोग गर्नुपर्ने आवश्यकतामा जोड दिँदै,

सुशासन, समावेशिता र जनसहभागिताका मान्यतामा आधारित सङ्घीयता, स्थानीय स्वायत्तता र विकेन्द्रीकरणको सुदृढीकरणबाट शिक्षा, स्वास्थ्य, रोजगार, आवास, भूमि, भाषा, संस्कृति, लैङ्गिक तथा सामूहिक अधिकारहरूको कार्यान्वयन तथा उद्यमशीलता, नवप्रवर्तन र अन्वेषण राज्यका भावी नीति र कार्यक्रमका मुख्य प्राथमिकता बन्नुपर्ने आवश्यकतामा जोड दिँदै,

जनआन्दोलन पश्चात्को नवनिर्माणका हरेक क्रियाकलापहरूलाई सुशासनका मूल्यमान्यताबाट अनुप्राणित गरी भ्रष्टाचारमुक्त, पारदर्शी, जवाफदेही, चुस्त, मितव्ययी, समावेशी, प्रभावकारी र स्वार्थको द्वन्द्वरहित बनाउने प्रण गर्दै,

नेपाली जनताको सुशासनको तीव्र आकांक्षाबाट प्रेरित भई जेन-जीको नेतृत्वमा भएको जनआन्दोलनबाट प्राप्त जनादेश एवं संविधानले अङ्गीकार गरेका मूल्यमान्यतालाई आत्मसात गर्दै जेन-जी जनआन्दोलनका प्रतिनिधि र नेपाल सरकारबीच यो सम्झौता सम्पन्न गरिएको छ। सम्झौताका उल्लिखित प्रावधानहरूको इमानदारिताका साथ प्रभावकारी कार्यान्वयनका लागि दुवै पक्ष दृढ प्रतिज्ञा व्यक्त गर्दछन्।

## १. शहीद र घाइतेको त्याग तथा बलिदानलाई सम्मान, न्याय तथा अर्थपूर्ण स्मृतीकरण सहितको परिपूरण

१.१ संवत् २०८२ साल भाद्र २३ र २४ गते जेन-जीको नेतृत्वमा भएको जनआन्दोलनको क्रममा तत्कालीन सरकारबाट भएको दमन र व्यापक हिंसाका घटनामा सहादत प्राप्त गर्नु भएका व्यक्तिलाई शहीद घोषणा गर्ने लगायत शहीद परिवारको माग र भावनाको यथाशीघ्र सम्बोधन गर्ने व्यवस्था गरिनेछ।

१.२ शहीद परिवार तथा घाइतेको तत्कालीन र दीर्घकालीन आवश्यकताको यथोचित सम्बोधन गर्न सम्बन्धित शहीद परिवार र घाइतेसँगको परामर्श तथा समन्वयमा तत्काल एक उच्चस्तरीय कार्यदल गठन गरी अन्तरिम राहत, क्षतिपूर्ति, निःशुल्क स्वास्थ्य उपचार तथा मनोसामाजिक परामर्श, निःशुल्क शिक्षा, रोजगारी, सामाजिक सुरक्षा एवं अर्थपूर्ण स्मृतीकरण (मेमोरियलाइजेशन) समेतको परिपूरणीय व्यवस्था सुनिश्चित गरिनेछ।

१.३ जेन-जी आन्दोलनका शहीद परिवार तथा घाइतेको सामूहिक माग अनुरूप मुलुकमा सदाचार तथा सुशासन प्रवर्द्धन, भ्रष्टाचार निवारण तथा दण्डहीनता अन्त्य गर्न छुट्टै स्थायी प्रकृतिको आयोग गठन गरिनेछ।

## २. संवत् २०८२ साल भाद्र २३ र २४ का घटनाको अनुसन्धान, अभियोजन र पुनरावृत्ति हुन नदिन आवश्यक संस्थागत सुधार

२.१ नेपाल सरकारले गठन गरेको संवत् २०८२ साल भाद्र २३ र २४ को घटना सम्बन्धी जाँचबुझ आयोगलाई देहायबमोजिमको कार्यदेश थप गरिनेछ:

(क) यस जनआन्दोलनको क्रममा भएको अत्यधिक बल प्रयोगको परिणामस्वरूप गैरन्यायिक हत्या लगायतका मानव अधिकार उल्लङ्घन सम्बन्धी आरोपहरूको बिना विभेद छानबिन गरी सत्य तथ्य खोज गरी फौजदारी जवाफदेहिता वहन गर्न सिफारिस गर्ने।

(ख) जाँचबुझ, सत्य निरूपण तथा मेलमिलापको मान्यतालाई ध्यानमा राखी उपयुक्त प्रक्रिया अपनाई जनआन्दोलनको प्रकृति तथा संवत् २०८२ साल भाद्र २३ र २४ को विशिष्ट परिस्थितिजन्य अवस्थालाई दृष्टिगत गरी जनआन्दोलनको क्रममा भएका घटना र अन्य व्यक्ति वा समूहले आपराधिक मनसायका साथ सुनियोजित तथा सङ्गठित तरिकाले गरेका हिंसात्मक कार्यहरूको भेदलाई पूर्वाग्रहरहित रूपमा छुट्याई छानबिन गरी प्रतिवेदन पेश गर्ने।

(ग) कसैलाई आन्दोलनमा सहभागी भएकै कारण अनुसन्धान वा अभियोजनको दायरामा पारिएको छ भनी आन्दोलनकारी स्वयं वा निजको तर्फबाट अन्य कसैले अनलाइन, लिखित वा हटलाइनमार्फत उजुरी दिएमा सो सम्बन्धमा सम्बन्धित निकायबाट विवरण झिकाई सो विवरणको आधारमा यो सम्झौता भएको मितिले पन्ध्र दिनभित्र स्क्रिनिङ तथा छानबिन गर्ने।

(घ) स्क्रिनिङ तथा छानबिनबाट सम्बन्धित व्यक्ति ज्यान मार्ने कसुर वा सुनियोजित/सङ्गठित रूपमा कुनै आपराधिक गिरोहद्वारा भएका हुनसक्ने गम्भीर अपराधमा संलग्न रहेको नदेखिएमा पछि जाँचबुझ आयोगको प्रतिवेदन बमोजिम हुनेगरी सो व्यक्तिलाई तत्काल हिरासत/थुनामुक्त गर्न र निजविरुद्ध दायर भएका मुद्दा फिर्ता लिन नेपाल सरकारलाई सिफारिस गर्ने ।

२.२ नेपाल सरकारका सम्बन्धित निकायले माथि उल्लिखित सिफारिस बमोजिमको कारबाही यथाशीघ्र अगाडि बढाउनेछन् ।

२.३ यस जनआन्दोलनसँग सम्बन्धित राजनीतिक विरोधको गतिविधिमा सहभागी भएकै कारण कसैउपर फौजदारी मुद्दाको अनुसन्धान वा अभियोजन गरिने छैन ।

२.४ यस जनआन्दोलन सहित नेपालका विभिन्न आन्दोलनका क्रममा सुरक्षा निकायबाट भएका अन्यायपूर्ण तथा गैरकानूनी बलप्रयोग सम्बन्धी घटनाको आवश्यक जाँचबुझ गरी भविष्यमा यस्ता घटनाको पुनरावृत्ति हुनबाट रोक्नका लागि नेपालको प्रचलित कानून, सुरक्षा निकायका कमीकमजोरी, सुरक्षाकर्मीलाई सामाजिक, मानसिक सुरक्षाको अभाव लगायत अन्य कारणहरू पहिचान गरी सम्बन्धित कानून तथा सुरक्षा निकायमा आवश्यक संस्थागत सुधारका उपायहरूको अध्ययन तथा सिफारिस गर्न छुट्टै संयन्त्र गठन गर्ने र सो संयन्त्रले पेश गर्ने प्रतिवेदन सार्वजनिक गरी प्रतिवेदनमा उल्लिखित सिफारिसहरू तत्काल कार्यान्वयन गरिनेछ ।

## ३. राजनीतिक तथा नीतिगत भ्रष्टाचार, सार्वजनिक संस्थाहरूको दलीयकरण र दलीय भागबण्डाका आधारमा नियुक्ति गरिने प्रचलनको अन्त्य

३.१ राजनीतिक, नीतिगत तथा संस्थागत भ्रष्टाचार, सार्वजनिक संस्थाहरूको दलीयकरण र दलीय भागबण्डाका आधारमा गरिने नियुक्तिको अन्त्य लगायतका देहायका विषयमा निष्पक्ष छानबिन गरी सिफारिस गर्न एक उच्चस्तरीय आयोग गठन गरिनेछ:

(क) सम्पूर्ण सार्वजनिक पदमा नियुक्त, निर्वाचित वा मनोनित व्यक्तिको जीवनशैली, आयस्रोत र अकुत सम्पत्ति आर्जनका सम्बन्धमा दोषीलाई कानून बमोजिमको कारबाही गर्ने प्रक्रिया,

(ख) सार्वजनिक संस्थाहरूको दलीयकरण र भागबण्डाका आधारमा गरिने नियुक्तिको अभ्यास अन्त्य गर्न सम्बन्धित नीति र कानूनमा गर्नुपर्ने सुधार तथा मौजुदा कानूनको प्रभावकारी कार्यान्वयनको विषय,

(ग) विभिन्न सार्वजनिक पद धारण गरेका व्यक्ति तथा राजनीतिक दलले आफ्ना नेताहरूको नाउँमा सार्वजनिक जग्गा, सम्पत्ति र बजेटको प्रयोग गरी देशभर सञ्चालन गरेका प्रतिष्ठान, कोष, ट्रष्ट, परिषद् केन्द्र जस्ता निकायको कार्य तथा आर्थिक गतिविधि छानबिन गरी सम्बन्धित संस्थाले सार्वजनिक हित र उद्देश्य विपरीत वा गैरकानूनी गतिविधि गरेको पाइएमा यस्ता निकायलाई खारेज गरी सम्पत्ति राष्ट्रियकरण गर्ने विषय,

(घ) नेपालको सार्वजनिक निकायमा हुने अनियमितता तथा भ्रष्टाचार निवारण, प्रशासकीय प्रणालीको पुनःसंरचना, सार्वजनिक सेवा प्रवाहको सरलीकरण, सहज पहुँच, गुनासो सुनुवाईको व्यवस्था र विद्युतीय सुशासन प्रवर्द्धन लगायतका विषय।

## ४. स्वतन्त्र, निष्पक्ष, शान्तिपूर्ण र भयरहित निर्वाचनको सुनिश्चितता

४.१ आगामी प्रतिनिधि सभा तथा हरेक तहका निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष, शान्तिपूर्ण, सबैका लागि पहुँचयुक्त र भयरहित बनाउन प्राथमिकताका साथ आवश्यक कानूनी, प्राविधिक तथा संस्थागत पूर्वाधार विकास गरी कार्यान्वयन गरिनेछ।

४.२ योग्य नेपाली नागरिक मतदाताको रूपमा नाम दर्ता गर्ने अभियानलाई सहज र प्रभावकारी बनाइनेछ। बेजिल्ला तथा अन्तरनिर्वाचन क्षेत्रमा अस्थायी रूपमा बसोबास गर्ने मतदातालाई निजहरू रहेकै जिल्लाबाट आसन्न निर्वाचनमा नै मतदान गर्ने व्यवस्था गरिनेछ। संसारका विभिन्न देशमा औपचारिक तथा अनौपचारिक रूपमा श्रम गर्ने प्रवासी नेपाली नागरिकहरू, पेशा व्यवसायमा रहेका र प्रवासी नेपाली विद्यार्थीहरूको मताधिकार सुनिश्चित गर्न नीतिगत, कानूनी तथा संस्थागत पूर्वाधार विकासको प्रक्रिया अगाडि बढाइनेछ।

४.३ निर्वाचनमा मनोनयन दर्ता गर्दाकै बखत उम्मेदवारले आफ्नो सम्पत्ति विवरण समेत बुझाउनु पर्ने लगायत राजनीतिक दल र उम्मेदवारको खर्च पारदर्शी बनाउन कानूनमा संशोधन गरिनेछ।

४.४ सबै राजनीतिक दलका सम्पत्ति तथा आर्थिक स्रोतको विवरण अनिवार्य रूपमा मागी सो उपर छानबिन गरी स्रोत नखुलेको सम्पत्ति राष्ट्रियकरण गरी दोषी उपर कारबाही गर्न आवश्यक कानूनी प्रबन्ध गरिनेछ।

४.५ निर्वाचन प्रणाली सुधारका लागि माथि उल्लिखित कुराका अतिरिक्त प्रचलित कानूनमा तत्काल संशोधन गरी निम्न व्यवस्था लागू गरिनेछ:

(क) मतपत्रमा “माथिका कसैलाई मतदान गर्दिन (NOTA)” विकल्प राखिनेछ।

(ख) राजनीतिक दलभित्र अनिवार्य रूपमा प्राथमिक प्रतिस्पर्धा (प्राइमरी इलेक्सन) गरी छनोट भएको व्यक्ति मात्र निर्वाचनको लागि उम्मेदवार हुन पाउने कानूनी व्यवस्था गरिनेछ।

(ग) निर्वाचन आयोगद्वारा तयार गरिने मतपत्रमा दल/उम्मेदवारको क्रमाङ्क गोला प्रथाबाट निर्धारण गरिनेछ।

(घ) राजनीतिक दलमा अध्यक्ष वा सभापति अधिकतम दुई कार्यकालका लागि मात्रै हुन सक्ने प्रबन्ध गरिनेछ।

(ङ) निर्वाचन प्रयोजनका लागि मात्रै हुने अस्वस्थ गठबन्धन नियन्त्रणको लागि कानूनी प्रबन्ध गरिनेछ।

(च) आगामी निर्वाचनमा “पहिलो हुने निर्वाचित हुने” निर्वाचन प्रणालीमा समेत उम्मेदवार चयन गर्दा समानुपातिक समावेशी सिद्धान्तको पालना गर्न कानूनी प्रबन्ध गरिनेछ।

## ५. नेपालको संविधानमा गर्नुपर्ने सुधार

५.१ नेपालको संविधानले सुनिश्चित गरेको सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्त, प्रतिस्पर्धात्मक सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक बहुदलीय व्यवस्था, धर्मनिरपेक्षता, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानवअधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता, स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका तथा कानूनी राज्यका आधारभूत मूल्य मान्यताहरूलाई अक्षुण्ण राख्दै सुशासन कायम गर्न, संविधानको प्रभावकारी कार्यान्वयन मार्फत सामाजिक-आर्थिक रूपान्तरण तथा समतामूलक समृद्धि, दिगो शान्ति र दिगो विकासका वाचा पूरा गर्न तथा बदलिँदो परिप्रेक्ष्यमा नेपाली जनताको सामूहिक विवेक र आकाङ्क्षालाई समेट्न गर्नु पर्ने संवैधानिक, कानूनी तथा संस्थागत सुधारका विषयहरूको पहिचान, अध्ययन र विश्लेषण गरी अग्रगामी परिवर्तनका लागि सुझाव सहितको प्रतिवेदन पेश गर्न स्वतन्त्र विज्ञ, जेन-जी र युवा सहित सरोकारवालाहरूको सहभागिता रहने गरी एक उच्चस्तरीय 'संविधान संशोधन सुझाव आयोग' गठन गरिनेछ।

५.२ उल्लिखित आयोगले स्थानीय, प्रदेश र सङ्घीय तहमा व्यापक बहस, संवाद, अन्तरक्रिया तथा नागरिक परामर्श गरी सुझाव सहितको प्रतिवेदन तयार गर्नेछ।

५.३ संविधान संशोधन सुझाव आयोगको कार्यदेशमा अन्य कुराका अतिरिक्त निम्नानुसारका विषयवस्तु समेत तोकिनेछ:

(क) संविधान कार्यान्वयनका दस वर्षको सिंहावलोकन गरी कार्यान्वयनका उपलब्धि र कमीकमजोरी पहिचान गर्ने तथा कार्यान्वयनको प्रभावकारिताका लागि ठोस सुझाव दिने,

(ख) सुशासन कायम गर्न, अख्तियारको दुरुपयोग तथा भ्रष्टाचार निवारण गर्न, स्वार्थको द्वन्द्वको निराकरण गर्न, संविधानको कार्यान्वयनलाई प्रभावकारी बनाउने उपाय खोज्न तथा बदलिँदो परिप्रेक्ष्यमा नेपाली जनताको सामूहिक विवेक र आकाङ्क्षाको समीक्षा गरी समयानुकूल संविधान संशोधनका लागि सुझाव दिने,

(ग) माथि प्रकरण १.३ बमोजिमको आयोगलाई संवैधानिक हैसियत प्रदान गर्ने सम्बन्धमा सुझाव दिने,

(घ) सङ्घीय संसद एवं प्रदेश सभाको संरचनाको सम्बन्धमा स्थानीय, प्रदेश र केन्द्रस्तरमा बहस एवं अन्तरक्रिया मार्फत सुझाव सङ्कलन गरी देहायका विषयमा सिफारिस सहितको प्रतिवेदन पेश गर्ने : (१) जनसङ्ख्याको आधारमा पूर्ण समानुपातिक तथा समावेशी प्रतिनिधित्व सुनिश्चित गर्न निर्वाचन प्रणालीमा आवश्यक सुधार, (२) अधिकतम परिपूरणीय, अधिकारपूर्ण र अर्थपूर्ण प्रतिनिधित्वको सिद्धान्तलाई आत्मसात गर्दै महिला, दलित, आदिवासी जनजाति, मधेसी, थारू, मुस्लिम, पछाडि पारिएका वर्ग, अल्पसङ्ख्यक, सीमान्तकृत, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक रूपमा विविध पहिचान गर्ने समुदाय, किसान, श्रमिक, उत्पीडित वा पछाडि पारिएका क्षेत्रका नागरिक तथा आर्थिक रूपमा विपन्न खस आर्य लगायतको प्रतिनिधित्व सुनिश्चित गर्न सुधारात्मक व्यवस्था, (३) राज्यको राष्ट्रप्रमुख, तीनै तहका सरकारका कार्यकारी प्रमुख र मन्त्रिपरिषद्का सदस्यको कार्यकाल १० वर्षमा नबढ्ने गरी दुई पूर्ण कार्यकालसम्म सीमित गर्ने विषय, (४) प्रतिनिधि सभा, प्रदेश सभा र स्थानीय तहको जनप्रतिनिधिका लागि उम्मेदवार हुन न्यूनतम उमेर २१ वर्ष राख्ने विषय, (५) न्यायपालिका, संवैधानिक परिषद्, संवैधानिक आयोग र न्यायपरिषद्लाई राजनीतिक तथा दलीय हस्तक्षेपबाट पूर्ण रूपमा मुक्त राख्न र स्वायत्त तथा स्वतन्त्र ढङ्गले कार्यसम्पादन गर्न सक्षम बनाउन र राज्यका संरचनामा युवाहरूको प्रतिनिधित्व र सहभागिता सुनिश्चित

गर्न उक्त आयोगहरूको संरचना तथा पदाधिकारी नियुक्तिको प्रक्रियामा सुधार, (६) राजनीतिक दलहरूको आन्तरिक समावेशी लोकतन्त्र र सुशासनका क्षेत्रमा गर्नुपर्ने सुधारका उपाय।

## ६. पूर्ण समानुपातिक समावेशिता र सहभागितामूलक प्रतिनिधित्व

६.१ यो सम्झौता बमोजिम बन्ने संयन्त्रहरूमा यथाशक्य समावेशिता सुनिश्चित गरिनेछ। राज्यका संयन्त्रहरूमा अधिकतम परिपूरणीय, अधिकारपूर्ण र अर्थपूर्ण प्रतिनिधित्वका सिद्धान्तका आधारमा महिला, दलित, आदिवासी जनजाति, मधेसी, थारू, मुस्लिम, पछाडि पारिएका वर्ग, अल्पसङ्ख्यक, सीमान्तकृत, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक रूपमा विविध पहिचान गर्ने समुदाय, किसान, श्रमिक, उत्पीडित वा पछाडि पारिएका क्षेत्रका नागरिक तथा आर्थिक रूपमा विपन्न खस आर्य लगायतको प्रतिनिधित्व सुनिश्चित गर्न यस सम्झौता बमोजिम गठन हुने जेन-जी परिषद्ले सल्लाहकारको भूमिका निर्वाह गर्नेछ।

## ७. पारदर्शिता

७.१ पारदर्शी र जवाफदेही सरकारको अवधारणा अनुरूप सरकारले आफ्ना कामकारबाही, निर्णय तथा खर्चमा पारदर्शिता सुनिश्चित गर्नका लागि विधि, प्रक्रिया, कानून, प्रविधि तथा संयन्त्रहरूमा आवश्यक सुधार, समायोजन र परिमार्जन गर्नेछ। सरकारका यस्ता निर्णय तथा कार्यलाई सूचनापाटी, वेबसाइट, सामाजिक सञ्जाल र आम प्रयोगमा रहेका सूचना तथा सञ्चारका माध्यम मार्फत समेत सर्वसाधारणको सहज पहुँचमा पुर्‍याउने व्यवस्था मिलाइनेछ।

७.२ नेपालमा विगतमा भएका मानवअधिकार उल्लङ्घन तथा हिंसाका घटना र भ्रष्टाचारसँग सम्बन्धित छानबिन लगायतका विषयमा अध्ययन अनुसन्धान गर्न गठन गरिएका सम्पूर्ण छानबिन, जाँचबुझ आयोगका प्रतिवेदन प्रचलित कानूनको अधीनमा रही सार्वजनिक गरिनेछ।

७.३ नेपाल सरकारको सार्वजनिक पदहरूमा हुने सबै नियुक्तिका लागि पारदर्शी, प्रतिस्पर्धी र विश्वसनीय छनोट प्रक्रिया सुनिश्चित गर्न, अवसरको समानता सुनिश्चित गर्न तथा नातावाद, कृपावाद र भेदभावको अवस्था अन्त्य गर्न जेन-जी लगायत सरोकारवालासँग परामर्श गरी आवश्यक उपायहरू अवलम्बन गरिनेछ।

## ८. अभिव्यक्ति स्वतन्त्रता र डिजिटल स्वतन्त्रता

८.१ इन्टरनेट र डिजिटल माध्यममा अभिव्यक्ति, सूचना प्रवाह र संवादमा कुनै किसिमको स्वेच्छिक, गैरकानूनी नियमन, निषेध वा पूर्वाग्रही सेन्सरसिप हुन नदिन आवश्यक कानूनी, भौतिक र प्राविधिक पूर्वाधारको व्यवस्था गरिनेछ।

८.२ सर्वसाधारण नागरिकको डिजिटल तथ्याङ्क (डेटा) माथि राज्य वा तेस्रो पक्षको तर्फबाट गैरकानूनी निगरानी र दुरुपयोग हुन नदिने गरी कानूनी, भौतिक र प्राविधिक सुधार सहित आवश्यक पूर्वाधारको व्यवस्था गरिनेछ।

## ९. जेन-जी परिषद्को गठन

९.१ जेन-जी आन्दोलनको मर्म र भावना अनुसार शासन व्यवस्था सञ्चालनमा सरकारलाई योगदान गर्न, खबरदारी गर्न, सुशासन, दिगो विकास तथा समृद्धिका लागि नेपाल सरकारलाई सल्लाह, सुझाव र सहयोग प्रदान गर्नका लागि जेन-जी परिषद् गठन गरिनेछ।

## १०. सम्झौता लागू हुने मिति र सम्झौताको कार्यान्वयन

१०.१ दुवै पक्षका प्रतिनिधिद्वारा हस्ताक्षर भएको मितिदेखि यो सम्झौता लागू हुनेछ।

१०.२ यो सम्झौताको कार्यान्वयन जेन-जी जनआन्दोलनका प्रतिनिधि र नेपाल सरकारको आपसी सहमतिमा हुनेछ।

१०.३ यो सम्झौताको अधीनमा रहेर दुवै पक्षको सहमतिमा अन्य सम्झौता गर्न बाधा पुगेको मानिने छैन।

**जेन-जी जनआन्दोलनका प्रतिनिधिको तर्फबाट :** भोज विक्रम थापा समेत एक सय बयालिस जना

**नेपाल सरकारको तर्फबाट :** सुशीला कार्की, प्रधानमन्त्री

***डीआसीएनबारे***

सन् २०१४ मा स्थापित डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन) सामाजिक र राजनीतिक विषयमा अध्ययन-अनुसन्धान गर्ने राष्ट्रिय गैर-सरकारी संस्था हो । स्थापनाकालदेखि यस संस्थाले नेपालको सङ्क्रमणकालीन राजनीतिमा सङ्घीयता कार्यान्वयनको प्रक्रिया, स्थानीय तह पुनःसंरचना, निर्वाचन पर्यवेक्षण, जस्ता विषयमा स्थलगत र तथ्यमा आधारित अध्ययन-अनुसन्धान गरेको छ । डीआरसीएनले अध्ययन-अनुसन्धानका निष्कर्ष सरोकारवालाहरूसँग प्रस्तुत गर्ने, छलफल र बहस पनि चलाउने गरेको छ । यस्ता अनुसन्धान कार्य र बहसमार्फत नेपालको संघीय संरचना अन्तर्गत प्रभावकारी शासन पद्धतिको प्रवर्द्धन गर्नु डीआरसीएनको लक्ष्य हो ।

***डीआसीएनबारे***

सन् २०१४ मा स्थापित डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन) सामाजिक र राजनीतिक विषयमा अध्ययन-अनुसन्धान गर्ने राष्ट्रिय गैर-सरकारी संस्था हो । स्थापनाकालदेखि यस संस्थाले नेपालको सङ्क्रमणकालीन राजनीतिमा सङ्घीयता कार्यान्वयनको प्रक्रिया, स्थानीय तह पुनःसंरचना, निर्वाचन पर्यवेक्षण, जस्ता विषयमा स्थलगत र तथ्यमा आधारित अध्ययन-अनुसन्धान गरेको छ । डीआरसीएनले अध्ययन-अनुसन्धानका निष्कर्ष सरोकारवालाहरूसँग प्रस्तुत गर्ने, छलफल र बहस पनि चलाउने गरेको छ । यस्ता अनुसन्धान कार्य र बहसमार्फत नेपालको संघीय संरचना अन्तर्गत प्रभावकारी शासन पद्धतिको प्रवर्द्धन गर्नु डीआरसीएनको लक्ष्य हो ।

भदौ २३ र २४, २०८२ को जेन-जी जनआन्दोलनपछि अन्तरिम सरकार र आन्दोलनका प्रतिनिधिबीच मङ्सिर २४, २०८२ मा १० बुँदे ऐतिहासिक सम्झौता सम्पन्न भयो। यसले न्याय, संस्थागत सुधार, संविधान संशोधन र समावेशी निर्वाचन प्रणालीसम्मका विस्तृत प्रतिबद्धता बोकेको थियो । तिनलाई कार्यान्वयन गर्न अन्तरिम सरकारले कस्ता निर्णय गऱ्यो ? ती निर्णयअनुरूप कामकारवाही भए या भएनन् ? र सम्झौताका उद्देश्यसँग तिनको तादात्म्य कति रह्यो ? यी प्रश्नको तथ्यपरक जवाफ यो प्रतिवेदन ***जेन-जी–सरकार सम्झौताबारे अन्तरिम सरकारका निर्णय र कार्य***ले खोतलेको छ।

डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन) को यस अध्ययनले मन्त्रिपरिषद्का निर्णय, सरकारी कदम, सम्बन्धित कानुनी तथा नीतिगत दस्तावेज र सरोकारवालासँगको अन्तर्वार्ताका आधारमा सम्झौता कार्यान्वयनको उपलब्धि, सीमितता र चुनौती मूल्याङ्कन गरेको छ । यस प्रतिवेदनले सङ्क्रमणकालीन शासनका अनुभवबाट सिक्दै निर्वाचित सरकार, राजनीतिक दल, जेन-जी समूह तथा नागरिक समाजका लागि उपयोगी सुझाव प्रस्तुत गरेको छ । नीति निर्माता, अनुसन्धानकर्ता, सञ्चारकर्मी र समावेशी तथा जवाफदेही शासनमा चासो राख्ने सबैका लागि यो प्रतिवेदन उपयोगी हुनेछ।

DEMOCRACY
RESOURCE CENTER

**Democracy Resource Center Nepal (DRCN)**
www.democracyresource.org